सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


# नयाँ पत्रिका

nayapatrikadaily.com

१९ चैत २०८२, बिहीबार (2 Apr 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३४३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

## बोलपत्र प्रणाली नै ह्याक गरेर अर्बौंका ठेक्का कब्जा

सार्वजनिक खरिद अनुगमन कार्यालयको ठेक्का प्रणाली नै ह्याक गरेर ठुला ठेक्का कब्जा गर्दै आएको प्रारम्भिक छानबिनमा देखिएपछि विस्तृत अनुसन्धान गर्दै सिआइबी





● **रामप्रसाद आचार्य**
प्रवक्ता, सार्वजनिक खरिद अनुगमन कार्यालय

हाम्रो प्रणालीमा शंकास्पद गतिविधि देखिएपछि छानबिनका लागि प्रहरीलाई पत्राचार गरेका छौं। तीन-चारवटै ठेक्कामा अनधिकृत पहुँच भएको प्रारम्भिक ठम्याइ छ। प्रहरीको अनुसन्धानपछि नै यसबारे विस्तृत खुल्ला।



● **एआइजी मनोज केसी**
प्रमुख, केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)

सार्वजनिक खरिद अनुगमन कार्यालयबाट पत्र आएपछि दुई महिनादेखि विस्तृत अनुसन्धान गरिरहेका छौं। यो अलि जटिल विषय छ। अनुसन्धान सकिएपछि मात्र के भएको ठ्याक्कै भन्न सक्छौं।

**नवराज मैनाली**/नयाँ पत्रिका

सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन प्रणालीमा अनधिकृत रूपमा पहुँच पुऱ्याएर ठुला सरकारी ठेक्का कब्जा भइरहेको प्रारम्भिक छानबिनले देखाएको छ। कार्यालयले आफ्नो प्रारम्भिक छानबिनमा चार ठुला ठेक्का ह्याक गरी कब्जा गरेको देखिएपछि विस्तृत अनुसन्धानका लागि प्रहरीमा पठाएको छ।

**सार्वजनिक खरिद अनुगमन कार्यालयले बोलपत्रडटकमडटएनपीमार्फत अनलाइन बोलपत्रको व्यवस्थापन गर्दै आएको छ। सोही वेबसाइटमा ठेकेदारहरूले बोलपत्र प्रविष्ट गर्नुपर्ने हुन्छ। तर, केही गिरोहले बोलपत्रको प्रणाली ह्याक गरी अरूले पेस गरेको बोलपत्र हेर्ने गरेका थिए। बोलपत्र पेस गर्न तोकिएको समयभन्दा केही मिनेट मात्र अगाडि सबैको भन्दा कम हुने गरी आफ्नो आर्थिक प्रस्ताव राखेर ठेक्का कब्जा गर्दै आएको कार्यालयको प्रारम्भिक छानबिनले देखाएको छ। कार्यालयको सिफारिसमा अहिले सिआइबीले थप अनुसन्धान गरिरहेको छ।**

कार्यालयको पत्रका आधारमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र साइबर ब्युरोले दुई महिनादेखि अनुसन्धान गरिरहेका छन्। हालसम्मको अनुसन्धानले सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन सिस्टममा अनुचित पहुँच (ह्याकिङ) पुऱ्याएको प्रशस्त प्रमाण भेटिएका छन्। प्रणालीमा पहुँच पुऱ्याएर अन्य कम्पनीको बोलपत्रको आर्थिक प्रस्ताव हेर्ने र त्योभन्दा कममा आफूले प्रस्ताव हालेर ठेक्का कब्जा गर्ने प्रवृत्ति देखिएको सार्वजनिक खरिद अनुगमन कार्यालयका एक अधिकारीले बताए।

सुरुमा यस विषयमा कार्यालयको आइटी टिमले छानबिन गरेको थियो। जसक्रममा प्रणालीमा अनधिकृत गतिविधि देखिएपछि विस्तृत छानबिनका लागि प्रहरीलाई पत्राचार गरिएको कार्यालयका प्रवक्ता रामप्रसाद आचार्यले बताए। 'हाम्रो प्रणालीमा शंकास्पद गतिविधि देखिएपछि छानबिनका लागि प्रहरीलाई पत्राचार गरेका छौं,' उनले भने, 'तीन-चारवटै ठेक्कामा अनधिकृत पहुँच भएको प्रारम्भिक ठम्याइ छ। प्रहरीको अनुसन्धानपछि नै यसबारे विस्तृत खुल्ला।'

» पृष्ठ २ मा क्रमशः

# नवनिर्वाचित संसद्को पहिलो बैठक आज

२१ फागुनको निर्वाचनमार्फत आएको प्रतिनिधिसभाको पहिलो बैठक आज दिउँसो २ बजे सिंहदरबारस्थित संघीय संसद् भवनको बहुउद्देश्यीय हलमा बस्दै, दलका शीर्ष नेताहरूले सम्बोधन गर्नेलगायतका कार्यसूची तय

### पहिलो बैठकमा को-को बोल्दै छन् ?

ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले आफ्नो शुभकामना मन्तव्य दिएपछि प्रतिनिधिसभाको पहिलो बैठकमा दलका शीर्ष नेता वा संसदीय दलका नेताले सम्बोधन गर्दै छन्। रास्वपाबाट सभापति रवि लामिछाने, कांग्रेसका भीष्मराज आङ्देम्बे वा मोहन आचार्य, एमालेबाट रामबहादुर थापा बादल, नेकपाका वर्षमान पुन, श्रम संस्कृतिबाट हर्क साम्पाङ र राप्रपाबाट ज्ञानेन्द्र शाही बोल्ने तय भएको छ। स्वतन्त्र सांसद महावीर पुनले पनि बोल्ने समय पाउनेछन्।

### गृहमन्त्री गुरुङले अध्यादेश पेस गर्ने

गृहमन्त्री सुदन गुरुङले निर्वाचनसम्बन्धी अध्यादेश पेस गर्ने कार्यसूची छ। उनले अघिल्लो सरकारले ल्याएको मतदाता नामावली, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन पहिलो संशोधन र नेपाल विशेष सेवा दोस्रो संशोधन अध्यादेश पेस गर्नेछन्। बैठकमा प्रधानमन्त्री र मन्त्रीहरू उपस्थित हुने जनाइएको छ।

■ **राष्ट्रिय सभाको २०औं अधिवेशन पनि बिहीबारै सुरु हुँदै**

**कमलराज भट्ट**/नयाँ पत्रिका

जेन-जी आन्दोलनको म्यान्डेट बोकेर आएको प्रतिनिधिसभाको पहिलो बैठक बिहीबार बस्दै छ। सिंहदरबारस्थित संघीय संसद् भवनको बहुउद्देश्यीय हलमा दिउँसो २ बजे बैठक बस्न लागेको हो। पहिलो बैठकमा दलका शीर्ष नेताहरूले

» पृष्ठ २ मा क्रमशः



## ■ आइतबार सभामुखको निर्वाचन
## रास्वपाले डिपी अर्याललाई पठाउने तयारी

सभामुख चयनका लागि आइतबार निर्वाचन हुने तय भएको छ। ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीको अध्यक्षतामा बुधबार बसेको सर्वदलीय बैठकले सभामुखको निर्वाचन २२ चैतमा गर्ने निर्णय गरेको छ। निर्णयको जानकारी बिहीबार बस्ने प्रतिनिधिसभाको पहिलो बैठकमा गराइनेछ। त्यसपछि निर्वाचनको सूचना प्रकाशित गरिनेछ। संसद्को पहिलो बैठक बसेको मितिले १५ दिनभित्र सभामुख र उपसभामुख निर्वाचित गरिसक्नुपर्ने संवैधानिक व्यवस्था छ। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले सभामुखको निर्वाचन २२ चैतमा गर्ने निर्णय भएको र २० चैतमा उम्मेदवारी मनोनयन दर्ता गराउने कार्यतालिका बनाइएको बताए।



संसद्को पहिलो दल रास्वपाका महामन्त्री कवीन्द्र बुर्लाकोटीले सभामुख रास्वपाकै तर्फबाट हुने बताए। 'संसद्को बहुमत प्राप्त ठुलो दल भएकाले सभामुख रास्वपाकै तर्फबाट हुन्छ। को हुने भन्ने छलफलमा छौं,' उनले भने। रास्वपाका नेताहरूका अनुसार उपसभापति डिपी अर्याल सभामुख हुने पक्कापक्की छ। गृहमन्त्रीमा दाबी गरेका अर्यालले उक्त पद नपाएपछि सभामुखको जिम्मेवारी सम्हाल्न लागेका हुन्। अर्यालले आजभोलि नै दलको सम्पूर्ण जिम्मेवारी त्याग्ने तयारी गरेका छन्। सभामुख पद निष्पक्ष र स्वतन्त्र भएकाले उम्मेदवार हुनुअघि पार्टीको सबै जिम्मेवारी त्याग्ने अभ्यास छ। महामन्त्री बुर्लाकोटीका अनुसार उपसभामुख कुन दललाई दिने भन्ने टुंगो लागिसकेको छैन। संविधानमा सभामुख र उपसभामुख फरक दल र फरक लिंगको हुनुपर्ने व्यवस्था छ। 'पहिला सभामुखको टुंग्याउँछौं, त्यसपछि मात्र उपसभामुखबारे छलफल हुन्छ। यद्यपि, उपसभामुखबारे पनि अनौपचारिक छलफल गरिरहेका छौं,' उनले भने।

## ■ एमालेमा युवा सुहाङलाई रोकेर ७० वर्षका बादललाई बनाइयो दलको नेता

**दलको नेताका लागि उम्मेदवार मनोनयन फारम लगेका सुहाङ नेम्वाङ शीर्ष नेताहरूको हस्तक्षेप भएपछि पछाडि हटे**



रामबहादुर थापा 'बादल'



सुहाङ नेम्वाङ

सुहाङलाई रोकिएपछि उपमहासचिव योगेश भट्टराईको टिप्पणी



**...एमालेको व्यापक पुनर्गठनमार्फत बलियो एकता बनाउँदै जनविश्वास जागृत गर्नुपर्ने वेलामा संसदीय दलको नेता छान्न जुन तरिका र शैली अपनाइयो यसबाट सिंगो पार्टीपंक्तिलाई थप चिन्तित बनाएको छ। केही दिनको समय लिएर पार्टी नेतृत्व र माननीय सांसदहरूका बिचमा छलफलका माध्यमबाट उच्चस्तरको समझदारीमा पुगुको सट्टा सांसदहरूलाई दबाबमा राखेर जे गरियो यो राम्रो भएन।**

**संसद्को पहिलो बैठकमा एमालेले ओली पक्राउको विरोध गर्ने, तर सदन अवरोध नगर्ने**

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

इलाम २ बाट दोस्रोपटक प्रत्यक्ष जित निकालेर सांसद भएका युवा सुहाङ नेम्वाङलाई 'आन्तरिक प्रतिस्पर्धा'मै रोकेर एमालेले समानुपातिक सांसद रहेका उपाध्यक्ष रामबहादुर थापा बादललाई संसदीय दलको नेता चयन गरेको छ। एमालेभित्र ४० वर्षमुनिका युवा सुहाङलाई दलको नेता बनाउनुपर्ने मत उठेकै वेला शीर्ष नेताहरूले उनलाई पन्छाएर ७० वर्षीय बादललाई संसदीय मोर्चाको

» पृष्ठ २ मा क्रमशः

# सम्पत्ति शुद्धीकरणमा दीपक भट्टलाई कारबाही गर्न बिमा प्राधिकरणको पनि सिफारिस

**हिमालयन रि-इन्स्योरेन्स र यसका सहायक कम्पनीबाट तीन अर्ब ८१ करोड दुरुपयोग गरी नेपाल रि-इन्स्योरेन्सलगायत कम्पनीको सेयर किनेको पुष्टि**

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

सम्पत्ति शुद्धीकरण विभागले पाँच अर्बभन्दा बढीको बिगो दाबी गरेर मुद्दा चलाउने तयारी गरेका 'बिचौलिया' दीपक भट्टले हिमालयन रि-इन्स्योरेन्स र यसका सहायक कम्पनीबाट तीन अर्ब ८१ करोड दुरुपयोग गरी नेपाल रि-इन्स्योरेन्सलगायत कम्पनीको सेयर किनेको पुष्टि भएको छ। बिमा प्राधिकरणले छानबिन गरेर आर्थिक दुरुपयोग पुष्टि गर्दै भट्टमाथि कारबाहीका लागि सम्पत्ति शुद्धीकरण विभागलाई सिफारिस गरेको हो। प्राधिकरणले भट्टलाई सिआइबीबाट थप अनुसन्धान गर्नुपर्ने रायसमेत दिएको छ।



दीपक भट्ट

सिआइबीबाट पनि अनुसन्धान गर्न सिफारिस

भट्टले दोस्रो बजारबाट नेपाल रि-इन्स्योरेन्सलगायत कम्पनीको सेयर किन्न पब्लिक कम्पनी हिमालयन रि-इन्स्योरेन्स र यसका सहायक कम्पनीबाट तीन अर्ब ८१ करोड दुरुपयोग गरेको देखिएपछि सम्पत्ति शुद्धीकरण विभागले बिमा प्राधिकरणलाई छानबिन गरेर राय प्रतिक्रियासहितको प्रतिवेदन बुझाउन २८ फागुनमा पत्र पठाएको थियो। उनले विभिन्न मितिमा हिमालयन रिबाट दुई अर्ब ७३ करोड ३३ लाख १५ हजार, हिमालयन सेक्युरिटिजबाट २२ करोड १९ लाख ७१ हजार, नेपाल लाइफको सहायक कम्पनीबाट ३७ करोड, एचएलआई लार्ज क्याप फन्डबाट २५ करोड १४ लाख ८४ हजार र नेपाल माइक्रो इन्स्योरेन्सबाट १६ करोड १७ लाख ५२ हजार दुरुपयोग गरी भृकुटी स्टक ब्रोकिङ कम्पनी (ब्रोकर नम्बर ५५) बाट सेयर खरिद गरी भुक्तानी गरेको देखिएको भन्दै विभागले यसको प्राधिकरणसँग आधिकारिकता मागेको थियो। यसमा छानबिन गरी प्राधिकरणले सम्पत्ति शुद्धीकरणमा कारबाही गर्न

» पृष्ठ २ मा क्रमशः

## ■ हिमालयन रिका सिइओसहित उच्चपदस्थ कर्मचारीलाई नियामकीय कारबाही गरिँदै

बिमा प्राधिकरणले हिमालयन रि-इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ)सहित उच्चपदस्थ र सम्बन्धित विभागका कर्मचारीलाई नियामकीय कारबाही गर्ने तयारी पनि गरेको छ। कम्पनीको लगानीमा भएको सेयर बिक्री गरेर पनि लामो समयसम्म भुक्तानी लिन ताकेता नगरेको भन्दै प्राधिकरणले सिइओलगायत उच्चपदस्थ र सम्बन्धित विभागका कर्मचारीलाई नियामकीय कारबाही गर्न लागेको हो।

'हिमालयन रिका सिइओलगायत उच्चपदस्थ कर्मचारी र सम्बन्धित विभागको प्रमुखलाई नियामकीय कारबाही गर्न सञ्चालक समितिमा सिफारिस हुँदै छ। कम्पनीको लगानीमा भएको सेयर बिक्री गरेर पनि लामो समयसम्म भुक्तानी लिन ताकेता नगरेको देखियो। त्यसैले नियामकीय कारबाहीको तयारी भइरहेको छ,' स्रोतले भन्यो, 'के-के कारबाही गर्ने भनेर छलफल भइरहेको छ।'

हाल हिमालयन रि-इन्स्योरेन्सको सिइओमा उपासना पौडेल छिन्। हिमालयन रि हिल्टन होटेलको पुनर्बिमा दाबीको घोटालामा पनि विवादमा परेको छ। हिल्टनको बिमा गरेको दी ओरियन्टल इन्स्योरेन्सले प्राधिकरणको निर्देशनविपरीत हुलदंगा तथा आतंकवाद जोखिमको पुनर्बिमा हिमालयन रिमा गरेको थियो। तर, जेन-जी आन्दोलनमा ध्वस्त भएको हिल्टनको दाबी परेपछि त्यसको पुनर्बिमा दाबी भने सरकारी स्वामित्वको नेपाल रिमा गरेको थियो। यस सम्बन्धमा प्राधिकरणले हिमालयन रिलगायतका कम्पनीलाई कारबाही गरिसकेको छ।

■ काँग्रेस अनुशासन समितिको निर्णय
**कार्यवाहकको नाममा दोहोऱ्याएर गतिविधि गरे खड्कालाई कारबाही गर्ने चेतावनी**



हालसम्म अनुशासन समितिमा निर्वाचनसम्बन्धी पाँच सय सात उजुरी

(विस्तृत पृष्ठ ३)

**पश्चिम एसियाको संकटले विधान सभा चुनावहरूमा मोदी र भाजपालाई असर गर्ला ?**



रुस-युक्रेन युद्धको समयमा भाजपाले प्रधानमन्त्री मोदीलाई विश्वव्यापी द्वन्द्व अन्त्य गर्न सक्ने 'विश्व नेता'को रूपमा चित्रण गरेको थियो, तर पश्चिम एसियाली युद्धको सन्दर्भमा पार्टीले आफ्नो चुनावी रणनीतिमा थोरै परिवर्तन गरेको छ।

(विस्तृत पृष्ठ ५)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# सिङ्गो गाउँ भैंसीपालनमा

## एउटै घरमा ५२ वटासम्म दुहुना भैंसी, बाजेको पालादेखिको व्यवसायमा नातिपुस्ता पनि आकर्षित

बाँकेमा **विश्वराज पछ्लडङ्गा**

३४ घरपरिवार रहेको बाँके डुडुवा गाउँपालिका- ३, हल्कारापुर्वामा ६ सय भैंसी छन्। यादव परिवारको बसोबास रहेको यो गाउँका बासिन्दाले भैंसीपालनबाट मनग्य आम्दानी गरिरहेका छन्। गाउँबाट दैनिक ६ सय लिटर दुध बजार जाने गरेको स्थानीय विष्णुप्रसाद यादवले बताए। 'कसैको घरमा थोरै होलान्, तर यहाँ भैंसी नपाल्ने परिवार छैन,' उनले भने, 'दैनिक ६ सय लिटर दुध बजार जान्छ। केही गाउँमै बिक्री हुन्छ।'

हल्कारापुर्वाका रामसोहन यादव बिहान ३ बजे उठ्छन्। उमेरले ६ दशक पूरा गरेका उनको दैनिकी भैंसीको रेखदेखमा बित्छ। बुबाबाजेले गरेको पेसालाई निरन्तरता दिँदै उनले भैंसीको संख्या घट्न दिएका छैनन्। उनीसँग अहिले पाडापाडीसहित १५० भैंसी छन्। तीमध्ये ५२ वटा दुहुना भैंसी भएको उनले बताए। हजुरबुबाको पालाबाट भैंसीपालन गर्दै आएको उनको परिवार अहिले पनि यही पेसामा जमेको छ। दैनिक करिब तीन सय लिटर दुध कम्दीस्थित मिलनचोक बजार पठाउने गरेको उनले सुनाए। मिलनचोक हल्कारापुर्वाबाट करिब तीन किलोमिटर उत्तरमा पर्छ। 'कम्तीमा दैनिक तीन सय लिटर दुध बिक्रीका लागि बजार पठाउँछौं,' उनले भने, 'केही घरबाट नै बिक्री हुन्छ। केही खानका लागि घरमा राख्छौं।'

भैंसी चराउन दैनिक चारजना खटिने गरेको उनले बताए। धेरै भैंसी भएकाले एकजनाले सम्भव नभएको उनको भनाइ छ। 'एक-दुईजनाले

» पृष्ठ २ मा क्रमशः



हल्कारापुर्वाका किसान रामसोहन यादवको गोठबाहिर बाँधिएका भैंसी। उनले पाडापाडीसहित १५० भैंसी पालेका छन्, तीमध्ये ५२ वटा दुहुना छन्।

### तर, सरकारी अनुदानबाट वञ्चित

यहाँका किसानको मुख्य पेसा नै भैंसीपालन रहे पनि राज्यबाट कुनै सुविधा नपाएको स्थानीय दिनेशप्रसाद यादवले बताए। राज्यले दिने सेवा, सुविधासम्म पहुँच नपुगेको उनले गुनासो गरे। 'राज्यले वार्षिक करोडौं रुपैयाँ किसानलाई बाँड्छ भन्ने सुन्छौं, तर अहिलेसम्म हामीकहाँ पुगेको छैन,' उनले भने, 'अनुदानका लागि फाराम खुल्छ भन्ने सुनेका छौं, तर कहिले खुल्छ हामीलाई पत्तो हुँदैन।'

उनले भैंसीसँग खेल्ने भएकाले अनुदानका लागि आवश्यक पर्ने कागजात मिलाउन नसक्ने बताए। 'अनुदानका लागि फार्म दर्ता, आन्तरिक राजस्व कार्यालयबाट पान नम्बर लिएको र हरेक वर्ष लेखा परीक्षण गराएको हुनुपर्छ भन्छन्। हामी भैंसी चराउनेले यी सबै कागजात मिलाउन सक्ने अवस्था छैन,' उनले भने, 'यस्तो झन्झट गर्नुभन्दा अनुदान नै नलिए राम्रो लाग्छ।'

# एसईई आजदेखि

पाँच लाख दस हजार विद्यार्थी सहभागी, परीक्षा सकिएको तीन दिनभित्र प्रत्येक परीक्षा केन्द्रमै उत्तरपुस्तिका जाँच्ने, एक महिनाभित्रै परीक्षाफल प्रकाशन गर्ने

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

माध्यमिक शिक्षा परीक्षा (एसईई) आज (बिहीबार) बिहान ८ बजेदेखि सुरु हुँदै छ। राष्ट्रिय परीक्षा बोर्डका अनुसार पाँच लाख नौ हजार ९५१ विद्यार्थी परीक्षामा सहभागी हुँदै छन्। यसमध्ये दुई लाख ५७ हजार ५२७ छात्रा र दुई लाख ५२ हजार ४३४ छात्र छन्।

यसपालि परीक्षा सकिएको तीन दिनभित्र प्रत्येक परीक्षा केन्द्रमै उत्तरपुस्तिका जाँच्ने र एक महिनाभित्रै परीक्षाफल प्रकाशन गर्ने बोर्डको तयारी छ। २९ चैतमा परीक्षा सकिएपछि उत्तरपुस्तिका परीक्षण थालिनेछ। शिक्षा मन्त्रालयको निर्देशनमा यससम्बन्धी कार्यविधि बनाएर उत्तरपुस्तिका जाँच र परीक्षाफल प्रकाशन छिटो गर्न लागिएको बोर्डले जनायो।

'परीक्षा मर्यादित र सुरक्षित रूपमा सञ्चालन हुन्छ, विद्यार्थीहरूलाई परीक्षा हलमा कुनै पनि प्रकारको डिभाइस लैजान प्रतिबन्ध छ,' बोर्डका डेपुटी कन्ट्रोलर विष्णु ज्ञवालीले भने, 'परीक्षा केन्द्रहरू सुरक्षित बनाएका



छौं, ढुक्क भएर परीक्षा दिने वातावरण देशैभर छ।' उनका अनुसार ७७ वटै जिल्लामा जिल्ला शिक्षा समन्वय इकाइ, स्कुल र प्रहरीसँग समन्वय गरेर परीक्षा केन्द्र व्यवस्थित पारिएको छ।

देशभर १९ सय ९१ परीक्षा केन्द्र तोकिएका छन्। अधिकांश केन्द्र सामुदायिक विद्यालयमै राखिएको छ। त्यस्तै, जापानस्थित एक परीक्षा केन्द्रबाट २३ विद्यार्थीले एसईई दिँदै छन्। अधिकांश परीक्षा केन्द्रमा सम्बन्धित विद्यालयकै प्रधानाध्यापकलाई केन्द्राध्यक्ष तोकिएको छ। त्यस्तै, परीक्षा व्यवस्थित र सुरक्षित बनाउन नेपाल प्रहरीले परीक्षा केन्द्रहरूमा करिब १२ हजार पाँच सय सुरक्षाकर्मी खटाएको छ।

# जनकपुरधामको पेठिया क्षेत्रमा फुटपाथ अतिक्रमण हटाउने अभियान सुरु

जनकपुरधाममा **हदिश खुद्दार**

जनकपुरधामको पेठिया बजारमा अतिक्रमण हटाउने अभियान सुरु भएको छ। जनकपुरधाम उपमहानगरपालिका र मधेश प्रदेश सरकारको संयुक्त पहलमा बजार क्षेत्रलाई व्यवस्थित बनाउने उद्देश्यले बुधबार पेठिया क्षेत्रमा फुटपाथ अतिक्रमण हटाउने अभियान सञ्चालन गरिएको हो। पेठिया बजारकेन्द्रित अभियानमा स्थानीय प्रशासन, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी तथा नगर प्रहरीको संयुक्त टोली परिचालन गरिएको थियो। अभियानका क्रममा सडक किनार तथा पैदलमार्गमा राखिएका ठेला, टहरा र अस्थायी संरचना हटाइएको छ।

सार्वजनिक स्थल अतिक्रमण गरी सञ्चालन गरिएका अनधिकृत पसल हटाउँदै पैदलयात्रुका लागि फुटपाथ खाली गराइएको छ। बजार क्षेत्रलाई व्यवस्थित, सुरक्षित र आवतजावत सहज बनाउन यस्तो कदम चालिएको मधेश प्रदेश सरकारका गृहमन्त्री फकिरा महतोले बताए। अतिक्रमण हटाउन मन्त्री महतो आफैँ बजार क्षेत्र पुगेका थिए।

उपमहानगरपालिकाले सार्वजनिक स्थानको संरक्षण र सहरी व्यवस्थापनलाई प्राथमिकतामा राख्दै अतिक्रमण हटाउने अभियानलाई निरन्तरता दिइने जनाएको छ। फुटपाथलाई पैदलयात्रुका लागि सुरक्षित बनाउने र ट्राफिक व्यवस्थापन सुधार गर्ने लक्ष्यका साथ अभियान प्रभावकारी हुने विश्वास व्यक्त गरिएको छ। अतिक्रमण हटाइसकेपछि सो क्षेत्रमा सौन्दर्यीकरण, हरियाली प्रवर्द्धन तथा पैदलमैत्री संरचना विकास गर्ने योजना रहेको जनाइएको छ। साथै, प्रभावित व्यवसायीका लागि वैकल्पिक व्यवस्थापनमा सहजीकरण गरिने तयारी भइरहेको छ।

# बिचौलियाको अन्त्य गर्न प्रहरी महानिरीक्षक कार्कीको निर्देशन

**बुटवल** / प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले बिचौलियाको अन्त्य गराउन तथा निःशुल्क निवेदन लेख्ने व्यवस्था मिलाउन प्रहरीलाई निर्देशन दिएका छन्। कार्कीले इलाका प्रहरी कार्यालय बुटवलपरिसरमा नवनिर्मित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको कार्यालय भवनको बुधबार उद्घाटन गर्दै कुनै एउटा व्यक्तिका नाममा विभिन्न व्यक्ति बिचौलियाका रूपमा घुसेर आफ्ना स्वार्थका रोटी सेकाउने प्रचलनको अन्त्य गर्न भन्दै उनले एउटा व्यक्तिका लागि धेरै मान्छे आउनै नपर्ने बताए। निवेदन लेख्ने नाममा सर्वसाधारण, सीमान्तकृत वर्ग तथा निवेदन लेख्न नसक्नेबाट ठुलो रकम असुल्ने प्रवृत्तिको अन्त्य हुनुपर्नेमा उनले जोड दिए। प्रहरी महानिरीक्षक कार्कीले निवेदन लेख्न नसक्ने त्यस्ता वर्गका लागि प्रहरीले आफैँ निवेदन लेख्न निर्देशन दिनुका साथै स्वयंसेवीलाई पनि ध्यानाकर्षण गराए।

सम्पूर्ण प्रहरी कर्मचारीले बोलीवचन र कार्यशैलीमा सकारात्मक परिवर्तन गरी आमनागरिकको मुख्य अपेक्षा पूरा गर्न समयमै सम्बोधन गरी प्रभावकारी प्रहरी सेवा प्रवाह गर्न निर्देशनसमेत उनले दिए। उनले प्रविधिमैत्री सहर बन्नुपर्नेमा जोड दिए। महानिरीक्षक कार्कीले स्रोत-साधनको सीमितताका बाबजुद नागरिकप्रतिको जिम्मेवारीको भावना, कामना तथा नागरिकको अपार सहयोग र समर्थनले नागरिकप्रति अझ उत्तरदायी भई काम गर्न प्रहरीलाई सधैँ उत्प्रेरित गरेको चर्चा गरे। बेलायत सरकारको सहयोगमा कुल दुई करोड ४१ लाख ४३ हजार ७५३ रुपैयाँ लागतमा भवन निर्माण भएको हो।

## बोलपत्र प्रणाली...

पृष्ठ १ बाट क्रमशः

कार्यालयले बोलपत्रडटकमडटएनपीमार्फत अनलाइन बोलपत्रको व्यवस्थापन गर्दै आएको छ। सोही वेबसाइटमा ठेकेदारहरूले बोलपत्र प्रविष्ट गर्नुपर्ने हुन्छ। तर, केही गिरोहले बोलपत्रको प्रणाली ह्याक गरी अरूले पेस गरेको बोलपत्र हेर्ने गरेका थिए। बोलपत्र पेस गर्न तोकिएको समयभन्दा केही मिनेट मात्र अगाडि सबैको भन्दा कम हुने गरी आफ्नो आर्थिक प्रस्ताव राखेर ठेक्का कब्जा गर्दै आएको कार्यालयको प्रारम्भिक छानबिनले देखाएको छ।

त्यसमध्ये एक ठेक्का काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)को हो। केयुकेएलले एसियाली विकास बैंकको सहयोगमा काठमाडौं उपत्यकाका विभिन्न स्थानमा पाइप बिछ्याउनका लागि करिब १० अर्ब रुपैयाँको ठेक्का खुलाएको थियो। जुन ठेक्का ह्याकिङमार्फत केही कम्पनीले हात पारेको सूचनामा कार्यालयले छानबिन गऱ्यो। पाँचवटा प्याकेजमार्फत खुलाइएको ठेक्कामा करिब चार अर्बबराबरको तीनवटा प्याकेज आशिष निर्माण सेवाले पाउन लागेको छ। सोही कम्पनीको सबैभन्दा कम आर्थिक प्रस्ताव छ। सो कम्पनीका मालिक निर्माण गौली हुन्। सोही कम्पनीले नै अनधिकृत पहुँच पुऱ्याएको आशंकामा छानबिन भइरहेको स्रोत बताउँछ। सो कम्पनीले यसअघि मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयको एक ठेक्कामा पनि अन्तिम सयमा 'बिड मोडिफाई' गर्ने असफल प्रयास गरेको कार्यालयको छानबिनमा देखिएको थियो।

केयुकेएलमा बाँकी ठेक्का चिनियाँ कम्पनीसँगको सम्बोधन गर्नेलगायतका कार्यसूची छन्। संघीय संसद्का अधिवेशन आह्वान भएअनुसार राष्ट्रिय सभाको पनि बैठक बस्दै छ।

संसद् सचिवालयले पहिलो बैठकका लागि सबै तयारी पूरा भएको जनाएको छ। २१ फागुनको निर्वाचनबाट प्रतिनिधिसभामा रास्वपा १८२ सिटसहित पहिलो दल बनेको छ। कांग्रेस ३८, एमाले २५, नेकपा १७, श्रम संस्कृति सात, राप्रपा पाँच र स्वतन्त्र एक सदस्य छन्। सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार हलमा सिट व्यवस्थापन गरिएको छ। सत्तापक्षलाई तीन रो र विपक्षीलाई दुई रो छुट्याइएको छ।

पहिलो बैठकको सुरुवातमा राष्ट्रपति कार्यालय र प्रधानमन्त्री कार्यालयबाट प्राप्त पत्र पढेर सुनाइनेछ। ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले आफ्नो शुभकामना मन्तव्य दिनेछन्। पहिलो बैठकले सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने अध्यक्षमण्डलको चयन गर्नेछ। यद्यपि, अध्यक्षमण्डलमा को रहने भन्ने नाम प्राप्त भइनसकेको प्रवक्ता गिरीले बताए।

यसैगरी, पहिलो बैठकमा जेन-जी आन्दोलन र अन्य आन्दोलनका सहिदप्रति श्रद्धाञ्जली व्यक्त गरिनेछ। यसअघि १२ चैतमा नवनिर्वाचित सांसदहरूले शपथ लिएका थिए। ज्येष्ठ सदस्यले राष्ट्रपतिबाट शपथ लिएपछि अन्य सदस्यलाई शपथ खुवाएका थिए।

## नवनिर्वाचित...

पृष्ठ १ बाट क्रमशः

बैठकमा गृहमन्त्री सुदन गुरुङले निर्वाचनसम्बन्धी अध्यादेश पेस गर्ने कार्यसूची छ। अघिल्लो सरकारले ल्याएको मतदाता नामावली, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन पहिलो संशोधन र नेपाल विशेष सेवा दोस्रो संशोधन अध्यादेश पेस हुनेछ। बैठकमा प्रधानमन्त्री र मन्त्रीहरू उपस्थित हुने प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले आफ्नो शुभकामना मन्तव्य दिएपछि प्रतिनिधिसभाको पहिलो बैठकमा दलका शीर्ष नेता वा संसदीय दलका नेताले सम्बोधन गर्दै छन्। रास्वपाबाट सभापति रवि लामिछाने, कांग्रेसका भीष्मराज आङ्देम्बे वा मोहन आचार्य, एमालेबाट रामबहादुर थापा बादल, नेकपाका वर्षमान पुन, श्रम संस्कृतिबाट हर्क साम्पाङ र राप्रपाबाट ज्ञानेन्द्र शाही बोल्ने तय भएको छ। स्वतन्त्र सांसद महावीर पुनले पनि बोल्ने समय पाउनेछन्। रास्वपाका संदीय दलका नेता बालेन्द्र शाह (बालेन) प्रधानमन्त्री छन्। एमालेका थापा, नेकपाका प्रचण्ड, श्रम संस्कृतिका हर्क साम्पाङ र राप्रपाका शाही संसदीय दलका नेता छन्। कांग्रेसले भने दलको नेता टुंग्याएको छैन।

### प्रतिनिधिसभा नियमावली संशोधन गरिने

प्रवक्ता एकराम गिरीका अनुसार सभामुखको निर्वाचनपछि प्रतिनिधिसभा नियमावली संशोधन गर्न नियमावली मस्यौदा समिति गठन गर्ने निर्णय सर्वदलीय बैठकमा भएको छ। राप्रपा प्रमुख सचेतक खुश्बु ओलीले भनिन्, 'यो नियमावलीलाई विभिन्न विषयमा परिमार्जन गरेर लाग्नुपर्नेछ। त्यतिन्जेल अहिलेकैबाट काम चलाउने भन्ने छ। सभामुखको निर्वाचनपश्चात् नयाँ नियमावली बनाउने कुरा छ,' उनले भनिन्।

रास्वपा महामन्त्री बुर्लाकोटीले पनि छिटै प्रतिनिधिसभा नियमावली संशोधनका लागि मस्यौदा समिति बनाउने सहमति भएको बताए। नियमावली संशोधन भइसकेपछि संसदीय समितिको गठन र कार्यव्यवस्था तथा परामर्श समिति गठनको प्रक्रिया अगाडि बढ्ने उनले बताए। 'संसदीय समितिहरूमा प्रवेश नै गरेका छैनौं। नियमावली अगाडि बनाउने चलन छैन। शीघ्र गर्ने भन्ने छ। नियमावली समिति बनाएरै कार्यव्यवस्था समिति पनि गठन हुन्छ,' उनले भने।

### राष्ट्रिय सभामा उपाध्यक्ष र समिति सभापति निर्वाचनको तयारी

यसैगरी, राष्ट्रिय सभाको २०औं अधिवेशन पनि बिहीबारै सुरु हुँदै छ। दिउँसो २ बजे बस्ने बैठकको तयारीका लागि अध्यक्ष नारायणप्रसाद दाहालको कार्यकक्षमा कार्यव्यवस्था परामर्श समितिको बैठक बसेको छ। बैठकमा अध्यक्ष दाहालले अधिवेशन सफल बनाउन सबै राजनीतिक दलको सक्रिय सहभागिता र रचनात्मक भूमिकाको अपेक्षा गरेको बताएका थिए। बैठकमा सभाको आगामी बैठकको कार्यसूची, सिट प्लान, प्रस्तावित कार्यतालिका, कार्यव्यवस्था परामर्श समिति र संसदीय समितिमा सदस्यहरूको मनोनयन, उपाध्यक्षको निर्वाचन, सभापतिको निर्वाचन, सभामा अध्यक्षता गर्ने सदस्यहरूको मनोनयन र दलका नेताको शुभकामना मन्तव्यको समय निर्धारणलगायतमा छलफल भएको थियो।

## एमालेमा ४०...

पृष्ठ १ बाट क्रमशः

कमान्डर बनाएका हुन्। दलको नेताका लागि उम्मेदवार मनोनयन फारम लगेका नेम्वाङ शीर्ष नेताहरूको हस्तक्षेप भएपछि पछाडि हटेका हुन्। अध्यक्ष केपी ओलीसहित उपाध्यक्षहरू विष्णु पौडेल, पृथ्वीसुब्बा गुरुङ, महासचिव शंकर पोखरेलसहितका नेताहरू बादललाई दलको नेता बनाउने पक्षमा रहेको जानकारी पाएपछि नेम्वाङले उम्मेदवारी दर्ता गराएनन्। सर्वसम्मत नेता चयनका लागि सहयोग गरेका थिए।

बैठक सुरु भएपछि सांसद सुहाङले दलको नेतामा उम्मेदवारी दिने प्रस्ताव सुनाएका थिए। त्यसका लागि उनलाई धनकुटाबाट निर्वाचित सांसद राजेन्द्र राई र संखुवासभाबाट निर्वाचित सांसद डा. अर्जुन कार्कीले प्रस्तावक र समर्थक बसेर सहयोग गर्ने वचन दिएका थिए। सुरुमा सहयोग गर्ने वचन दिएका कार्की उम्मेदवारी दर्ता गर्ने वेला खुलेनन्। उनले उम्मेदवारी मनोनयनको समर्थकका रूपमा हस्ताक्षर गरेर नेतृत्वको चाहनाविरुद्ध जोखिम मोल्न पनि चाहेनन्।

धनकुटाबाट प्रतिनिधित्व गर्ने सांसद राईले सुहाङलाई उम्मेदवारी दिन सहयोग गर्नेबारे सल्लाह भए पनि बैठकमा सबै सांसदहरूले सर्वसम्मतिकै पक्षमा धारणा राखेकाले पार्टीले अन्तिममा सबैको भावना बुझ्नैरै तदनुरूपको निर्णय लिएको बताए। 'उम्मेदवारीबारे सल्लाह गरेको हो। तर, छलफल हुँदै जाँदा सबै सांसदहरूले सर्वसम्मत गरेर जाँदा नै उपयुक्त हुन्छ भन्ने राय आएपछि त्यसअनुसार नै उम्मेदवारी पर्‍यो र सर्वसम्मत निर्णय भयो। चुनावी प्रतिस्पर्धा नभए पनि चुनावी वातावरणसम्म बनाइयो, तर निर्णय गर्ने वेला सर्वसम्मतितिर नै गयो,' राईले भने।

सुहाङले आफ्नो चाहना राखेपछि उपाध्यक्ष बादललले पनि आफ्नो प्रस्ताव राखेर सहयोगका लागि आग्रह गरेका थिए। केही बेर छलफलको क्रममा सहमति जुट्ने स्थिति नबनेपछि उपाध्यक्षद्वय पौडेल र गुरुङ तथा महासचिव शंकर पोखरेलकै प्रस्तावअनुसार चुनावी प्रक्रिया अगाडि बढाइएको थियो। महासचिव पोखरेलले त सुहाङका लागि नेतृत्व विकासका लागि अझै ठाउँ रहेको बताएर दलभित्रै पनि महत्त्वपूर्ण जिम्मेवारी दिन सकिने संकेत गरेर सहयोगका लागि आग्रह गरेका थिए। तर, त्यसबिचमै प्रस्तावक र समर्थक सांसदहरूले सहयोग गर्न तयार नभएको देखिएपछि दबाबमा परेका नेम्वाङ पनि पछि हटेका थिए।

निर्वाचन समितिका संयोजक एमाले केन्द्रीय सदस्य नीरज आचार्यले एउटा मात्र उम्मेदवारी परेपछि सर्वसम्मत नेता चयन भएको बताए। 'उम्मेदवारीमा दाबी गर्नुभएका दुवैले मनोनयन फारम लैजानुभएको थियो। तर, बादलले मात्र उम्मेदवारी दर्ता गराउनुभयो। सुहाङजीले मनोनयनको समय गुज्रिएपछि निर्वाचन प्रक्रिया अगाडि बढाउँदा हुन्छ भन्ने जानकारी गराउनुभयो,' आचार्यले भने, 'त्यसपछि एकजनाको मात्र उम्मेदवारी परेकाले चुनावी प्रक्रियाअनुसार सर्वसम्मत दलको नेता चयनको प्रक्रिया सम्पन्न भयो।' चुनावलगत्तै नेम्वाङले बादललाई बधाई दिएका थिए। पहिले पनि समानुपातिक सांसद भइसकेका बादललाई यसपटक पुनः त्यहींबाट सांसद बनाइएकोमा आलोचना हुँदै आएको थियो।

नेम्वाङलाई नेता नबनाइएपछि एमालेको संस्थापन पक्षमै रहेका नेता तथा युवा पुस्ताका थुप्रै कार्यकर्ताले नेतृत्वको आलोचना गरेका छन्। उपमहासचिव योगेश भट्टराईले सांसदहरूलाई दबाबमा राखेर दलको नेता चयन गरिएको टिप्पणी गरेका छन्। 'निर्वाचनबाट पार्टीलाई गम्भीर धक्का लागेको, पार्टी र नेतृत्वप्रति व्यापक जनगुनासो रहेको, पार्टी अध्यक्ष स्वयं गिरफ्तारीमा पर्नुभएको, समग्रमा हाम्रो आन्दोलनले बहुआयामिक प्रतिकूलताको सामना गरिरहेको वर्तमान अवस्थामा नेकपा एमालेको व्यापक पुनर्गठनमार्फत बलियो एकता बनाउँदै जनविश्वास जागृत गर्नुपर्ने वेलामा आज नेकपा एमालेको संसदीय दलको नेता छान्न जुन तरिका र शैली अपनाइयो यसबाट सिंगो पार्टीपंक्तिलाई थप चिन्तित बनाएको छ,' भट्टराईले भनेका छन्, 'केही दिनको समय लिएर पार्टी नेतृत्व र माननीय सांसदहरूका बिचमा छलफलका माध्यमबाट उच्चस्तरको समझदारीमा पुग्नुको सट्टा सांसदहरूलाई दबाबमा राखेर जे गरियो यो राम्रो भएन।'

दलको नेता चयनपछि नेम्वाङले इच्छा जाहेर गरे पनि हुन नपाएकोमा हतोत्साहित नभएको प्रतिक्रिया दिए। 'एमालेमा रहेका कमजोरी सुधार्ने र भविष्यमा एमाले अझ सुदृढ भएर बढ्नुपर्छ भनेर पाइला चालेको हुँ,' नेम्वाङले भने, 'पाइला चाल्दा कहिलेकाहीं अपेक्षित परिणाम प्राप्त नहुन सक्छ, तर हतोत्साहित हुनुहुँदैन। एमालेले निरन्तर देशलाई समृद्धितिर लैजान्छ। सौम्य र सभ्य तरिकाले देश र जनताको पक्षमा कुरा उठाइरहन्छ।'

### संसद्को पहिलो बैठकमा एमालेले ओली पत्राउको विरोध गर्ने, तर सदन अवरोध नगर्ने

एमालेले बिहीबार बस्ने संसद्को पहिलो बैठकमा पार्टी अध्यक्ष केपी ओलीलाई प्रतिशोध साधेर गिरफ्तार गरिएको भन्दै संसद्मार्फत सरकारको गम्भीर ध्यानाकर्षण गराउने भएको छ। नवनिर्वाचित दलका नेता बादलले अध्यक्ष ओलीको गैरकानुनी गिरफ्तारीबारे प्रश्न उठाएर पत्राउको कारण र निःसर्त रिहाइको माग गरिने बताए। 'पहिलो बैठकमा परिचय र बधाई कार्यक्रमको मात्रै एजेन्डा छ। त्यसैले सदन अवरोध गर्दैनौं। तर, सदनमा अध्यक्षको गिरफ्तारीविरुद्ध आवाजहरू उठाउँछौं, सरकारलाई कारण सोध्छौं र रिहाइको ध्यानाकर्षण गराउँछौं,' उनले भने। दलको बैठकले सांसदहरूका लागि २१ फागुनमा अभिमुखीकरण आयोजना गर्ने निर्णय लिएको छ।

### प्रमुख प्रतिपक्ष कांग्रेसले बिहीबार दलको नेता छान्ने

आन्तरिक विवादमा रुमल्लिएको प्रमुख प्रतिपक्षी दल कांग्रेसले बिहीबार मात्रै संसदीय दलको नेताको टुंगो लगाउने भएको छ। बिहीबार संसद् बैठकअघि बिहान दलको बैठकमार्फत नेता चयनबारे छलफलको तयारी गर्ने तयारी रहेको प्रवक्ता देवराज चालिसेले बताए। 'दलको नेता चयनका विषयमा छलफल गर्न बिहीबार बिहान बैठक बोलाएका छौं। कसलाई बनाउने त्यहीं छलफल हुन्छ,' चालिसेले भने। कांग्रेसभित्र गगन थापा नेतृत्वको संस्थापन पक्षविरुद्ध तत्कालीन सभापति शेरबहादुर देउवा पक्षले कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नेतृत्वमा समानान्तर गतिविधि सक्रिय बनाइरहेको छ। दलको नेतामा पनि देउवा पक्षले अलग उम्मेदवारी दिने तयारी गरेको छ।

## सिङ्गो गाउँ...

पृष्ठ १ बाट क्रमशः

स्याहार्न सकिँदैन। दैनिक कम्तीमा चारजना चरिचरनका लागि खटिनुपर्छ,' उनले भने। भैंसी चराउनका लागि दैनिक चारजना खटिने गरेको उनले बताए। 'एक-दुईजनाले स्याहार्न सकिँदैन। दैनिक कम्तीमा चारजना चरिचरनका लागि खटिनुपर्छ,' उनले भने।

रामसोहनका चार छोराबुहारी छन्। चारै भाई भैंसीको स्याहारमा खटिने गरेको उनले बताए। 'चार भाई छोरा, बुहारी र नातीनतिना सबै भैंसीको रेखदेखमा खटिन्छन्,' उनले भने, 'भैंसी पालनसँगै खेतीपाती पनि गर्छौं।'

गाउँका अधिकांशले परम्परागत रूपमा भैंसी पाल्दै आएका छन्। दिनभर जंगल र मैदानमा चराउँदै आएका यहाँका किसानको भैंसीगोठ पनि परम्परागत नै छ। 'बाबुबाजेले पालन गर्दै आएको जे देख्यौं त्यहीअनुसार पाल्दै आएका छौं,' विष्णुप्रसादले भने, 'परम्परागत रूपमा भैंसी पाल्दा पनि हामीलाई घाटा छैन।'

पक्की गोठमा राख्दा भैंसीको खुर खिइने भएकाले कच्ची गोठमा राख्दै आएको उनले बताए। जस्तापाताले छाएको गोठमा गर्मी हुन्छ र सिमेन्टेड भुइँ भएको गोठमा राख्दा खुर खिइने र भैंसीले पिर मान्ने हुन्छ,' उनले भने, 'परम्परादेखि जे चलिआएको छ। सोहीअनुसार अहिले पनि भैंसीलाई राख्दै आएका छौं।'

### युवाको रोजाइमा भैंसीपालन

हल्कारापुर्वाका ३१ वर्षीय विष्णुप्रसाद यादवको दैनिकी पनि भैंसी स्याहार्नमै बित्छ। उनीसँग १९ वटा मुर्रा भैंसी छन्। सानैदेखि भैंसीसँगै खेलेकाले अन्य व्यवसायभन्दा भैंसीपालन सजिलो लागेको उनी बताउँछन्। उनी भन्छन्, 'भैंसीपालनको आम्दानी जागिरेको पारिश्रमिकभन्दा धेरै हुन्छ। जागिरी गर्दा घरबाहिर जानुपर्छ नै, अर्काको कुरा सुन्नुपर्छ। यसमा कसैको टोकाइ खान पर्दैन।'

सोही गाउँका ३५ वर्षीय रामफेरन यादवको घरमा तीन दर्जन भैंसी र पाडापाडी छन्। व्यापार र जागिर खाने सोच कहिल्यै नआएको उनले बताए। बालखेदेखि भैंसीको स्याहार, सुसारमा खटिँदै आएका उनी दुधको व्यापारसमेत गर्छन्। बिहान-बेलुका भैंसीको स्याहार-सुसार गर्छु। फुर्सदको समयमा दुधको व्यापार गर्छु,' उनले भने, 'जागिरी र व्यापारका लागि नयाँ सिप सिक्नुपर्थ्यो। पहिलेदेखि भैंसीपालन गरेकाले थप सिप सिक्नुपर्ने नभएकाले यही पेसा सजिलो लाग्छ।'

### चरिचरनको छैन समस्या

यहाँका किसानले परम्परागत रूपमा भैंसी पाल्दै आएका छन्। हिउँद र बर्खामा गाउँदेखि झन्डै १० किलोमिटर टाढा जंगलको बिचमा रहेको खजुरागौडीमा गोठ सार्छन्। 'अहिलेसम्म चरिचरनको समस्या छैन। हिउँद र बर्खामा गोठ सार्छौं। हिउँदे बाली भित्र्याएपछि गाउँमा ल्याउँछौं,' विष्णुप्रसादले भने, 'गर्मीयाममा जमिन खाली हुने भएकाले गाउँमै ल्याउँछौं।'

गाउँनजिकै रहेको डुडुवा खोलाले भैंसीपालनमा सहजता थपेको स्थानीय दुर्गाप्रसाद यादवले बताए। खोलाको पानीमा भैंसी आहाल बस्ने र सोही पानी पिउने गरेको उनले बताए। 'डुडुवाको पानीमा आहाल बस्छन्। फोहोर भएका भैंसीलाई नुहाइदिन्छौं। पानी खुवाउन पनि सहज भएको छ,' उनले भने।

### मुर्रा भैंसीतर्फ किसान आकर्षित

रामफेरन यादवको घरमा १९ वटा मुर्रा भैंसी छन्। तीमध्ये उनले दैनिक कम्तीमा ५० लिटर दुध उत्पादन गर्छन्। लोकल भैंसीले थोरै दुध दिने भएपछि उनले मुर्रा भैंसी थप्दै गएको बताए। 'लोकल र मुर्रा भैंसीलाई स्याहार गर्ने समय तथा दानापानी खाने उत्तिकै हो,' उनले भने, 'लोकल हटाएर मुर्रा भैंसी मात्र राखेका छौं। गाउँका अन्य परिवारले पनि लोकल भैंसीको ठाउँमा बिस्तारै मुर्रा भैंसी बढाउँदै लगेका छन्।'

उनले डेढ लाखमा मुर्रा भैंसी ल्याएको बताए। यो जातको भैंसी खरिद गर्दा महँगो परे पनि घाटा नहुने बताए। 'किन्दा महँगो परे पनि बिक्री सजिलै हुन्छ र दुध धेरै दिने भएकाले मोल छिट्टै उठाउँछ,' उनले भने।

**काठमाडौं महानगरपालिका**
नगर कार्यपालिकाको कार्यलय
३० नं. वडा कार्यालय
ज्ञानेश्वर, काठमाडौं
बागमति प्रदेश नेपाल

**काभ्रेपलाञ्चोक जिल्ला बनेपा न. पा. वडा नं २ परिवर्तित वडा नं. ५ घर भएकी नानी मायाँ राजवंशी र ऐ. ऐ बस्ने सुनिल राजवंशीको नाममा घर खालि गरिदिने बारे १५ दिने सूचना।**

निवेदक घरधनी अधुना कोख श्रेष्ठ यस का.म.न.पा. ३० वडा डिल्लीबजार धोबिधारास्थित कित्ता १९७६ को क्षे.फ. ०-१-२-१ मा बनेको घरको श्री उच्च अदालत पाटनबाट वादी/पुनरावेदक काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा. वडा नं. २ परिवर्तित वडा नं ५ बस्ने नानी मायाँ राजवंशी..१ ऐ.ऐ. बस्ने सुनिल राजवंशी बिरुद्ध हरि प्रसाद राजवंशीको छोरी उत्तम राज शाक्यको श्रीमती काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा.व.डा. नं. ८ बस्ने वर्ष ५४ को अधुना कोख श्रेष्ठ प्रत्यथी/प्रतिवादी भएको मुद्दा नं. ०८०-DP-२३४७ को फैसला बमोजिम उक्त घरजग्गा म अधुना कोख श्रेष्ठको नाममा दर्ता श्रेष्ठा कायम भई जग्गा धनी दर्ता प्रमाण पुर्जा-प्राप्त भईसकेकोमा हालसम्म पनी घर खाली नगरीदिनु भएको हुँदा तपाईको नाममा घर खाली गरीदिने सम्बन्धी नयाँ पत्रिकामा मिति २०८२/११/१२ मा ३५ दिनको सूचना प्रकाशन भएकोमा समेत उपस्थित हुनु नभएको कारण घर बहाल व्यवस्था निर्देशिका, २०७९ दफा २७ को उपदफा (३) बमोजिम तपाई श्री नानी मायाँ राजवंशी र सुनिल राजवंशीको नाममा १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचनामा उल्लेखित समयवधी भित्र यस वडा कार्यलयमा उपस्थित हुन जानकारी गराईन्छ। अन्यथा प्रचलित कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

**Karjanha Municipality**
**Office of Municipality Executive**
Karjanha, Siraha
Madhesh Province, Nepal

**Invitation for Electronic Bids**

Date of publication: 2082/12/19 (2nd April 2026)

1. Karjanha Municipality, Office of Municipal Executive, Karjanha, Siraha invites electronic bids from eligible bidders for the procurement of Medicine under sealed Quotation Bidding procedures as specified in Public Procurement Act and Regulations as mentioned in the table below. All information and Bid document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-bid only as per instructions within the mentioned period.

| SN | Contract No. | Project Name | Estimated Amount (With VAT) | Bid document fee (Non-refundable) | Bid Security Amount | Last Date of Bid Purchase and Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | KM-SQ-G-01-2082-083 | Supply and Delivery of Medicine and Surgical Items at Karjanha Municipality for Free Distribution. | NRs. 25,64,981.60 | NRs. 1000.00 | NRs. 70,000.00 ( Min. 75 days from the day of bid opening) | 17th April, 2026 On or before 12:00 pm | 17th April, 2026 At 12:30 pm |

2. For further information, visit PPMO's website https://www.bolpatra.gov.np/egp or contact to Karjanha Municipality Office.

**Chief Administrative Officer**

## सम्पत्ति...

पृष्ठ १ बाट क्रमशः

सिफारिस गरेको हो। 'छानबिनका क्रममा उहाँ (दीपक भट्ट) ले अनियमितता गरेको देखियो। त्यसपछि उहाँलाई आवश्यक कारबाही गर्न सिफारिस गर्दै सम्पत्ति शुद्धीकरण विभागमा प्रतिवेदन बुझाएका छौं,' प्राधिकरण स्रोतले भन्यो, 'छानबिनका क्रममा हिमालयन रि-इन्स्योरेन्स कम्पनीले आफ्नो लगानीको विभिन्न सेयर बिक्री गरेको देखिन्छ। तर, सेयर बिक्रीबापत कम्पनीले पाउनुपर्ने भुक्तानी ब्रोकरबाट प्राप्त भएको देखिँदैन। उक्त भुक्तानी प्राप्तिका लागि कम्पनीबाट ताकेता भएको पनि देखिएन। कम्पनीले पाउनुपर्ने त्यो रकम उहाँ (भट्ट)ले प्रयोग गरेको देखिन्छ। हिमालयन रि-पब्लिक कम्पनी भएकाले उसको पैसा यसरी दुरुपयोग गर्न पाइँदैन।'

भट्ट हिमालयन रिका आधारभूत सेयरधनी हुन्। यो कम्पनीमा उनको इन्फिनिटी होल्डिङ्सको ४.५० प्रतिशत सेयर हिस्सा अर्थात् ४६ लाख ८० हजार कित्ता सेयर छ। उनी सरकारी स्वामित्व रहेको नेपाल रिको सेयर खरिद गरेर नेपाल रिलाई पनि आफ्नो पोल्टामा पार्न चाहन्थे। बिमा प्राधिकरणकी प्रवक्ता पूजन अधिकारीले भने सम्पत्ति शुद्धीकरण विभागलाई गरिएको सिफारिसबारे जानकारी नभएको भन्दै बुझेर प्रतिक्रिया दिने बताइन्।

उनले आर्थिक दुरुपयोग गरेको एचएलआई लार्ज क्याप फन्ड हिमालयन लाइफ इन्स्योरेन्सले सञ्चालन गरेको म्युचल फन्ड हो। हिमालयन लाइफ इन्स्योरेन्समा भट्टनिकट व्यवसायीको लगानी छ। त्यसले सञ्चालन ल्याएको म्युचल फन्डको पैसासमेत भट्टले दुरुपयोग गरेको देखिएको छ। त्यस्तै, नेपाल माइक्रोमा दीपक भट्टकै ११ लाख २५ हजार कित्ता सेयर छ।

बिमा प्राधिकरणको समेत सिफारिसमा भट्टलाई विभागले मुद्दा चलाउने तयारी गरेको हो। उनी भाग्न सक्ने भएकाले सम्पत्ति शुद्धीकरण विभागको सिफारिसमा अध्यागमन विभागले राहदानी रोक्का गरिसकेको छ।

### भट्टलाई सिआइबीबाट पनि अनुसन्धान गर्न सिफारिस

बिमा प्राधिकरणले भट्टलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) बाट पनि थप अनुसन्धान गर्न सिफारिस गरेको छ। स्रोतले भन्यो, 'यसमा ब्रोकरलगायतका अन्य कम्पनी पनि जोडिएका छन्, जसलाई प्राधिकरणबाट छानबिन गर्न मिल्ने थिएन। यो कारोबारको प्रभाव अन्य क्षेत्रमा पनि परेको हुन सक्छ। तसर्थ, यसमा सिआइबीजस्ता अन्य निकायबाट थप अनुसन्धान गर्न पनि सिफारिस गरेका छौं। तर, कहाँबाट अनुसन्धान गराउने भन्ने पाटो विभागकै हात रहन्छ। सायद, विभागले आन्तरिक रूपमा त्यो अनुसन्धान अघि बढाइसकेको होला।'

■ कांग्रेस अनुशासन समितिको निर्णय

# कार्यवाहकको नाममा दोहोऱ्याएर गतिविधि गरे खड्कालाई कारबाही गर्ने चेतावनी

**तारामान गुरुङ**, संयोजक
कांग्रेस अनुशासन समिति

अबदेखि गलत काम गरे विधानअनुसार कानुनी कारबाही अघि बढ्छ। विधानविपरीत गतिविधि गर्ने जो-कोही पनि कारबाहीको दायरामा आउँछन्।

**प्रेम गौतम**/नयाँ पत्रिका

कांग्रेसले निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई सचेत गराएको छ। पार्टी कार्यालय सानेपामा बसेको केन्द्रीय अनुशासन समितिको बैठकले खड्काको नाम नलिई दोहोऱ्याएर कार्यवाहकको नाममा गतिविधि गरे कारबाही गर्ने चेतावनीसमेत दिएको हो।

'विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालहरूमा नेपाली कांग्रेसको नक्कली लेटरप्याड बनाएर प्रयोग गरी आफूसँग नभएको जिम्मेवारी उल्लेख गर्दै आफू पार्टीको जिम्मेवारीमा छु भनी २०८२ चैत १४ गते अनधिकृत वक्तव्य जारी गर्ने कार्य गलत भएकाले सचेत गराइन्छ। साथै, अबउप्रान्त यस किसिमको गलत काम गर्ने जो-कोही व्यक्तिउपर नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) र प्रचलित नेपाल कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने निर्णय गर्दछ,' अनुशासन समितिको निर्णयमा भनिएको छ। खड्काले १४ चैतमा कार्यवाहक सभापतिको हैसियतमा विज्ञप्ति जारी गरेका थिए। एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी ओली र कांग्रेस नेता एवं पूर्वगृहमन्त्री रमेश लेखक पत्राउ परेको विषयमा खड्काले कार्यवाहक सभापतिको नाममा विज्ञप्ति जारी गरेपछि किचलो सतहमा आएको थियो।

कांग्रेस अनुशासन समितिका संयोजक तारामान गुरुङले पार्टी अनुशासनको विषय पार्टीका सबै नेता र कार्यकर्तामा लागू हुने बताए। 'अबदेखि गलत काम गरे विधानअनुसार कानुनी कारबाही अघि बढ्छ,' उनले भने, 'विधानविपरीत गतिविधि गर्ने जो-कोही पनि कारबाहीको दायरामा आउँछन्।' कांग्रेसमा तत्कालीन सभापति शेरबहादुर देउवा पक्षले समानान्तर गतिविधि गर्दै आएको छ। देउवा पक्षको गतिविधिमा नेता शेखर कोइराला पक्ष पनि सहभागी हुँदै आएको छ।



## अनुशासन समितिमा निर्वाचनसम्बन्धी हालसम्म ५०७ उजुरी

अनुशासन समितिमा हालसम्म गत २१ फागुनको निर्वाचनसम्बन्धी ५०७ उजुरी आएको पनि गुरुङले जानकारी दिए। 'जिम्मेवार पदमा बस्नुभएकाहरूमाथि पनि उजुरी छन्। यो क्रम अझै बढ्दै छ। थप अध्ययन गरेर अगाडि बढ्छौं,' उनले भने। अनुशासन समितिका एक सदस्यका अनुसार मन्त्री भइसकेका नेतामाथि पनि अन्तर्घातको उजुरी परेको छ। स्वतन्त्र उम्मेदवारी दिएका, प्रस्तावक समर्थक रहेका, उम्मेदवारविरुद्ध प्रत्यक्ष सहभागी भई लागेका, विपक्षलाई टेवा पुऱ्याएका, मत नमागी बसेका र कांग्रेसकै टिकटबाट जनप्रतिनिधि भए पनि विपक्षीलाई सहयोग गरेकाविरुद्ध उजुरी परेको छ। उजुरी आएकालाई सात दिनभित्र स्पष्टीकरण दिन भनिएको छ। 'छानबिनबाट वर्गीकरण गरिएका उजुरीका हकमा अनुशासन उल्लंघन गरेको भनी आरोप लागेका व्यक्तिहरूबाट सात दिनभित्र स्पष्टीकरण (सफाइ) माग गर्ने,' समितिको निर्णयमा छ। बैठकले २१ फागुनको निर्वाचनमा पार्टी सदस्यले अनुशासन उल्लंघन गरेका भए सोको उजुरी यही चैत मसान्तभित्र केन्द्रीय अनुशासन समितिमा पठाउन निर्देशन दिएको समितिका सचिव दिनेश थापामगरले बताए। तत्पश्चात् प्राप्त हुन आएका उजुरीउपर कुनै कारबाही नहुने पनि समितिले स्पष्ट पारेको छ।

## अदालतको फैसला स्विकार्ने इतर पक्षको निष्कर्ष

कांग्रेसको इतर पक्षले पार्टीको आधिकारिता विवादमा सर्वोच्च अदालतको फैसला स्विकार्ने निष्कर्ष निकालेको छ। पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काको आह्वानमा मंगलबार र बुधबार राजधानीमा बसेको १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिको अनौपचारिक बैठकले अदालतको फैसलाअनुसार अघि बढ्ने निष्कर्ष निकालेको हो। खड्काले अदालतको विधि, विधान र प्रक्रिया हेर्ने भएकाले पक्षमा फैसला आउने विश्वास लिएको बताएका छन्। 'अदालतमा मुद्दा विचाराधीन छ। विधि, विधानअनुसार अदालतले फैसला गर्छ। अदालतको फैसलाअनुसार अगाडि बढ्ने हो। षड्यन्त्रका तानाबुना धेरै दिन चल्दैन,' खड्काको भनाइ उद्धृत गर्दै एक नेताले भने। ती नेताका अनुसार खड्काले १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमिति नै आधिकारिक भएको दाबी गरेका छन्। यद्यपि, निर्वाचन आयोगले विशेष महाधिवेशनलाई मान्यता दिएकाले अदालतमा जानुपरेको उनको भनाइ थियो।

कांग्रेसको आधिकारिता विवादमा २२ चैतमा सर्वोच्च अदालतमा सुनुवाइ हुँदै छ। सुनुवाइअघि इतर पक्षले रणनीतिक बैठक गरेको हो। बैठकमा खड्कासहित नेताहरू डा. शेखर कोइराला, शशांक कोइराला, विमलेन्द्र निधि, प्रकाशमान सिंहलगायत करिब ९० जना नेताको उपस्थिति थियो। नेताहरूका अनुसार उपत्यकाबाहिर रहेका नेताहरूले पनि भर्चुअल माध्यमबाट समर्थन जनाएका थिए।

बैठकले लोकतान्त्रिक शक्ति एकजुट हुनुपर्ने निष्कर्ष पनि निकालेको छ। दुवै पक्षको सहमतिमा तदर्थ समिति बनाएर १५औं महाधिवेशनमा जान सकिने विषयमा पनि बैठकमा छलफल भएको छ। सभापति गगन थापाको कार्यसमितिले आगामी असोजमा १५औं महाधिवेशन गर्ने निर्णय गरिसकेको छ।

■ खड्कालाई सचेत गराउने निर्णयप्रति शेखरले भने- दुःख लाग्यो



नेता डा. शेखर कोइरालाले पूर्णबहादुर खड्कालाई सचेत गराउने अनुशासन समितिको निर्णयले दुःख लागेको बताएका छन्। उनले कठिन अवस्थामा रहेको भन्दै सबै पक्षलाई समेटेर अगाडि बढ्नुपर्ने बताए। 'पूर्णबहादुरजीलाई सचेत गराउने अनुशासन समिति बैठकको निर्णय सुनेर दुःख लाग्यो। यद्यपि, यसबाट डराउनुपर्ने कुनै कारण छैन,' कोइरालाको भनाइ उद्धृत गर्दै एक नेताले भने, 'अहिलेको कठिन अवस्थामा सबै पक्षलाई समेटेर अघि बढ्नुपर्छ। यसको विकल्प छैन।'

पूर्वकार्यबाहक सभापति खड्काले कांग्रेसलाई नियोजित रूपमा कमजोर पार्ने खेल भएको बताएका थिए। 'त्यही खेलअन्तर्गत विशेष महाधिवेशन भयो। रास्वपालाई दुईतिहाइको अवस्थामा पुऱ्याउन कांग्रेसलाई कमजोर नपारी हुने थिएन, त्यो काम पनि भयो। अनुशासन समितिको नाममा अहिले गरिएको निर्णय पनि त्यसैको निरन्तरता हो। यसप्रति हामी सचेत रहनुपर्छ। देशभरका साथीहरूलाई विषयको गाम्भीर्यता बुझाउनुपर्छ,' खड्काको भनाइ थियो।

नेता गुरु बरालले विधि र विधानसम्मत ढंगले निर्वाचित केन्द्रीय समितिलाई वैधानिकता दिएर १५औं महाधिवेशनमा जानुपर्ने बताए। अदालतको फैसलापछि १५औं महाधिवेशनको तयारीमा जुट्ने उनले बताए। 'सबै आग्रह-पूर्वाग्रह त्यागेर १५औं महाधिवेशनमा जानुपर्छ। निर्वाचित केन्द्रीय कार्यसमितिको भूमिकालाई माइनस गरेर जाने कुरा हुँदैन,' उनले भने, 'कांग्रेस विधि, मूल्य र मान्यताअनुसार चल्ने पार्टी हो।'

# मल्ल कायममुकायम प्रधानन्यायाधीश

## सर्वोच्चमा तीन न्यायाधीशको पद रिक्त

नयाँ पत्रिका



प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले बुधबारदेखि उमेरहदका कारण अवकाश पाएपछि सर्वोच्च अदालतमा कायममुकायम प्रधानन्यायाधीशका रूपमा वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लले कार्यभार सम्हालेकी छिन्। यससँगै प्रधानन्यायाधीशसमेत २१ जना रहने सर्वोच्च अदालतमा अब १८ न्यायाधीश छन्। ०१७ मा जन्मिएका वर्तमान प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले १८ चैतदेखि ६५ वर्षे उमेरहदका कारण अवकाश पाएका हुन्। सिंहको कार्यकाल झन्डै १८ महिना थियो।

नयाँ प्रधानन्यायाधीश नियुक्तिको सिफारिस भइसकेको छ। संविधानको धारा २९२ ले संसदीय सुनुवाइसम्बन्धी व्यवस्था गरेको छ। जसअनुसार प्रधानन्यायाधीशका लागि संसदीय सुनुवाइ अनिवार्य छ। दुवै सदन सम्मिलित सुनुवाइ समिति गठनपछि मात्र सुनुवाइ प्रक्रिया सुरु हुनेछ।

भावी प्रधानन्यायाधीश पदमा नियुक्ति सिफारिसका लागि संवैधानिक परिषद्मा योग्यता पुगेका सर्वोच्चका न्यायाधीशहरूको नाम न्यायपरिषद्ले पठाइसकेको छ। सम्भावित प्रधानन्यायाधीशका लागि योग्य वरिष्ठतम न्यायाधीश मल्लका साथै न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयाँल, मनोजकुमार शर्मा, नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम पठाइएको परिषद्को भनाइ छ।

संविधानको धारा १२९ ले नेपालको प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतको न्यायाधीशको नियुक्ति र योग्यतासम्बन्धी व्यवस्था गरेको छ। जसमा संवैधानिक परिषद्को सिफारिसमा प्रधानन्यायाधीशको र न्यायपरिषद्को सिफारिसमा सर्वोच्च अदालतको अन्य न्यायाधीशको नियुक्ति हुने प्रावधान छ। यसैको उपधारा (३) मा सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति प्रधानन्यायाधीश पदका लागि योग्य हुने उल्लेख छ।

१२९ (५) मा भनिएको छ, 'कानुनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानुनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा पन्ध्र वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा पन्ध्र वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानुनविद्को रूपमा ख्याति प्राप्त गरेको वा न्याय सेवाका राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा बाह्र वर्ष काम गरेको नेपाली नागरिक सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिनेछ।'

न्यायपरिषद् ऐनमा उमेरको हदबाट अवकाश हुने सर्वोच्च अदालतका न्यायाधीशको पद यकिन गरी त्यस्तो पद रिक्त हुनुभन्दा कम्तीमा एक महिनाअगाडि नियुक्तिका लागि सिफारिस गर्नुपर्ने व्यवस्था छ। न्यायपरिषद्ले पठाएको नामलाई संवैधानिक परिषद्को सिफारिसमा प्रधानन्यायाधीशको नियुक्ति हुने प्रावधान छ। संवैधानिक परिषद्मा प्रधानमन्त्री अध्यक्ष रहन्छन् भने सदस्यका रूपमा प्रतिनिधिसभाका सभामुख, उपसभामुख, प्रमुख प्रतिपक्षी दलको नेता, राष्ट्रिय सभा अध्यक्ष र प्रधानन्यायाधीश रहन्छन्। यद्यपि, प्रधानन्यायाधीशको नियुक्तिसम्बन्धी निर्णय लिने वेला भने संघीय कानुनमन्त्री सदस्यका रूपमा हुने व्यवस्था छ। यसका लागि एक महिनाअगावै नियुक्ति सिफारिस गर्नुपर्ने प्रावधान छ। नयाँ सरकार गठन भएको एक साता पनि नभएकाले संवैधानिक परिषद्को बैठक बस्न भ्याएको छैन।

संक्षेप

## खड्का र शर्मालाई छाड्न अस्वीकार

**काठमाडौं**/ सर्वोच्च अदालतले पूर्वमन्त्री दीपक खड्का र लुम्बिनी प्रदेश सांसद रेखा शर्माको हकमा कारण देखाऊ आदेश जारी गरेको छ। बुधबार सर्वोच्चले दुवैजनाको रिटमाथि विपक्षीसँग जवाफ माग्ने आदेश गरेको हो। न्यायाधीश श्रीकान्त पौडेलले यस्तो आदेश गरेका हुन्। खड्का कांग्रेसबाट मन्त्रीसमेत भइसकेका छन्। शर्मा एमालेकी प्रदेश सांसद हुन्। खड्काको हकमा उनकी श्रीमती विनिता थापा र शर्माका हकमा श्रीमान् चिन्तामणि शर्माले १७ चैतमा बन्दी प्रत्यक्षीकरणको रिट दर्ता गरेका थिए। अघिल्लोपटक संखुवासभाबाट सांसद बनेका खड्कामाथि सम्पत्ति शुद्धीकरण अभियोगमा अनुसन्धानका लागि पक्राउ गरेको जनाएको छ। लैनचौरस्थित स्काउटको जग्गा विवादमा समेत मुछिएका उनको घर जेन-जी आन्दोलनका क्रममा जल्दा पैसाको थुप्रो जलेको भेटिएपछि झन् विवादमा मुछिएका थिए। यसै क्रममा अनुसन्धानमा रहेका उनलाई नियन्त्रणमा राख्नुको कारण सर्वोच्च अदालतले सुरक्षा निकायसँग मागेको हो। तीन दिनको समय दिई कारण पेस गर्न भनिएको सर्वोच्च प्रशासनले जनाएको छ। नाबालिकालाई घरेलु कामदार बनाएर हिंसा गरेको अभियोगमा लुम्बिनीकी सांसद शर्मालाई आइतबार राति पक्राउ गरिएको थियो।

## परराष्ट्रमन्त्री खनाल र पोर्चुगलका समकक्षीबिच फोनवार्ता

**काठमाडौं**/ परराष्ट्रमन्त्री शिशिर खनालले बुधबार पोर्चुगलका परराष्ट्रमन्त्री पाउलो रांगेलसँग टेलिफोन वार्ता गरेका छन्। परराष्ट्रमन्त्री खनालले पोर्चुगलमा रहेका दुई हजारभन्दा धेरै नेपालीबारे चासो राखेको परराष्ट्र मन्त्रालयले जनाएको छ। परराष्ट्रमन्त्री खनालले कागजातसम्बन्धी गम्भीर समस्यामा परेका नेपाली नागरिकको अवस्थाप्रति ध्यानाकर्षण गराएका थिए। नयाँदिल्लीस्थित कूटनीतिक नियोगबाट जारी भएको भनी देखाइएका प्रहरीका नक्कली छापका कारण नेपालीलाई प्राविधिक तथा कानुनी जटिलता परेको परराष्ट्रमन्त्री खनालको भनाइ थियो। त्यहाँ काम गर्ने श्रमिक नेपालीलाई कागजातको समस्या परेको जानकारी पाएको भन्दै नेपालीको कानुनी अवस्थालाई समाधान गरिदिन अनुरोध गरेका थिए। पोर्चुगलका परराष्ट्रमन्त्री रांगेलले नेपाली समुदायप्रति उच्च सम्मान व्यक्त गर्दै उनीहरूले पोर्चुगलको अर्थतन्त्र र सामाजिक जीवनमा पुऱ्याएको महत्त्वपूर्ण योगदानको प्रशंसा गरे। उनले कागजातलगायत विषयलाई मानवीय दृष्टिकोणबाट हेरिने विश्वास दिलएका छन्। सम्बन्धित निकायसँग समन्वय गरी नेपालीको समस्याको सकारात्मक समाधान खोजिने उनको प्रतिबद्धता थियो। 'विदेशमा रहेका नेपालीको हित परराष्ट्र मन्त्रालयको प्रमुख प्राथमिकता हो,' परराष्ट्रमन्त्री खनालले भने, 'हामी आफ्ना नागरिकलाई न्यायपूर्ण व्यवहार सुनिश्चित गर्न तथा उनीहरूको योगदानलाई स्पष्ट र सहज कानुनी प्रक्रियामार्फत सुरक्षित गर्न सबै कूटनीतिक माध्यम प्रयोग गर्न प्रतिबद्ध छौं।'

## बागमतीमा सात मन्त्रालय बनाउने कांग्रेस प्रस्ताव

**मकवानपुर**/ बागमती प्रदेशमा प्रशासनिक संरचना चुस्त बनाउने उद्देश्यसहित सत्तारूढ दल कांग्रेसले मन्त्रालय संख्या आधा घटाउने प्रस्ताव अघि बढाएको छ। प्रदेशमा हाल कायम १४ मन्त्रालयलाई घटाएर सातवटामा सीमित गर्ने गरी पार्टीले सरकारलाई औपचारिक रूपमा पहल गर्न निर्देशन दिएको हो।

काठमाडौंमा बसेको कांग्रेस बागमती प्रदेश संसदीय दलको बैठकले प्रशासनिक पुनर्संरचनालाई प्राथमिकतामा राख्दै मन्त्रालय संख्या घटाउने प्रस्तावलाई अघि बढाउने निर्णय गरेको संसदीय दलका सचिव मीनकृष्ण महर्जनले जानकारी दिए। दलका नेता तथा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको अध्यक्षतामा बसेको बैठकले उच्चस्तरीय समितिले तयार पारेको मस्यौदालाई कार्यान्वयनतर्फ लैजान सरकारलाई आग्रह गर्ने निर्णय गरेको हो। मस्यौदाअनुसार प्रदेश सरकारका १४ मन्त्रालयलाई घटाएर सातमा सीमित गर्ने, हाल रहेका सात निर्देशनालयमध्ये पाँचवटा खारेज गरी दुईवटामा सीमित गर्ने र ७०१ कर्मचारी दरबन्दी कटौती गर्ने प्रस्ताव छ। कांग्रेसले यो मस्यौदालाई सरकारमा सहभागी अर्को दल एमालेसँग छलफल गरी पारित गर्नुपर्नेमा जोड दिएको छ। बागमती प्रदेशमा कांग्रेस-एमाले गठबन्धन सरकार सञ्चालनमा छ। यसअघि प्रदेश प्रशासनिक पुनर्संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित अधिकतम आठ मन्त्रालय पर्याप्त हुने निष्कर्षसहित गत २७ फागुनमा प्रतिवेदन बुझाएको थियो।

■ धोबीखोलाको सफाइ



धोबीखोला सरसफाइ गर्दै काठमाडौं महानगरपालिकाका कामदार। खोलामा रुखको हाँगा र झाडीसँगै प्लास्टिक टिपेर सफा बनाइएको छ। तस्बिर : दिपेन्द्र डुंगाना/नयाँ पत्रिका

# केसी र अर्यालविरुद्धको रिटमा अग्राधिकार दिने आदेश



**काठमाडौं**/ पटक-पटक अवसर पाएकाहरू फेरि पनि समानुपातिक प्रणालीमार्फत सांसद बनेको भन्दै सर्वोच्च अदालतमा रिट दर्ता भएको छ। खजान्ती महतो नुनियाँले दायर गरेको रिटलाई सर्वोच्चले अग्राधिकार दिएको छ भने कारण देखाऊ आदेश जारी गरेको छ।

श्रीकान्त पौडेलको इजलासले यस मुद्दामा यस्तो आदेश गरेको हो। यस रिटमा अन्तरिम आदेश जारी गर्न भने सर्वोच्चले अस्वीकार गरेको छ। १७ चैतमा नुनियाँले रिट दर्ता गराएका थिए। रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय संसद्, निर्वाचन आयोग, कांग्रेस, एमालेका साथै समानुपातिक प्रणालीबाट सांसद बनेका अर्जुननरसिंह केसी र पद्माकुमारी अर्याललाई विपक्षी बनाइएको छ।

संविधानको धाराले समानुपातिक प्रणालीअन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछाडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खसआर्यलाई समानुपातिक समावेशी नीतिका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने व्यवस्था गरेको छ। तर, पटक-पटक सुविधा पाएकाले नै पुनः अवसर भएको भन्दै रिट दर्ता भएको हो।

यसरी समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित ११० जना सांसदमध्ये कांग्रेसका केसी र एमालेकी अर्यालको नियुक्ति वा सिफारिस बदरको माग रिटमा छ। उनीहरू दुवैजना विगतमा मन्त्री भइसकेका हुन्। आफूले यसअघि दायर गरेको रिटमा भएको फैसलाविपरीत पुनः समानुपातिक समावेशी सांसदको सूची बनेकोसमेत उनले निवेदनमा उल्लेख गरेका छन्। सामाजिक न्यायसम्बन्धी हकको कार्यान्वयन गराउनू भनी आदेश भए पनि सोअनुसार निर्वाचन आयोगको कामकारबाही र समानुपातिक सूची नबनेको नुनियाँले निवेदनमा उल्लेख गरेका छन्।

# युद्धग्रस्त लेबनानबाट पुसदेखि शान्ति सैनिक फर्किने

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका



● **राजाराम बस्नेत**, प्रवक्ता, नेपाली सेना



लेबनानमा रहेका ५५० नेपाली सैनिक सुरक्षित छन्, सुरक्षा मापदण्ड पालना गरेर बस्न भनिएको छ, उनीहरूको सुरक्षामा चासो राखेका छौं।

लेबनान र इजरायलको युद्धविराम सम्झौता अनुगमनका लागि सीमा क्षेत्रमा खटिएको लेबनानस्थित संयुक्त राष्ट्रसंघीय अन्तरिम बल (युनिफिल)मा कार्यरत शान्ति सैनिक आगामी १६ पुसबाट फिर्ता हुँदै छन्। तर, लेबनानमा इजरायली आक्रमण जारी रहेको तथा पछिल्लोपटक शान्ति सैनिक पनि निसानामा परेपछि राष्ट्रसंघीय सुरक्षा परिषद्मा छलफल भएको छ। लेबनानमा २९ फागुनमा नेपाली सैनिकको एउटा भवनमा आक्रमण भएको थियो भने केही दिनअघि सवारी विस्फोटमा दुईजना इन्डोनेसियाली शान्ति सैनिक मारिएपछि राष्ट्रसंघमा समीक्षा सुरु भएको छ।

लेबनानस्थित युनिफिल मिसनमा ५५० नेपाली सैनिक कार्यरत छन्। उनीहरू ड्युटीको समयबाहेक बंकरमा छन्। नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतले लेबनानमा शान्ति सैनिकको सुरक्षाबारे परराष्ट्र मन्त्रालयमार्फत राष्ट्रसंघ हेडक्वार्टरलगायत निकायमा चासो राखिएको जानकारी दिए। 'शान्तिस्थापक मिसनमा जम्मा चार हजार ३०९ जना नेपाली सैनिक कार्यरत छन्। यीमध्ये लेबनानस्थित युनिफिल मिसनमा ५५० जना कार्यरत छन्। उनीहरू सुरक्षित छन्,' नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतले नयाँ पत्रिकासँग भने, 'संयुक्त राष्ट्रसंघ र हामीले सुरक्षितसाथ बस्नु र कर्तव्य निर्वाह गर्नु भन्ने निर्देशन गरेका छौं। ड्युटीको अवस्थामा बाहेक परिस्थितिअनुसार हाम्रो फौज बंकरमा छ।'

सुरक्षा परिषद्को स्थायी सदस्य मुलुक फ्रान्सको अनुरोधमा मंगलबार बसेको बैठकमा शान्ति सैनिकमाथि भएका पछिल्ला हमलाबारे समीक्षा भएको राष्ट्रसंघले जनाएको छ। सन् १९७८ देखि संयुक्त राष्ट्रसंघले लेबनानमा संयुक्त राष्ट्र अन्तरिम बल (युनिफिल) तैनाथ गर्दै आएको छ। युनिफिलले दक्षिण लेबनानबाट इजरायली फौज फिर्ता भएपछिको अवस्था अनुगमन गर्ने तथा लेबनानी सशस्त्र बललाई सहयोग गर्न मद्दत गर्दै आएको छ।

सुरक्षा परिषद् बैठकमा राष्ट्रसंघको शान्ति अपरेसनका उपमहासचिव जाँ-पियरे लाक्रोआले लेबनानको हिज्बुल्लाह समूहले दैनिक रूपमा रकेट, मिसाइल र ड्रोनमार्फत इजरायल र सिरियाको गोलान हाइट्स क्षेत्रमा आक्रमण गरिरहेको बताए। यसैगरी, इजरायलले पनि बफर जोन विस्तार गरिरहेको उनको भनाइ थियो।

'इजरायली नेताहरूले अहिले खुला रूपमा तथाकथित सुरक्षा जोन वा बफर जोन विस्तार गर्ने, ब्लु लाइन (इजरायल-लेबनानको अस्थायी सीमारेखा) आसपासका लेबनानी गाउँ र लिटानी नदीका पुल ध्वस्त पार्ने अभिव्यक्ति दिइरहेका छन्,' उनले भने। इजरायली आक्रमणपछि सवारीसाधन विस्फोट हुँदा दुईजना इन्डोनेसियाली शान्ति सैनिकको मृत्यु भएको छ भने त्यसअघि एकजना शान्ति सैनिकको मृत्यु भएको छ। दक्षिण लेबनानको मेस इल जाबेल क्षेत्रमा रहेको नेपाली सैनिकको गणको एउटा घरमा २९ फागुनमा आक्रमण भएको थियो। यद्यपि, नेपाली सैनिक नरहेका कारण कसैलाई केही नभएको सेनाले जनाएको छ।

सीमारेखा (ब्लु लाइन) बाट इजरायली सेना लेबनानतिर अघि बढेको तथा आक्रमण जारी राखेको पनि सुरक्षा परिषद्मा ब्रिफिङ भएको थियो। राष्ट्रसंघका अनुसार इजरायलको आक्रमणपछि पछिल्लोपटक लेबनानमा एक हजार २४० जनाको मृत्यु भएको छ, तीन हजार ६८० जना घाइते भएका छन् र ११ लाखभन्दा बढी विस्थापित भएका छन्।

सुरक्षा परिषद् बैठकमा चिनियाँ प्रतिनिधिले लेबनानलाई अर्को गाजा बनाउन नहुने भन्दै इजरायललाई फौज फिर्ता गर्न माग गरेको राष्ट्रसंघले जनाएको छ। राष्ट्रसंघले गत वर्ष नै लेबनानको युनिफिल मिसन ३१ डिसेम्बर २०२६ सम्म रहने निर्णय गरिसकेको छ। उसले अन्तिमपटक मिसनको म्याद थपेको स्पष्ट पारिसकेको छ। तर, यो जानकारी प्राप्त भइनसकेको नेपाली सेनाले जनाएको छ। 'राष्ट्रसंघले यो निर्णय गरेको भन्ने जानकारी छ, तर नेपाली सेनालाई राष्ट्रसंघबाट आधिकारिक वा औपचारिक जानकारी प्राप्त भएको छैन,' प्रवक्ता बस्नेतले भने। मिसनको अवधि सकिएको एक वर्षभित्र फौज र कर्मचारी त्यहाँबाट बाहिर जानेछन्।

लेबनान र इजरायलबिच युद्धपछि सन् २००० मा ११० किलोमिटर काल्पनिक सीमारेखा (ब्लु लाइन) कोरियो। यो अन्तर्राष्ट्रिय सीमारेखा नभए पनि लेबनान-इजरायलबिच युद्ध रोक्ने संयुक्त राष्ट्रसंघीय उपाय हो। सीमारेखाको सबैभन्दा संवेदनशील १५ किलोमिटर क्षेत्रको निगरानीमा राष्ट्रसंघीय अन्तरिम फोर्स (युनिफिल)को नेतृत्वमा नेपाली सैनिक खटिँदै आएका छन्। दक्षिण लेबनानको सीमा क्षेत्र लेबनानको राजधानी बेरुतबाट करिब तीन सय किलोमिटर दूरीमा छ।

११ मार्च १९७८ मा प्यालेस्टाइन लिबरेसन अर्गनाइजेसन (पिएलओ)ले ३७ जना इजरायलीको सामूहिक हत्या गरेपछि दक्षिण लेबनान इजरायलले कब्जा गरेको थियो। लेबनान सरकारले इजरायली कब्जाविरुद्ध संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा विरोध जनाएपछि १९ मार्चमा राष्ट्रसंघले इजरायललाई कब्जा भूभाग छाडेर जानुपर्ने प्रस्ताव (नम्बर ४२५) पारित गरेको थियो। योसँगै राष्ट्रसंघले २३ मार्च १९७८ मा युनाइटेड नेसन्स इन्टेरियम फोर्स इन लेबनान (युनिफिल)को नाममा सैनिक पठायो। त्यही समयदेखि नेपाली सैनिक यहाँ तैनाथ छन्। नेपाली सेनाको पर्यवेक्षक टोली भने सन् १९५८ देखि नै लेबनानमा खटिएका थिए।

# संसद्को साख र सांसदको आचरणको प्रश्न

## सांसदहरूको अभिव्यक्ति स्वतन्त्रता असीमित हुँदैन, यो संसदीय नियमावली र नैतिक मूल्यको परिधिभित्र बाँधिएको हुनुपर्छ



● सञ्जीव कार्की

अग्रलेख

संसदीय लोकतन्त्रमा संसद् केवल कानुन निर्माण गर्ने 'थलो' मात्र होइन, यो राष्ट्रको ऐना र नागरिकको सर्वोच्च नैतिक पाठशाला पनि हो। संसद्को रोस्ट्रमबाट प्रवाह हुने शब्द, शैली र व्यवहारले समाजको राजनीतिक संस्कृति निर्माण गर्छ। तर, हाम्रो संसद्मा देखिने अमर्यादित भाषा, व्यक्तिगत आक्षेप र पदीय गरिमाविपरीतका गतिविधिले एउटा गम्भीर प्रश्न उब्जाएको छ। के हाम्रा जनप्रतिनिधि 'संस्थागत मर्यादा'प्रति सचेत छन् ? सांसद पद पाएर मात्रै हुँदैन। सांसदहरूसँग विशेष योग्यता पनि आवश्यक हुन्छ। त्यो योग्यता सांसद भएपछि पनि प्राप्त गर्न सकिन्छ। नयाँ आचरण र संस्कार विकास गर्न सकिन्छ। पदको मर्यादा र गरिमा कायम राख्ने बोली व्यवहार र तरिका विकास गर्न सकिन्छ, तर हाम्रा पार्टी र सांसद त्यतातिर ध्यान दिँदैनन्। विगतमा सांसदहरू आचरणच्युत भएका थुप्रै उदाहरण छन्। विगतका गलत कुराबाट सिकेर नवीन र सामाजिक राजनीतिक सदभावसहितको संसद् नेपालीले हेर्न चाहेका हुनाले नयाँ पार्टी रास्वपालाई जनताले भव्य जनमत दिएर अनुमोदन गरेका हुन्।

विगतमा कतिपय सांसदले संसद्को मर्यादा गम्भीर रूपमा उल्लंघन गरेका छन्। आगामी संसद् त्यस्तो नबनोस्। निर्वाचित भएसँगै हाम्रा सांसद एउटा व्यक्ति मात्र रहन्नन्। उनीहरू सार्वभौम नागरिकका प्रतिनिधि र स्वयं संस्था बनेका हुन्छन्। अतः एउटा सार्वजनिक र मर्यादित संस्थाका केही आफ्ना विशेष आचरण, व्यवहार र शैली हुन्छन् भने कतिपय पार्टीले आफ्नो पृथक् पहिचान निर्माण गर्न पार्टीगत अनुशासन र आफ्नै खाले आचरण, व्यवहार, शैली र तरिका पनि निर्धारण गरेका हुन्छन्।

### ■ संवैधानिक दायित्व र आचरणको कसी

शक्ति पृथकीकरणको सिद्धान्तअनुसार संसद्ले कार्यपालिकालाई नियन्त्रण र सन्तुलनमा राख्नुपर्छ। तर, यो नियन्त्रण गर्ने संस्था आफैंमा अनुशासित हुनु अनिवार्य छ। मोन्टेस्क्युले प्रतिपादन गरेको सिद्धान्तको मर्म नै 'अनियन्त्रित शक्ति'को निषेध हो। सांसदहरूको अभिव्यक्ति स्वतन्त्रता 'असीमित' हुँदैन, यो संसदीय नियमावली र नैतिक मूल्यको परिधिभित्र हुनुपर्छ। संसद्मा प्रस्तुत हुने 'कोड अफ कन्डक्ट' (आचारसंहिता)ले सांसदलाई कुन विषयमा बोल्नेभन्दा पनि 'कसरी बोल्ने' भन्ने सीमा निर्धारण गर्छ। यसै सन्दर्भमा गत ४ चैतमा रास्वपा सभापति रवि लामिछानेले आफ्ना दलका सांसदहरूलाई सांसदको वाक्-स्वतन्त्रतासँगै अनुशासनको पनि हेक्का राख्न स्मरण गराएको कुराले वाक्-स्वतन्त्रतासँगै वाक्-मर्यादा र शिष्टताको अविभाज्य सभ्यता सबैका लागि अनुकरणीय छ।

### ■ निर्वाचन प्रणाली र विभेदको अन्त्य

हाम्रो मिश्रित निर्वाचन प्रणाली (प्रत्यक्ष र समानुपातिक) भित्र कहिलेकाहीं 'निर्वाचित' र 'मनोनीत'जस्तो कृत्रिम वर्गीकरण गरी सांसदबिच विभेद सिर्जना गरिन्छ। संसद्को सर्वोच्चता कायम राख्न यस्तो विभेदकारी दृष्टिकोण घातक हुन्छ। चाहे कसैले प्रत्यक्ष निर्वाचन प्रणालीबाट जितून् या कोही समानुपातिक सूचीबाट आऊन्, संसद् छिरेपछि सबैको संवैधानिक हैसियतबराबर हुन्छ। आचारसंहिताले यो विभेदलाई मेटाउँदै सबै सांसदलाई समान उत्तरदायित्व र मर्यादाको कसीमा उभ्याउनु सक्नुपर्छ।

### ■ सामाजिक र लैंगिक संवेदनशीलता

संसद् समाजको सबैभन्दा विविधतायुक्त अंग हो। यहाँ महिला, दलित, जनजाति, मधेशी र युवाहरूको प्रतिनिधित्व हुन्छ। तर, बहसमा उत्रिँदा प्रयोग गरिने नश्लीय टिप्पणी, लैंगिक पूर्वाग्रह र कसैको व्यक्तिगत जीवनमाथि गरिने प्रहारले संसद्को मात्र होइन, लोकतन्त्रकै खिल्ली उडाउँछ। विशेषगरी दलित, महिला, मधेशी र अल्पसंख्यक समुदायका सांसदमाथि हुने 'मनोवैज्ञानिक हिंसा'लाई रोक्न कडा आचारसंहिता आवश्यक छ। संसद्ले समाजलाई 'लैंगिक समानता' र 'विविधताको सम्मान' गर्ने सन्देश दिने आदर्श थलोका रूपमा आफूलाई उभ्याउन सक्नुपर्छ।

### ■ सरकार, प्रतिपक्ष र कूटनीतिक मर्यादा

संसदीय व्यवस्थामा सरकार र प्रतिपक्ष एकै रथका दुई पांग्रा हुन्। सत्तापक्षले प्रतिपक्षको रचनात्मक आलोचनालाई 'अवरोध' ठान्नु र प्रतिपक्षले सत्तापक्षलाई 'दुस्मन' ठान्नु दुवै गलत हो। संसद्मा प्रयोग गरिने भाषाले छिमेकी राष्ट्र र मित्रराष्ट्रसँगको कूटनीतिक सम्बन्धमा समेत प्रभाव पार्छ। राष्ट्रिय स्वार्थ र परराष्ट्र नीतिका संवेदनशील विषयमा बोल्दा 'कूटनीतिक मर्यादा' भुल्नुहुँदैन। हलुका टिप्पणीले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको छवि धमिल्याउन सक्छ। मित्रराष्ट्रसँगको सम्बन्धमा दरार ल्याउन सक्छ। भन् दुई छिमेकी मुलुक भारत र चीनको सुरक्षा संवेदनशीलतामा आँच आउने कुरा गर्दा हामीले हाम्रो भू-राजनीतिक अवस्थितिलाई कसैगरी पनि भुल्नुहुँदैन। संवैधानिक सर्वोच्चता र कानुनी पक्ष संसदीय व्यवस्थामा संविधान र नियमावलीले मार्गनिर्देश गरे तापनि व्यावहारिक कार्यान्वयन आचरणमा निर्भर गर्छ। सरकारले संसद्प्रति उत्तरदायी हुनुपर्ने र संसद्ले जनताको भावनालाई कानुनमा रूपान्तरण गर्नुपर्ने कानुनी दायित्व हुन्छ। यस प्रक्रियामा सत्तापक्षले सरकारको प्रतिरक्षा गर्दा र प्रतिपक्षले आलोचना गर्दा पालना गर्नुपर्ने एक निश्चित सीमा हुन्छन्। संसद्मा प्रतिपक्षको उपस्थिति 'शत्रु'का रूपमा नभई 'रचनात्मक पहरेदार'का रूपमा हुनुपर्छ। सत्तापक्षले प्रतिपक्षको आवाजलाई उचित सम्मान दिनु र प्रतिपक्षले पनि विरोधका नाममा अराजकता नमच्चाउनु नै संसदीय संस्कृतिको सौन्दर्य हो। मिचाहा सत्तापक्ष र विरोधका लागि विरोध गर्ने प्रतिपक्ष संसदीय मर्यादाका बाधक मानिन्छन्।



सत्तापक्षले प्रतिपक्षको आवाजलाई उचित सम्मान दिनु र प्रतिपक्षले पनि विरोधका नाममा अराजकता नमच्चाउनु नै संसदीय संस्कृतिको सौन्दर्य हो। मिचाहा सत्तापक्ष र विरोधका लागि विरोध गर्ने प्रतिपक्ष संसदीय मर्यादाका बाधक मानिन्छन्।

राष्ट्रिय स्वार्थ र परराष्ट्र नीतिका संवेदनशील विषयमा संसद्मा बोल्दा 'कूटनीतिक मर्यादा' भुल्नुहुँदैन। हलुका टिप्पणीले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको छवि धमिल्याउन सक्छ। मित्रराष्ट्रसँगको सम्बन्धमा दरार ल्याउन सक्छ।

### ■ नयाँ शक्ति र 'पोलिटिकल स्कुलिङ'

पछिल्लो निर्वाचनबाट उदाएका नयाँ राजनीतिक दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र श्रमसंस्कृति पार्टीका प्रतिनिधि विभिन्न व्यावसायिक पृष्ठभूमिबाट आएका छन्। उनीहरूका लागि संसदीय आचारसंहिता केवल नियम मात्र होइन, यो एउटा 'पोलिटिकल स्कुलिङ' पनि हो। परम्परागत राजनीतिको विकृति सुधार्न आएका शक्तिले संसद्मा मर्यादित आचरण प्रदर्शन गर्न सकेनन् भने उनीहरूप्रतिको सार्वजनिक भरोसा टुट्न सक्छ।

रास्वपा र श्रम संस्कृतिको सन्दर्भमा विशेष आवश्यकता रहेको देखिन्छ। किनभने, रास्वपा सत्तासीन दल मात्र होइन, भन्डै 'दुईतिहाइ बहुमत' भएको दल हो। संसद्को यति ठुलो दल आफैंमा देशको 'लिडर' दल हो, उसले (उसका सांसद) ले अवलम्बन गर्ने नीति, वरण गर्ने चरित्र र कायम गर्ने अनुशासनले संसद्मा धेरै महत्त्व राख्छ। संसद् विश्वमा हेरिन्छ। यसर्थ, संसदीय मर्यादा संसद्भित्र होस् या बाहिर, अत्यन्तै महत्त्वपूर्ण मानिन्छ।

रास्वपाजस्तो नयाँ राजनीतिक शक्तिका लागि 'कोड अफ कन्डक्ट' केवल नियम होइन, पहिचान निर्माणको आधार पनि हो। किनभने, भर्खरै बनेको पार्टी भएकाले रास्वपाभित्र वैचारिक विविधता धेरै छ, राजनीतिक अनुभव असमान छ र सार्वजनिक अपेक्षा उच्च छ। यस्तो अवस्थामा यदि स्पष्ट आचारसंहिता र अभिमुखीकरण भएन भने सन्देश असंगत हुन्छ, व्यवहार असमान हुन्छ र पार्टीको विश्वसनीयता घट्छ, त्यसैले रास्वपाले आफ्ना सांसदलाई आफ्नो तर्फबाट सिकाउन खोजेको कुरा सिकेर व्यवहारमा उतार्नु अपरिहार्य छ। पार्टी र संसद्को कोड अफ कन्डक्ट प्रभावकारी रूपमा लागू गरियो भने सांसदमा एकरूपता आउँछ, अनुशासन बढ्छ र वैकल्पिक राजनीतिक संस्कारको उदाहरण स्थापित हुन्छ।

संसदीय भाषा र अभिव्यक्तिको मर्यादा, व्यक्तिगत आरोप र चरित्रहत्या निषेध, लैंगिक तथा जातिगत सामाजिक संवेदनशीलता, विरोध प्रदर्शनको मर्यादित तरिका, हित-संघर्ष व्यवस्थापन, सार्वजनिक तथा निजी व्यवहारको सीमारेखालगायत बुँदा संसद्को आचार संहिता र सार्वजनिक उत्तरदायित्वका लागि अनिवार्य हुन्छन्। पारदर्शिता र जवाफदेही व्यवहार, सम्पत्ति तथा स्वार्थ खुलासा, संसद्मा उपस्थिति र सक्रिय सहभागिता सांसदहरूको प्राथमिकतामा पर्नुपर्छ। भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, डिजिटल आचरण, गोपनीयता र सूचना सुरक्षा, सार्वजनिक स्रोतको सदुपयोगमा पनि सांसदहरूको ध्यान पुग्नुपर्छ। नैतिक नेतृत्व र उदाहरणीय व्यवहार, दण्ड-सजाय र कार्यान्वयन संयन्त्र, नागरिकसँग संवाद र पहुँच, दलगत अनुशासन र स्वतन्त्रताको सन्तुलनजस्ता विषय सार्वजनिक व्यक्तित्व र जनप्रतिनिधिका लागि चाहिने आवश्यक पूर्वसर्त हुन्।

### ■ निष्कर्ष

मिसेल फुकोका अनुसार 'ज्ञान शक्ति हो', तर आधुनिक संसदीय अभ्यासमा 'मर्यादित आचरण' पनि एउटा ठुलो शक्ति हो। पदले मानिसलाई ठुलो बनाउँदैन, बरु मानिसको व्यवहारले पदलाई सम्मानित बनाउँछ। संसद्को गरिमा जोगाउन कानुन मात्र पर्याप्त हुँदैन, सांसदहरूको व्यक्तिगत र संस्थागत आचरणमा शुद्धीकरण जरुरी छ। त्यसैले, स्पष्ट आचारसंहिताको निर्माण र त्यसको इमानदार पालना नै आजको संसदीय राजनीतिको अनिवार्य सर्त हो। सांसदको व्यक्तिगत स्वतन्त्रताभन्दा माथि 'संस्थागत मर्यादा' रहन्छ। यही मर्यादालाई जीवन्त राख्न 'कोड अफ कन्डक्ट' (आचारसंहिता) एक अनिवार्य कानुनी तथा नैतिक दस्ताबेज र अवधारणा हो। सांसदको हैसियत केवल कानुनी मात्र होइन, यो एक गहिरो नैतिक जिम्मेवारी पनि हो। आममान्छेलाई कस्तो प्रभाव छोड्ने भन्ने सवाल पनि हो।

## ३ प्रश्न

मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री **जंगीलाल राय**लाई



**मधेशका स्थानीय तहमा रहेका १३६ प्रयोगशाला किन प्रयोगविहीन अवस्थामा छन् ?**

मधेश प्रदेश सरकारले स्थानीय तहसँग सहकार्य गरी सर्वसुलभ दरमा परीक्षण गर्न जनस्वास्थ्य प्रयोगशाला स्थापना गऱ्यो। प्रदेशका १३६ पालिकामा उपकरणको व्यवस्थापनसँगै जनशक्तिसमेत परिचालन गरिएपछि १३५ स्थानमा प्रयोगशाला सञ्चालनमा रहेका छन्। तर, समयमै आवश्यक पर्ने 'रि-एजेन्ट' खरिद गर्न नसक्दा सेवा प्रभावित भयो। कतैकतै जनशक्तिको पनि समस्या भएको छ। यसमा सुधार गर्न प्रदेश सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पहल पनि गरिरहेको छ।

**यसले गर्दा निजी ल्याबबाट सेवा लिनुपर्दा नागरिकमाथि पर्ने चर्को आर्थिक भारको जिम्मा कसले लिने हो ?**

पालिकाले समन्वय गरी पनि ती प्रयोगशाला सञ्चालन गर्नुपर्थ्यो, तर त्यो हुन सकेको छैन। प्रदेशले राम्रो गर्ने प्रयास गरे पनि व्यवस्थापनलगायत पक्षमा देखिएका कमजोरी र त्यसबाट सेवाग्राहीले भोग्नुपरेको समस्याको जिम्मेवारी पनि हामीले नै लिनुपर्छ।

**यस्ता अलपत्र अवस्थाका सुविधासम्पन्न ल्याब सञ्चालनमा ल्याउन के गर्दै हुनुहुन्छ र कहिलेसम्म सञ्चालनमा आउँछन् ?**

सबै जनस्वास्थ्य प्रयोगशालालाई सञ्चालनमा ल्याउन रि-एजेन्ट किन्न, कार्यरत कर्मचारीको तलब, सुविधा भुक्तानी गर्न काम अघि बढेको छ। कर्मचारीको माघदेखि २०८३ असारसम्मको तलबका लागि करिब ५-६ करोड र रि-एजेन्ट खरिद गर्न सात करोडको टेन्डर प्रक्रिया अघि बढाउन लागेको छु। यसले बन्द रहेका र आंशिक रूपमा चलेका प्रयोगशाला पूर्ण रूपमा सञ्चालनमा आउनेछन्। अगामी आर्थिक वर्षको बजेटमा यसबारे थप नीतिगत निर्णय र बजेटको विषय समावेश गर्दै स्थानीय तहलाई जिम्मेवार बनाउने काम हुन्छ।

**प्रेरक प्रसंग**

## किन मारियो घोडा ?

कडा परिश्रमपछि थाकेर एक घोडा साँझ तबेलामा फर्कियो। तबेलामा आराम गरिरहेको समयमा त्यहाँ एउटा बिरालो आइपुग्यो। घोडाले बिरालोसित भन्यो- बिरालो भाइ, आज त खुब काम गरेर बेस्सरी थाकियो। अब भोलि अलि कम काम गर्नुपर्ला। सोच्दै छु, भोलि ढिलासम्म तबेलामै बसेर आराम गर्नुपर्ला।



बिरालो त्यहाँबाट गाई भएको ठाउँमा पुग्यो। उसले गाईलाई भन्यो- घोडा त यहाँ बस्नै चाहँदैन। ऊ मलाई भन्दै थियो- मालिक निकै निर्दयी छ। काममा मात्रै जोताउँछ। गाईको भेट बाख्रासित भयो। उसले बाख्रालाई भन्यो- घोडा त यहाँबाट जान चाहन्छ। उसलाई मालिकले निकै पिट्छन्। पेटभर खान पनि दिँदैनन्। बाख्राको भेट खरायोसित भयो। उसले खरायोलाई भन्यो- घोडा त यहाँ बस्नै चाहँदैन। ऊ त यहाँबाट भाग्न चाहन्छ। घोडा भन्छ- मालिक निकै कठोर छन्। उसलाई खुब पिट्छन्। सबैको काम पनि उसैलाई गराउँछन्। त्यसमाथि खान पनि दिँदैनन्।

खरायोको भेट मालिकका सेवकसित भयो। उसले सेवकलाई भन्यो- तपाईंको घोडा त यहाँ बस्नै चाहँदैन। उसले त अर्कै फार्म हेरिसकेको छ। ऊ भन्छ- अर्को फार्मका मालिक निकै असल छन्। न धेरै काम गराउँछन्, न त पिट्छन् नै। यो सुनेपछि सेवक दौडेर मालिककहाँ पुग्यो। उसले मालिकलाई भन्यो- मालिक, हाम्रो घोडाले हामीसित विद्रोह गर्दै छ। भोलि बिहानै ऊ यहाँका सारा जनावरलाई लिएर अर्कै फार्ममा जाँदै छ। सेवकको कुरा सुनेपछि मालिक रिसले आगो भयो। सोही रात विषको सुई लगाएर उसले घोडालाई मारिदियो। आखिर किन मारियो त घोडा ? के उसले साँच्चै विद्रोहको सोच बनाएको थियो ? के ऊ साँच्चै सबै जनावरलाई लिएर फार्म छाडेर जान चाहन्थ्यो ? अहँ, उसले त्यस्तो केही सोचेकै थिएन। मात्र उसले आफ्नो मनको कुरा कोही अर्कालाई बताउने एउटा गल्ती गऱ्यो।

**टिप्पणी** nayapatrikaofficial @naya_patrika

## सरकारले ठिक गऱ्यो

वैदेशिक रोजगारीमा जाने नेपालीमाथि जस्तो ठगी र शोषण सायद नेपालमा अरू कसैमाथि हुँदैन होला। वैदेशिक रोजगारीमा जाने नेपालीमाथि चाहिँ यहाँ पाइलैपाइलामा ठगी र शोषण हुन्छ। अहिले वर्तमान सरकारले वैदेशिक रोजगारीमा जाने नेपालीले गराउँदै आएको स्वास्थ्य परीक्षणमाथिको सिन्डिकेट खारेज गरेर एकदमै ठिक काम गरेको छ। यसले थोरै नै भए पनि वैदेशिक रोजगारीमा जाने नेपालीमाथिको ठगी र शोषणमा कमी आउनेछ। अब उनीहरूले आफूलाई पायक पर्ने जुनसुकै अस्पतालमा गई यो सेवा लिन सक्ने भएकाले अब सेवाप्रदायक अस्पतालबिच प्रतिस्पर्धा बढ्दा सेवाको मूल्य पनि घट्नेछ र सेवा लिन पनि सहज हुनेछ। अब निःशुल्क टिकट र निःशुल्क भिसाको व्यवस्थामा पनि कडाइ गरिनुपर्छ।

● **सुमंगला कायस्थ**, सिनामंगल, काठमाडौं

## अस्पतालहरूको अनुगमन गर

सरकारले काज लिएर सुगममा बसेका १४ विशेषज्ञ चिकित्सकलाई दरबन्दी भएकै अस्पतालमा फिर्ता पठाउने निर्णय गरेको समाचार पढियो। यो निकै राम्रो निर्णय हो। अब देशभरका अस्पतालमा अनुगमन गरी जहाँ दरबन्दीअनुसारका चिकित्सक छैनन्, त्यहाँ तत्काल चिकित्सक पठाउने र जहाँ दरबन्दी नभए पनि पहुँचका भरमा चिकित्सक बसिरहेका छन्, त्यहाँबाट तिनलाई तत्काल सरुवा गरिहाल्ने या काजमा बसेका भए जहाँको दरबन्दी हो, त्यहीं पठाउने व्यवस्था मिलाइयोस्।

● **गोपाल चौलागाईं**, हलचोक, काठमाडौं

## पुरानो संस्थापन के चाहन्छ ?

यतिखेर सबैभन्दा भाँडभैलो काग्रेसमा देखिएको छ। पुरानो संस्थापन अर्थात् देउवा-कोइराला गुट यतिखेर सबैभन्दा बढी तिल्मिलाएको देखिन्छ। पूर्वगृहमन्त्री रमेश लेखकको गिरफ्तारी र पालैपालो आफूसम्म आइपुग्न सक्ने गिरफ्तारीको डरले उनीहरू यतिखेर छटपटिएका हुन्। जतिसुकै छटपटिए पनि अब उनीहरूको राजनीतिक जीवनमा पूर्णविराम लागिसकेको छ भन्दा पनि हुन्छ। अब उनीहरूले राजनीतिबाट विश्राम लिएर बसे हुन्छ। यस्तोमा पुरानो संस्थापन के चाहन्छ ?

● **मुना राई**, ताहाचल, काठमाडौं

## मागसँगै योगदान पनि गरौं

राज्य एउटा ठुलो बजारजस्तै हो, जहाँ सरकार 'आपूर्ति' गर्ने निकाय हो भने जनता 'माग' गर्ने शक्ति। जनताले सुशासन, सुरक्षा, विकास र न्यायको माग गर्छन्। सरकारले ती सेवाको आपूर्ति गर्ने वाचा गर्छ। तर, जब माग र आपूर्तिबिचको यो सन्तुलन बिग्रिन्छ, तब समाजमा अराजकता र असन्तुष्टिको मूल्य बढ्न थाल्छ। आजको सन्दर्भमा हेर्ने हो भने राज्यप्रति नागरिकका अपेक्षा आकासिएका छन्, तर ती अपेक्षा पूरा गर्ने सरकारी संयन्त्र र राजनीतिक इच्छाशक्तिको आपूर्ति भने साँघुरिँदै गएको देखिन्छ। अर्थशास्त्रमा मूल्य बढी हुँदा माग घट्नु स्वाभाविक मानिए पनि नागरिक जीवनमा जब राज्यले दिने सेवाको 'नैतिक मूल्य' र 'गुणस्तर' घट्छ, तब जनतामा राज्यप्रतिको भरोसा पनि घट्न थाल्छ। यो भरोसाको अभाव नै अन्ततः राष्ट्रिय संकटको जननी बन्न पुग्छ।

देशको समृद्धि र सुखको कुञ्जी भनेको सरकार र जनता दुवैको 'असलपन' नै हो। जब शासकले आफूलाई मालिक होइन, सेवक ठान्छ र नागरिकले आफूलाई निरीह होइन, देशको मालिक ठान्दै कर्तव्य पूरा गर्छन्, तब मात्र देश सुखी र समृद्ध बन्न सक्छ। हामीले आ-आफ्नो भूमिकामा इमानदारीको लगानी गर्यौं भने देशको भविष्य उज्ज्वल हुने निश्चित छ। सुख र समृद्धिको सपना साकार पार्नका लागि अब हामीले केवल 'माग' गर्ने मात्र होइन, 'योगदान'को आपूर्ति गर्ने संकल्प पनि गर्नुपर्छ।

● **इन्द्रकुमार श्रेष्ठ**, कमलाकुञ्ज, ओखलढुंगा
sindrakumar14@gmail.com

# 'भेपिङ'ले क्यान्सर निम्त्याउने बलियो प्रमाण

## निकोटिनमा आधारित भेपहरूले मुख र फोक्सोको क्यान्सर निम्त्याउने सम्भावना रहेको प्रमाणले देखाएका छन्



देश/विदेश

● बर्नार्ड स्टिवर्ट

सन् १८८० को दशकको सुरुतिर सुर्तीजन्य पदार्थ सेवनले फोक्सोलाई हानि पुऱ्याउँछ भन्ने प्रमाण फेला परेको थियो। तर, धूमपानले फोक्सोको क्यान्सर निम्त्याउँछ भनेर निश्चित रूपमा देखाउन लगभग १०० वर्ष लाग्यो। त्यसो भए भेप के हो ? अहिलेसम्म इलेक्ट्रोनिक वा इ-सिगरेट भनेर चिनिने भेप प्रयोग गर्ने मानिसमा क्यान्सरको जोखिमबारे गरिएका धेरैजसो अनुसन्धान मुख्यतया सुर्तीजन्य पदार्थकै वरपर केन्द्रित थिए।


हामीलाई थाहा छ कि भेपिङ गर्ने मानिसले अरू सामान्य मानिसको तुलनामा धूमपान गर्ने सम्भावना बढी हुन्छ। तर, भेपिङ आफैंले क्यान्सर निम्त्याउँछ कि निम्त्याउँदैन भन्ने कुरा स्पष्ट छैन। यसबारे अझै पनि कुनै दीर्घकालीन अध्ययन भएका छैनन्। तर, अब मैले सहकर्मीसँग मिलेर गरेको अध्ययनको विस्तृत समीक्षामा (सोमबार प्रकाशित) भेपिङले मुख र फोक्सोको क्यान्सर निम्त्याउने सम्भावना रहेको पत्ता लागेको छ।

हाम्रो अध्ययन र निष्कर्ष : भेपिङले प्रत्यक्ष रूपमा क्यान्सर निम्त्याउँछ कि निम्त्याउँदैन भन्नेबारे कुनै दीर्घकालीन अनुसन्धान नभएकाले हामीले शरीरमा क्यान्सरसँग सम्बन्धित प्रभाव खोज्नुपऱ्यो। हामीले २०१७ र २०२५ को बिचमा प्रकाशित सबै अनुसन्धानको (सहकर्मीले समीक्षा गरेका) पहिचान गर्यौं, जसले सम्भावित क्यान्सर कारणको सूचक मानिने भेपको स्वास्थ्य प्रभावलाई जाँच गरेका थिए।

भेपरहरूले धुवाँ/हावा तान्ने भेपिङ एरोसोलमा निकोटिन र यसका उप-उत्पादन तथा वाष्पीकृत धातुसहित जटिल रसायन हुन्छन्। यो एरोसोलमा विश्व स्वास्थ्य संगठनद्वारा पहिचान गरिएका दश 'कार्सिनोजेन (क्यान्सर कारक तत्त्व) का प्रमुख विशेषता'मध्ये लगभग सबै विशेषता हुन्छन्। भेपर (भेप प्रयोग गर्ने व्यक्ति)को रगत र पिसाबको विश्लेषणले पुष्टि गऱ्यो कि उनीहरूले इ-सिगरेटबाट यस्तो रसायन अवशोषित गरेका थिए, जुन क्यान्सरसँग सम्बन्धित छ भन्ने हामीलाई थाहा छ। यी अध्ययनले तातो तत्त्वबाट निस्कने कार्सिनोजेनिक (क्यान्सर निम्त्याउने) धातुहरू र वाष्पीकरण गर्ने इ-तरल पदार्थबाट निस्कने जैविक यौगिकसहित उनीहरूको शरीरमा रहेको निकोटिन र यसको धातु पत्ता लगाए।

निःसन्देह भेपिङले मुख र फोक्सोको तन्तुमा परिवर्तन ल्याउँछ। भेपिङ गर्नेहरूमा मुख र फोक्सोबाट डिएनएमा उत्परिवर्तनको प्रमाण हामीले फेला पारेका छौं, जुन कार्सिनोजेनको सम्पर्कको थप प्रमाण हो। भेपरहरूको फोक्सो र मुखको तन्तुमा क्यान्सर बायोमार्करमा परिवर्तन भएको प्रमाण पनि भेटियो। क्यान्सर बायोमार्कर ट्युमर देखिनुभन्दा पहिले कोष वा आणविक संरचनामा हुने परिवर्तन हुन्। यीमध्ये केहीलाई माइक्रोस्कोपमा राखेर अवलोकन गर्न सकिन्छ।

हामीले मुसाहरूमा गरिएका प्रयोगको पनि जाँच गर्यौं, जसले भेपमा पाइने एरोसोलले फोक्सोको क्यान्सर निम्त्याउँछ भन्ने पत्ता लगायो। साथै, दन्त चिकित्सकले रिपोर्ट गरेका केसहरू पनि जाँच्यौं, जहाँ केही बिरामी (जो धूमपान गर्दैनथे) मा मुखको क्यान्सर उनीहरूको भेपिङको कारणले भएको ती चिकित्सकले मान्थे। हाम्रो समीक्षाले भेपिङले क्यान्सर निम्त्याउन सक्छ भन्ने सम्भावनालाई सम्बोधन गर्ने अन्य अध्ययनको पनि जाँच गऱ्यो। यद्यपि, यीमध्ये कुनै पनि अध्ययनले हामीले मूल्यांकन गरेका विस्तृत प्रमाण समेट्न सकेन।



यसको अर्थ निकोटिनमा आधारित भेपहरूले मुख र फोक्सोको क्यान्सर निम्त्याउने सम्भावना रहेको प्रमाणले देखाउँछन्। हामीलाई अझै थाहा छैन कि यसले कति केस निम्त्याउँछ। तर, हामीले हेरेका प्रमाणमा क्यान्सरको सम्भावनालाई लिएर बढ्दो चिन्ता देखिएको थियो। २०१७ र २०१९ को बिचमा अनुसन्धानकर्ताले भेपले क्यान्सर निम्त्याउँछ भन्ने निष्कर्षमा पुग्न पर्याप्त प्रमाण नभएको बताएका थिए। उनीहरूले सामान्यतया क्यान्सर बायोमार्कर र क्यान्सरजन्य संयन्त्रको अध्ययन गरेका थिए।

भेप र क्यान्सरको सम्भाव्य जोखिमलाई लिएर २०२४ र २०२५ सम्ममा अनुसन्धानकर्ताले चिन्ता व्यक्त गरिरहेका थिए। हामीसँग अहिले भएका प्रमाणलाई ध्यानमा राख्दै उनीहरूले उल्लेख गरे कि भेपिङले धूमपानभन्दा कम क्यान्सरको जोखिम हुन्छ भन्ने विचारलाई अब समर्थन गर्न सकिँदैन। क्यान्सर र भेपिङबिचको सम्बन्धबारे हाम्रो अध्ययनले नयाँ दृष्टिकोणलाई संकेत गर्छ।

हामीलाई अझै थाहा नभएको तथ्य : भेपिङ गर्ने मानिसमा अपेक्षा गरिएभन्दा बढी क्यान्सरका केस छन् भन्ने प्रत्यक्ष प्रमाण हामीसँग अझै छैन। धूमपानले क्यान्सर निम्त्याउँछ भनेर प्रमाणित गर्न १०० वर्ष लागेको तथ्यले भेपिङका लागि यस्तै मामिला बनाउन दशकौं लाग्न सक्छ। र, यो चुनौतीपूर्ण हुनेछ, किनकि निश्चित प्रमाण धूमपान गर्ने र भेपिङ गर्ने मानिसमा होइन, केवल भेपिङ गर्ने मानिसको जनसंख्यामा निर्भर गर्नेछ।

त्यसैले, हामीलाई ठुला र सावधानीपूर्वक योजनाबद्ध अध्ययन आवश्यक छन्, जसले हामीलाई क्यान्सरको प्रारम्भिक निगरानी गर्न र पत्ता लगाउन अनुमति दिनेछ र यो भेपिङका कारणले भएको हो वा यसको कारणले बिग्रिएको हो भनेर ठ्याक्कै निर्धारण गर्नेछ।

*(स्टिवर्ट सिड्नीस्थित युएनएसडब्लू युनिभर्सिटीमा बालरोग तथा स्वास्थ्य विभागका प्राध्यापक हुन्)*

*द कन्भर्सेसनबाट*

# पश्चिम एसियाको संकटले विधानसभा चुनावहरूमा मोदी र भाजपालाई असर गर्ला ?

गत शुक्रबार पश्चिम एसियामा जारी युद्धको विषयमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मुख्यमन्त्रीहरूसँग 'भर्चुअल' बैठक गरे। उनले मुख्यमन्त्रीहरूलाई सामान लुकाउने नाफाखोरविरुद्ध कारबाही तीव्र पारेर आवश्यक सामानको निर्बाध आपूर्ति सुनिश्चित गर्न आग्रह गरे। बैठकमा उनले पश्चिम एसियामा रहेका भारतीय आप्रवासी श्रमिकको ख्याल गर्न पनि आग्रह गरे। मोदीले इजरायल-अमेरिका-इरान युद्धका कारण उत्पन्न चुनौतीको सामना गर्नु 'साझा जिम्मेवारी' रहेको पनि अर्थ्याए। यसको अर्थ यो संकटले अहिले वा भविष्यमा भारतमा कुनै समस्या उत्पन्न भएमा केन्द्रीय सरकारलाई मात्र दोष दिनु उचित हुँदैन। राज्यहरूलाई उनीहरूको जिम्मेवारी सम्झाउनु गलत होइन।

कोभिड-१९ संकट र पश्चिम एसियाली युद्धको तुलना गर्न सकिँदैन। एउटा जनताको जीवनसँग सम्बन्धित थियो भने अर्को जनजीवनको आवश्यकता तथा रोजगारीसँग सम्बन्धित छ। तैपनि, अहिलेको समयमा भारतका प्रधानमन्त्री मोदीले कोभिड संकटका वेला अपनाएको रणनीतिको उल्लेख गर्नुको कारण छ। महामारीविरुद्धको लडाइँलाई सामूहिक जिम्मेवारी बनाएर मोदी सरकारले आफ्नो बचाव गर्न सकेको थियो।



● डिके सिंह

(पत्रकार सिंह द प्रिन्टका राजनीतिक ब्युरो प्रमुख हुन्।)

हुन पनि कोभिडको दोस्रो लहरको समयमा मोदी सरकार लगभग 'हराएको'जस्तो देखिन्थ्यो। त्यस समयमा अक्सिजन सिलिन्डर, अस्पतालको ओछ्यान र आधारभूत परीक्षण सुविधाको गम्भीर अभाव देखिएको थियो। त्यतिवेला 'आउटलुक' म्यागजिनले आवरणमै 'सरकार हराएको' उल्लेख गर्दै कसैले सरकारलाई भेटेमा भारतका नागरिकलाई जानकारी दिन आह्वान गरेको थियो।

सामूहिक जिम्मेवारीका कारण त्यसपछि भएका चुनावमा सत्तारुढ भारतीय जनता पार्टी (भाजपा)लाई उल्लेखनीय क्षति पुगेन। त्यतिवेला भारतको प्रधानमन्त्री र मुख्यमन्त्रीबिच कैयौं प्रत्यक्ष भर्चुअल बैठक गरिएको थियो। यस्तो सामूहिक प्रतिक्रिया देखाएर भाजपा खासमा आफूमाथि मात्र दोषारोपण हुन सक्ने अवस्थाबाट बच्यो। जिम्मेवारी भने साझा गरेको केन्द्र सरकारले खोप कार्यक्रम र निःशुल्क रासन वितरणमा भने आफूलाई मात्र हिस्सेदार देखायो।

अहिले आएर फेरि प्रधानमन्त्री मोदीले पेट्रोल, डिजेल र एलपिजीको उपलब्धता सुनिश्चित गर्न 'साझा जिम्मेवारी'मा जोड दिएका छन्। एक सरकारी विज्ञप्तिमा प्रधानमन्त्री मोदीले सीमावर्ती तथा तटीय राज्यलाई ढुवानी, आवश्यक आपूर्ति र समुद्री सञ्चालनसँग सम्बन्धित चुनौतीमा विशेष ध्यान दिन आग्रह गरेको भनिएको छ। अब छिटै विधानसभा चुनाव हुने राज्यहरू यसै भेगमा पर्छन्। त्यसैले, प्रधानमन्त्रीको सन्देश ममता बनर्जी, पिनराई विजयन, एमके स्टालिन र हिमन्त विश्व शर्मालाई पनि निर्देशित गरिएको थियो। यद्यपि, उनीहरूलाई बैठकमा आमन्त्रित गरिएको थिएन।



रुस-युक्रेन युद्धको समयमा भाजपाले प्रधानमन्त्री मोदीलाई विश्वव्यापी द्वन्द्व अन्त्य गर्न सक्ने 'विश्व नेता'को रूपमा चित्रण गरेको थियो, तर पश्चिम एसियाली युद्धको सन्दर्भमा पार्टीले आफ्नो चुनावी रणनीतिमा थोरै परिवर्तन गरेको छ।

## दुईतर्फी रणनीति

कोभिड-१९ महामारीको समयमा जस्तै अहिले पश्चिम एसियाको संकटमा फेरि सामूहिक जिम्मेवारीमा जोड दिनु सरकारविरुद्ध विपक्षीको आलोचनालाई कमजोर पार्ने भाजपाको रणनीतिअन्तर्गत नै देखिन्छ।

यसअघि फरक रणनीति भने सन् २०२२ मा रुस-युक्रेनबिच युद्ध सुरु हुँदा विधानसभा चुनावको समयमा अपनाइएको थियो। त्यतिवेला बहराइचको एक ऱ्यालीमा गरेको सम्बोधनलाई सम्झनुस् त। 'भारतको शक्ति भारतका लागि मात्र होइन, सम्पूर्ण मानवताका लागि महत्त्वपूर्ण छ। तपाईंको प्रत्येक मतले भारतलाई बलियो बनाउनेछ। के तपाईं बलियो शिक्षक र प्रहरी अधिकारी चाहनुहुन्न ?' मोदीले भनेका थिए। भाजपा सांसद हेमा मालिनीले बरेलीमा बोल्दै प्रधानमन्त्री मोदीको विश्वव्यापी प्रतिष्ठाका कारण उनले रुस-युक्रेन युद्ध रोक्न काम गरिरहेको बताएकी थिइन्।

यसपटक कुनै पनि भाजपा नेताले विश्वका प्रमुख देशले प्रधानमन्त्री मोदीलाई तिनको देशका युद्ध रोक्न बिन्ती गरिरहेको बताएका छैनन्। भाजपा नेताका टिप्पणीमा सन्तुलन देखिन्छ। विश्वभरका नेतासँगको मोदीको सम्बन्धबारे त चर्चा गरिन्छ, तथापि त्यसको बढाइचढाइ चर्चा भने गरिएको छैन। केरलाको पलक्कडमा एक ऱ्यालीमा बोल्दै प्रधानमन्त्री मोदीले पश्चिम एसियामा उल्लेख्य संख्यामा केरलीवासी रहेको र सम्बन्धित देशका नेतासँग निरन्तर सम्पर्कमा रहेको बताए। ती देशले भारतीयको सुरक्षालाई प्राथमिकता दिइरहेको मोदीले बताए।

त्यस्तै, मोदीले कंग्रेसमाथि राजनीतिक लाभका लागि यस द्वन्द्वबारे खतरनाक बयानबाजी गरिरहेको आरोप पनि लगाए। यस्तो भाषाले भारतीयको जीवनलाई जोखिममा पार्न सक्ने उनले चेतावनी दिए। यसरी, रुस-युक्रेन युद्धको समयमा भाजपाले प्रधानमन्त्री मोदीलाई अन्तर्राष्ट्रिय द्वन्द्व अन्त्य गर्न सक्ने 'विश्व नेता'को रूपमा प्रस्तुत गरेको थियो। अहिले यस रणनीतिमा थोरै परिवर्तन भएको छ। अर्थात्, प्रधानमन्त्री अझै पनि विश्व नेताहरूसँग संलग्न छन्, तर उनको अन्तर्राष्ट्रिय हैसियतमा होइन, भारतीयको हितमा जोड दिइएको छ। यो ट्रम्प-प्रभुत्व भएको संसारमा अत्यधिक प्रचार गर्न गाह्रो हुन सक्ने कारणले मात्र होइन, आमनागरिकले युद्धको प्रभाव महसुस गरिरहेकाले पनि हो।

भाजपाले सन् २०२२ मा भएका विधानसभा चुनाव जित्यो, जुन रुस-युक्रेन युद्धको समयमा भएको थियो। यसले फेरि त्यसो गर्छ कि गर्दैन भन्ने कुरा त्यसैमा निर्भर गर्छ। पहिलो, यो चुनाव प्रधानमन्त्री मोदीका बारेमा केन्द्रित छैन। यो आसाममा हिमन्त विश्व शर्मा, पश्चिम बंगालमा ममता बनर्जी, तमिलनाडुमा स्टालिन र केरलामा विजयनबारे केन्द्रित देखिएको छ। उनीहरूको लोकप्रियता, उनीहरूको शासनको यसमा प्रभाव हुनेछ।

## विपक्षीका लागि एउटा पाठ

प्रधानमन्त्री नरेन्द्र मोदी अझै पनि भाजपाभित्र सबैभन्दा मत तान्न सक्ने नेता देखिएका छन्। यसमा असमभित्र मुख्यमन्त्री हिमन्त विश्व शर्मा मात्र अपवाद हुन सक्छन्, जो अझै राज्यमा प्रमुख व्यक्तित्व मानिन्छन्। जित वा हार सत्तापक्षप्रतिको भावनामा निर्भर हुनेछ। हालै भएका चुनाव धेरै हदसम्म स्थानीय मुद्दामा केन्द्रित छन्, विश्वव्यापी मुद्दामा होइन। दोस्रो, यदि पश्चिम एसियाको संकट विपक्षले चाहेजस्तै चुनावी मुद्दा बन्यो भने प्रधानमन्त्री मोदीले धेरै असहज प्रश्नको सामना गर्न सक्छन्। उदाहरणका लागि, फेब्रुअरी २०२१ मा पेट्रोलको मूल्य भारु सय नाघ्दा प्रधानमन्त्री मोदीले सो वृद्धिका लागि कंग्रेसलाई दोष दिए। अघिल्ला सरकारले ऊर्जा आयातमा आफ्नो निर्भरता घटाएको भए मध्यम वर्गले यति धेरै बोझ सामना गर्नुपर्ने अवस्था नै नआउने उनले बताएका थिए।

तर, १२ वर्ष लामो शासन चलाएपछि अब मोदीले तेलको मूल्यका लागि विपक्षीलाई दोष दिन सक्दैनन्। किनभने, सन् २०१४ मा मोदी सत्तामा आएदेखि भारतको कच्चा तेल आयातमा निर्भरता बढेको छ। बिजनेस स्ट्यान्डर्डका मेरा पूर्वसम्पादक एके भट्टाचार्यले द प्रिन्टमा लेखेझैं 'सन् २०१४ देखि भारतको घरेलु कच्चा तेल उत्पादन हरेक वर्ष घट्दै गएको छ। सन् २०१४-१५ मा ३५.९ मिलियन टनबाट यो परिणाम घटेर सन् २०२४-२५ मा २६.४९ मिलियन टनमा झरेको छ। चालू वर्षमा अप्रिल २०२५ देखि फेब्रुअरी २०२६ सम्म उत्पादन २३.८१ मिलियन टन थियो, जसले यो घट्दो प्रवृत्ति यस वर्ष पनि जारी रहने संकेत गर्छ।'

सन् २०१४-१५ र २०२४-२५ बिच कच्चा तेल आयात १८ करोड ९० लाख टनबाट बढेर २४ करोड ३० लाख टन पुगेको छ। यसरी, आयातित कच्चा तेलमा निर्भरता मोदीले सत्ता सम्हालेको वर्ष अर्थात् २०१४-१५ मा ८४ प्रतिशतबाट बढेर गत वर्ष ९० प्रतिशत पुगेको भट्टाचार्यले लेखेका छन्। मोदी सरकारले पेट्रोल र डिजेलमा उत्पादन शुल्क घटाउने कुरा गरेर उपभोक्तालाई राहत दिने प्रयास गर्न सक्छ। तर, चुनावको समयमा दिइएको यो अस्थायी राहतले ऊर्जा आयातमा निर्भरता घटाउन असफल भएको क्षतिपूर्ति दिन सक्दैन। र, यस्तो कदमको विगतमा प्रधानमन्त्री मोदी आफैंले पहिले आलोचना गरेका थिए।

विपक्षीले पश्चिम एसियाको संकटमा एक प्रमुख चुनावी अवसर देख्न सक्छन्। सामाजिक सञ्जाल एक्समा हालै एक पोस्ट गर्दै पश्चिम बंगालको सत्तारुढ दल तृणमूल कंग्रेसले मोदी सरकारको खिल्ली उडाएको छ। 'लामो लाइन बस्नुपर्ने अर्थतन्त्रमा स्वागत छ। सन् २०१६ देखि २०२६ : मोदीको नयाँ भारतमा लाइनमा पर्खेको एक दशक पुग्यो।' पोस्टमा चार तस्बिर थिए, 'सन् २०१६ को नोटबन्दीपछि एटिएममा बसिएको लामो लाइन, सन् २०२० को कोभिडको समयमा अक्सिजन लिनेको लाइन, सन् २०२५-२६ को एसआइआरका लागि बसेको लाइन र अहिले सन् २०२६ ग्यास सिलिन्डर लिनेको लाइन। तथापि, अघिल्लो तीन घटनाका बाबजुद चुनावमा भाजपाको राम्रो प्रदर्शन भने विपक्षीका लागि एउटा कठोर इतिहास हुन सक्छ।

(द प्रिन्टबाट)

## इतिहासमा आज

अप्रिल २



**सन् २०१९** : व्यापक जनविरोधपछि ८२ वर्षीया अल्जेरियाली राष्ट्रपति अब्देल अजिज बुटेफ्लिकाले २० वर्ष लामो शासनपछि राजीनामा दिए।

**सन् १५१३** : अन्वेषक पोन्स डे लियोन नेतृत्वको अन्वेषण समूह फ्लोरिडाको तटमा ओर्लिने पहिलो युरोपेली बन्यो। तिनले सो भूमि स्पेनका लागि कब्जा गरेको घोषणा गरे।

**सन् १८६५** : अमेरिकन गृहयुद्धका क्रममा 'कन्फेडरेट स्टेट अफ अमेरिका'को राजधानी रिचमन्ड (हाल भर्जिनिया राज्यमा पर्ने) संयुक्त राज्य अमेरिकाको फौजले कब्जा लिएसँगै त्यहाँका राष्ट्रपति जेफर्सन डेभिसलगायत शीर्ष सरकारी पदाधिकारी भागे।

**सन् १९१७** : अमेरिकी राष्ट्रपति बुड्रो विल्सनले देशको संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्दै जर्मनीविरुद्ध युद्ध घोषणा गर्न माग राखे। दुई दिनपछि सिनेटलगत्तै अप्रिल ६ मा तल्लो सदनले युद्ध घोषणाको पक्षमा मतदान गरेपछि सोही वर्ष अमेरिका डिसेम्बर ७ मा जर्मनीविरुद्ध पहिलो विश्वयुद्धमा प्रवेश गऱ्यो।

**सन् १९७०** : भारतको उत्तरपूर्वी राज्य आसामभित्र स्वशासित राज्य रहने गरी मेघालयको सीमांकन गरियो। दुई वर्षपछि जनवरी २१ मा सो क्षेत्रलाई पूर्ण राज्यको मान्यता दिइयो।

**सन् १९८२** : अर्जेन्टिनाको सेनाले बेलायतको 'ओभरसिज टेरिटोरी' फकल्यान्ड टापुमाथि आक्रमण गरेर कब्जामा लिएसँगै 'फकल्यान्ड युद्ध' सुरु भयो।

**सन् १९९२** : क्यानडाकी प्रथम महिलामन्त्री एडिथ क्रेसनले सरकार सम्हालेको एक वर्षपछि यसै दिन राजीनामा दिइन्।

**सन् २०१३** : संयुक्त राष्ट्र संघको महासभाले विश्वमा पहिलोपटक हतियार व्यापार प्रतिबन्ध लगाउने सन्धि अनुमोदन गऱ्यो। युद्ध अपराध र मानवअधिकार हननविरुद्ध प्रयोग हुने हतियार नियन्त्रण गर्ने उद्देश्य राखिएको सन्धिको नाम 'द आर्म्स ट्रेड ट्रिटी' थियो।

---

विश्व संक्षेप

## इरान युद्ध अन्त्य गर्ने सम्बन्धमा पाकिस्तानको कूटनीतिक प्रयास तीव्र

**बेइजिङ** / पाकिस्तानका विदेशमन्त्री मंगलबार बेइजिङको भ्रमणमा गएको अवसरमा पाकिस्तान र चीनले मध्यपूर्वमा शान्तिका लागि संयुक्त पाँच खण्डको प्रस्ताव जारी गरेका छन्। पाकिस्तानी विदेशमन्त्री इसहाक डार र उनका चिनियाँ समकक्षी वाङ यीबिच बेइजिङमा भएको बैठकपछि पछिल्लो प्रस्ताव आएको हो। उसो त बेइजिङले इरान युद्धबारे सुरुमा अमेरिका र इजरायलको निन्दा गरे पनि प्रायः तटस्थता देखाउने प्रयास गरेको छ। उसले मुख्यतः युद्धविरामको आह्वानमा आफ्नो प्रयास केन्द्रित गरेको छ। उता चीनले भित्री रूपमा स्ट्रेट अफ हर्मुजबाट आउने आफ्ना तेल ट्यांकरहरूको सुरक्षित मार्गका लागि तेहरानसँग प्रत्यक्ष वार्ता गरिरहेको छ।

मंगलबारको बैठकपछि जारी एक विज्ञप्तिमा पाकिस्तान र चीनले संयुक्त रूपमा तत्काल इरानमा युद्धविरामको आह्वान गरे। त्यस्तै अवरुद्ध जलमार्गबारे बोल्दै हर्मुजको सुरक्षाका लागि आह्वान गरे। संयुक्त विज्ञप्तिमा 'द्वन्द्व समाधानको एक मात्र विकल्प' वार्ता र कूटनीति रहेको कुरामा जोड दिइएको छ। तथापि, युद्ध अन्त्य गर्न युद्धका मुख्य सहभागीलाई वार्ताको टेबलमा ल्याउने सन्दर्भमा यसमा ठोस प्रगति भएको देखिन्छ। हालैका हप्तामा पाकिस्तानले इरानसँगको युद्ध अन्त्य गर्न कूटनीतिक प्रयासलाई तीव्रता दिएको छ। इरान र अमेरिका दुवैसँगको सुमधुर सम्बन्धको फाइदा उठाउँदै पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफ र सेनाप्रमुख सैयद असिम मुनिरले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इरानी राष्ट्रपति मसुद पेजेस्कियानसँग कुराकानी गरिरहेका छन्। आइतबार नै पाकिस्तानले द्वन्द्व अन्त्य गर्न क्षेत्रीय समाधान खोज्ने प्रयासमा साउदी अरब, टर्की र इजिप्टका विदेशमन्त्रीहरूसँग वार्ता आयोजना गरेको थियो। तर, वार्तामा अमेरिका र इरानको अनुपस्थितिले यसलाई त्यति आशाले हेरिएको थिएन।

## लुहान्स्कको सम्पूर्ण भूभाग नियन्त्रणमा लिएको रुसको दाबी

**मस्को** / रुसको रक्षा मन्त्रालयले आफ्नो सेनाले पूर्वी युक्रेनको लुहान्स्क क्षेत्रको सम्पूर्ण भूभाग नियन्त्रणमा लिएको बताएको छ। युक्रेनले रुसी दाबीबारे केही टिप्पणी गरेको छैन। रुसको रक्षा मन्त्रालयले बताएअनुसार रुसी सेनाले उत्तरपूर्वी युक्रेनको खार्किभ क्षेत्रको भेर्खन्या पिसारिभका गाउँ र दक्षिणपूर्वी युक्रेनको जापोरिजिया क्षेत्रको बोइकोभ गाउँ पनि नियन्त्रणमा लिएको छ।

युक्रेनको लुहान्स्क र डोनेत्स्क क्षेत्रलाई संयुक्त रूपमा डोनबास भनिन्छ, जुन युक्रेनको औद्योगिक केन्द्र मानिन्छ। सन् २०२२ देखि रुसले कब्जामा लिएका चार युक्रेनी क्षेत्रमध्ये एक लुहान्स्कको ९९ प्रतिशतभन्दा बढी भाग लामो समयदेखि रुसी नियन्त्रणमा छ। छिमेकी डोनेत्स्क क्षेत्रको लगभग तीनचौथाइ भाग मात्र रुसको कब्जामा छ। क्रेमलिनले बुधबार फेरि युक्रेनसँग डोनेत्स्कको सम्पूर्ण क्षेत्रबाट आफ्नो सेना फिर्ता गर्ने माग दोहोऱ्यायो। तथापि, यस मागलाई किभले बारम्बार अस्वीकार गर्दै आएको छ।

## 'इरान युद्धका कारण अरब देशलाई १९४ अर्ब डलरसम्मको क्षति'

**तेहरान** / इरानविरुद्ध अमेरिका-इजरायलले सञ्चालन गरेको युद्ध र मध्यपूर्वभरि यसको लहरको प्रभावले अरब देशमा विनाशकारी प्रभाव परेको संयुक्त राष्ट्रसंघीय निकायले जनाएको छ। मंगलबार यस विषयमा एक प्रतिवेदन प्रकाशित गर्दै संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)ले युद्धका दुष्प्रभावले लाखौं मानिस गरिबीतिर धकेलिन सक्ने चेतावनी दिएको छ। प्रतिवेदनमा युद्धको एक महिनाको दुष्प्रभावका कारण मध्यपूर्वको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ३.७ देखि ६ प्रतिशतसम्मले घट्ने अनुमान गरिएको छ, जुन १२० अर्बदेखि १९४ अर्ब अमेरिकी डलरबराबरको संकुचन हो।

संयुक्त राष्ट्र संघका सहायक महासचिव तथा अरब राज्यका लागि युनडिपीका क्षेत्रीय ब्युरोका निर्देशक अब्दुल्लाह अल दरदारीका अनुसार यस युद्धका कारण ३७ लाखलसम्म रोजगारी गुम्न सक्छ। त्यस्तै, यस भेगमा झन्डै ४० लाख मानिस गरिबीको रेखामुनि धकेलिन सक्छन्। युद्धले 'अरब अर्थतन्त्रका कमजोरी' उजागर भएको पनि अल दरदारीले बताए। मंगलबार सार्वजनिक प्रतिवेदन 'चार हप्तासम्म चल्ने छोटो तर तीव्र द्वन्द्व'को अनुमानमा आधारित छ, जसले इरानले खाडी ऊर्जा पूर्वाधारमा आक्रमण गरेको र स्ट्रेट अफ हर्मुजबाट तेल र ग्यास निर्यात अवरुद्ध गरेकोजस्तो प्रभावको हिसाब गरेको छ।

---

# दीर्घकालीन दृष्टिकोणबाट मात्र सम्भव छ सुशासन

### राजनीतिक सफलताको मूल्यांकन नागरिकले दैनिक जीवनमा अनुभव गर्ने सुधारबाट गरिन्छ

अधिकांश राजनीतिक प्रणालीमा सफलतालाई द्रुत रूपमा देखिने निर्माणले मापन गरिन्छ। नयाँ भवन बनाईन्छ, शीर्ष परियोजना सुरु गरिन्छ र कार्यप्रगतिलाई तथ्यांकमा प्रस्तुत गरिन्छ। तर, देखिने विषय मूल्यजस्तो हुदैन। र, गतिले सहनशीलता सुनिश्चित गर्दैन। चिनियाँ राष्ट्रपति सी जिनपिङले द्रुत लाभ, झुटा उपलब्धि र तस्बिरमा सञ्चालित परियोजनाको पछि नलाग्न बारम्बार चेतावनी दिएका छन्। राजनीतिक उपलब्धि ठोस र व्यावहारिक काममा आधारित हुनुपर्ने उनको जोड छ। उनका विचारले राजनीतिक प्रदर्शनको न्याय गर्ने अझ गहन दृष्टिकोणलाई प्रतिबिम्बित गर्छ।



● विर्दिका रिज्की उतामा

(लेखक जकार्तास्थित स्वतन्त्र थिंक ट्यांक पारा सिन्डिकेटका कार्यकारी निर्देशक हुन्।)

यही दृष्टिकोण चीनको 'शासन कार्यसम्पादनको सही बुझाइ' वा 'राजनीतिक उपलब्धिको सही दृष्टिकोण'को अवधारणामा व्यवस्थित रूपमा व्यक्त भएको छ। यसको सार भनेको कसका लागि उपलब्धि प्राप्त गरिन्छन्, कस्तो प्रकारको उपलब्धि प्राप्त गर्नुपर्छ र कसरी प्राप्त गर्ने भन्ने आधारभूत प्रश्नको जवाफ दिनु हो। जनताको कल्याणका लागि काम गर्नु सबैभन्दा ठुलो राजनीतिक उपलब्धि हो। यसले छोटो अवधिको दृश्यताबाट दीर्घकालीन परिणाममा परिवर्तन गर्न खोजेको छ।

राजनीतिक उपलब्धि केवल कुनै एक नेताको कार्यकालभित्र सुरु गरिएको कुराले मात्र परिभाषित गर्नुहुँदैन। बरु कार्यकाल समाप्त भएपछि पनि केले फल दिईरहयो र केले लाभ प्रदान गर्छ भन्ने कुराले परिभाषित गर्नुपर्छ। शासनको गुणस्तर गतिभन्दा बढी महत्त्वपूर्ण छ। तमासाभन्दा स्थायित्व बढी महत्त्वपूर्ण हुन्छ। यो पुनर्मापन जनता-केन्द्रित अभिमुखीकरणसँग नजिकबाट जोडिएको छ।

राजनीतिक सफलताको मूल्यांकन नागरिकले दैनिक जीवनमा अनुभव गर्ने सुधारद्वारा गरिन्छ। स्थिर रोजगारी, स्वास्थ्य सेवा र शिक्षामा पहुँच, सार्वजनिक सुरक्षा, सामाजिक सुरक्षा र प्रभावकारी जोखिम रोकथाम उपलब्धिको वास्तविक मापदण्ड बनेका छन्। आर्थिक वृद्धि आवश्यक छ, तर यसलाई अब एकल उद्देश्यका रूपमा व्यवहार गरिँदैन।

जब वृद्धि सामाजिक कल्याणबाट अलग हुन्छ, यसले अन्ततः विकासको गुणस्तर र सार्वजनिक विश्वासलाई कमजोर बनाउँछ। चीनको लक्षित गरिबी निवारण अभियान यसको राम्रो उदाहरण हो। समग्र वृद्धिमा मात्र ध्यान केन्द्रित गर्नुको सट्टा सरकारले लिएको नीतिहरूले शिक्षा र स्वास्थ्य सेवाको पहुँचदेखि स्थानीय रोजगारीका अवसरसम्मलाई सम्बोधन गरे। जोड प्रतीकात्मक लक्ष्यमा थिएन, बरु समयसँगै दिगो हुन सक्ने जीवनस्तरको सुधारमा थियो।



**सिद्धान्तलाई व्यवहारमा परिणत गर्न प्रक्रियावाद र कर्मचारीतन्त्रको सामना गर्नुपर्छ। प्रक्रिया, कागजात र नारामाथि अधिक जोडले समस्या नजरअन्दाज गरे शासनलाई खोक्रो बनाउन सक्छ।**

यो तर्कले दृश्य र अदृश्य उपलब्धिलाई सन्तुलनमा राख्ने विषयलाई पनि व्याख्या गर्छ। ठुला स्तरका निर्माण, औद्योगिक स्तरोन्नति र सहरी नवीकरण अत्यधिक दृश्यमान र राजनीतिक रूपमा आकर्षक छन्। तर, नियामक क्षमता, वातावरणीय संरक्षण, जनस्वास्थ्य तयारी र सामाजिक विश्वासजस्ता तत्त्वले विकासलाई दिगो बनाउन सकिन्छ कि सकिँदैन भनेर निर्धारण गर्छन्। व्यर्थ परियोजनाले स्रोतको गलत वितरण गर्छ भन्ने मान्यतालाई प्रतिबिम्बित गर्छ।

वातावरणीय प्रशासनले अर्को परिचित उदाहरण प्रस्तुत गर्छ। बेइजिङजस्ता प्रमुख सहरमा वायु प्रदूषण नियन्त्रण गर्ने प्रयासले सुरुमा आर्थिक र प्रशासनिक लागत बढायो। सहरभित्रका कारखानामाथि प्रतिबन्ध, ट्राफिक नियन्त्रण र ऊर्जा संक्रमणले छोटो अवधिमा केही गतिविधिलाई सुस्त बनायो। तथापि, समयसँगै सुधारिएको वायु गुणस्तरले स्वास्थ्य जोखिम कम गऱ्यो। सहरका बस्नेको जीवनस्तर र जनताको विश्वास बलियो बनायो। सुरुमा प्रतिबन्धात्मक देखिने कुराले मानिसको भलाइ र थप लचिलो सहरी विकासमा सुधार गर्न योगदान पुऱ्यायो।

त्यसैले, आर्थिक, सामाजिक र पारिस्थितिक उद्देश्यलाई क्रमिकभन्दा पनि अन्तरनिर्भरको रूपमा व्यवहार गरिन्छ। वातावरणीय ह्रासले स्वास्थ्य बोझ र उत्पादकत्वमा क्षति पुऱ्याउँछ। सामाजिक असमानताले उपभोग, नवीनता र दीर्घकालीन स्थिरतालाई कमजोर बनाउँछ। लापरबाह वृद्धिले आधुनिकीकरणलाई अगाडि बढाउँदैन, बरु यसलाई कमजोर बनाउँछ। सामाजिक र पारिस्थितिक लागतलाई अंगीकार गर्ने विकासले प्रणालीगत जोखिम घटाउँछ र समृद्धिका लागि अझ स्थिर जग निर्माण गर्छ।

सिद्धान्तलाई व्यवहारमा परिणत गर्न प्रक्रियावाद र कर्मचारीतन्त्रको सामना गर्नु पर्छ। प्रक्रिया, कागजात र नारामाथि अधिक जोडले समस्या नजरअन्दाज गरेर शासनलाई खोक्रो बनाउन सक्छ। झुटा विवरण र द्रुत जितको खोजीले सूचना प्रवाहलाई विकृत बनाउँछ, जसले गर्दा जोखिम पहिचान गर्न र गल्ती सुधार गर्न गाह्रो हुन्छ। एकपटकको गलत रिपोर्टिङ सामान्य भएपछि नीति निर्माणले आफ्नो प्रतिक्रिया संयन्त्र गुमाउँछ र गलत गणनाका लागि बढी जोखिम हुन्छ। दीर्घकालीन विकासलाई दिगो बनाउन भरपर्दो जानकारी र इमानदार मूल्यांकन आवश्यक छ।

यस परिवर्तनलाई सुदृढ पार्न कार्यकर्ता मूल्यांकन प्रणालीले केन्द्रीय भूमिका खेल्छ। मूल्यांकन ढाँचाले सामाजिक कल्याण, वातावरणीय संरक्षण, जोखिम व्यवस्थापन, सार्वजनिक सेवा वितरण र नीति निरन्तरतालाई बढ्दो रूपमा समावेश गर्छ। यसले प्रोत्साहनलाई पुनः मिलाउँछ र उपलब्धि-सञ्चालित अतिक्रमणका लागि ठाउँ कम गर्छ। साथै मूल्यांकन प्रणालीले एउटा साँघुरो सूचकको सेटलाई अर्कोले प्रतिस्थापन गर्नबाट जोगिनुपर्छ। निरीक्षण र जवाफदेहिता महत्त्वपूर्ण रहन्छ। यस दृष्टिकोणको एक परिभाषित विशेषता भनेको समयको सदुपयोग हो। अल्पकालीनतावाद लामो समयदेखि विकास शासनमा संरचनात्मक कमजोरी बनेको छ, जहाँ राजनीतिक चक्रले नीतिगत विषयलाई संकुचित गर्छ। निरन्तरता र संयमलाई जोड दिएर, चीनको वर्तमान शासन प्रवचनले लामो समयसम्मको अस्थायी दृष्टिकोण प्रस्तुत गर्छ। राजनीतिक उपलब्धिलाई तत्कालको परिणामद्वारा मात्र होइन, बरु लचिलोपनद्वारा पनि मूल्यांकन गरिन्छ।

यी चुनौती चीनमा मात्र सीमित छैनन्। धेरै विकासशील देशहरू, जस्तै- इन्डोनेसियाले पनि गति र दिगोपन अनि दृश्यता र सारबिचको समान तनावको सामना गर्छ। विकास सफलता प्रायः विद्यमान प्रणालीले कति राम्रोसँग काम गर्छ भन्ने कुराको सट्टा नयाँ निर्माण गरिएको कुराबाट मापन गरिन्छ। एउटै प्रशासनअन्तर्गत सुरु गरिएका धेरै ठुला पूर्वाधार परियोजना नेतृत्व परिवर्तनपछि रोकिएका छन् वा गति गुमाएका छन्। साथै, सामाजिक कार्यक्रमलाई तिनीहरूको दीर्घकालीन प्रभावको पूर्ण मूल्यांकन गर्नुअघि परिमार्जन गरिएको छ। यस्ता विसंगतिले संस्थागत स्मृतिलाई कमजोर बनाउँछन् र जनताको विश्वासलाई कमजोर बनाउँछन्।

इन्डोनेसियाको अनुभवले अल्पकालीन दृश्यताको तुलनामा दीर्घकालीन परिणामलाई पुस्कृत गर्ने मूल्यांकन प्रणालीको महत्त्वलाई प्रकाश पार्छ। कायम राखिएको पूर्वाधार, पहुँचयोग्य सेवा र राजनीतिक चक्रमा टिक्ने नीति सफलताका राम्रा सूचक हुन्। समारोहको सट्टा निरन्तरताले वास्तविक प्रगतिलाई परिभाषित गर्छ। यस सन्दर्भमा चीनको राजनीतिक उपलब्धिको विकसित अवधारणाले उपयोगी सन्दर्भ प्रदान गर्छ।

अन्ततः सबैभन्दा स्थायी राजनीतिक उपलब्धि प्रायः कम नाटकीय हुन्छन्। तिनीहरूले चुपचाप संरचनात्मक जोखिम कम गर्छन्, संस्थागत लचिलोपनलाई बलियो बनाउँछन् र सार्वजनिक विश्वास निर्माण गर्छन्। आधुनिकीकरण केवल गतिले मात्र परिभाषित गर्दैन, बरु सन्तुलन, दिशा र जिम्मेवारीद्वारा परिभाषित गरिन्छ। महत्त्वाकांक्षालाई यथार्थवादसँग र विकासलाई दिगोपनसँग मिलाउनुले विकासलाई दिगो प्रगतिमा र शासनलाई दिगो वैधतामा रूपान्तरण गर्छ।

(चाइना डेलीबाट)

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १९ चैत ०८२

# चरम आर्थिक संकटमा हेटौँडा सिमेन्ट

## एक अर्ब ३६ करोड दायित्व, कर्मचारी १० महिनादेखि तलबविहीन

मकवानपुरमा **पोष्टराज अधिकारी**

सरकारी स्वामित्वको हेटौँडा सिमेन्ट उद्योग लिमिटेड लामो समयदेखि कहिले खुल्ने र कहिले बन्द हुने गर्दै गम्भीर आर्थिक अवस्थाबाट गुज्रिरहेको छ। उद्योग प्रशासनका अनुसार चालू आर्थिक वर्षमा गत भदौ १९ देखि २४ गतेसम्म जम्मा पाँच दिन मात्रै उद्योग सञ्चालनमा आयो। त्यस अवधिमा करिब दुई हजार पाँच सय टन क्लिंकर र करिब ६० हजार बोरा सिमेन्ट उत्पादन भएको थियो। अहिले उद्योगमा करिब १२ हजार बोरा सिमेन्ट मौज्दात रहेको उद्योगका सूचना अधिकारी हरेराम आचार्यले जानकारी दिए।

उद्योगले १३ चैतबाट पुनः क्लिंकर उत्पादन प्रक्रिया सुरु गरेको छ। तर, कोइलाको मौज्दात भने सात-आठ दिनलाई मात्र पुग्ने कोइला मौज्दात छ। थप कोइलाको व्यवस्था गर्न प्रक्रिया सुरु भइसकेको उद्योगका सहायक प्रबन्ध निर्देशक भक्तिराम श्रेष्ठले बताए। उनका अनुसार गत फागुनमै तीन हजार टन कोइला खरिदका लागि टेन्डर गरिएको र कोइला आउने क्रममा छ। यसैगरी, थप ६५ सय मेट्रिकटन कोइला ल्याउन टेन्डर प्रक्रिया सुरु भइसकेको छ। कोइला ल्याउने प्रक्रिया सम्झौताको चरणमै रहेकाले कोइला आउने आसमा उद्योग सञ्चालन गरिएको श्रेष्ठले बताए।



### बालेन प्रधानमन्त्री भएपछि कर्मचारी र श्रमिक आशावादी

'हाम्रो देश हेटौँडा सिमेन्ट कारखानाजस्तै भएको छ। मेसिन पनि छ, म्यानपावर पनि छ, खानी पनि छ, तर बन्द। अब चल्नुपऱ्यो। नेपाली कांग्रेसको वाइवाई फ्याक्ट्रीजस्तै चल्नुपऱ्यो अब त्यो पनि पूरै देशैभरि चल्नुपऱ्यो। १०० वटाभन्दा धेरै देशमा जानुपऱ्यो। देशका उद्योग-कलकारखानालाई चलाउने पार्टी बन्न चाहन्छ' गत १५ फागुनमा चितवनमा रास्वपाको चुनावी सभालाई सम्बोधन गर्दै बालेन्द्र शाहले बन्द र जीर्ण उद्योगहरू सञ्चालन गर्ने संकेत गरेका थिए। तत्कालीन प्रधानमन्त्रीका उम्मेदवार शाहले रास्वपाको सरकार आए देशभरका बन्द र जीर्ण अवस्थामा रहेका सम्पूर्ण सरकारी उद्योग-कलकारखाना सञ्चालन हुने बताएका थिए। निर्वाचनबाट अत्यधिक बहुमतसहित उनै बालेन्द्र शाह प्रधानमन्त्री भएसँगै लामो समयदेखि संकट झेलिरहेको उद्योगका कर्मचारीमा उद्योग पुनः सञ्चालन हुने आशा पलाएको छ। विशेषगरी १० महिनादेखि तलब-भत्ता नपाएका उद्योग प्रशासन, कर्मचारी र श्रमिक आशावादी भएका हुन्।

### एक अर्ब ३६ करोड दायित्व

उद्योग अहिले करिब एक अर्ब ३६ करोड रुपैयाँ दायित्वमा डुबेको छ। यसमा कर्मचारीको तलब-भत्ता, अवकाशप्राप्त कर्मचारीको बक्यौता, सरकारलाई तिर्नुपर्ने कर तथा दस्तुर, कोइला र ढुवानी खर्च, ढुंगा ढुवानी तथा दैनिक ज्यालादारी मजदुरको भुक्तानीलगायत समावेश छन्। उद्योगमा कार्यरत एक सय ३६ स्थायी कर्मचारीले करिब १० महिनादेखि तलब पाएका छैनन्। यसबाहेक ज्यालादारी र करारका कर्मचारी पनि छन्। उद्योग सञ्चालनका लागि चैत १२ गतेपछि दैनिक ज्यालादारीमा थप ५० जना कामदार नियुक्त गरिएको सूचना अधिकारी आचार्य बताउँछन्।

उद्योगका सहायक प्रबन्ध निर्देशक श्रेष्ठका अनुसार उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ खरिद गर्न र बिग्रिएका मेसिनका पाटपुर्जा मर्मत गर्नसमेत रकम अभाव छ। तत्काल उद्योग सञ्चालन गर्न र खर्चसमेत उठ्न नसक्ने अवस्था आएपछि नयाँ प्रविधिको प्लान्ट जडान गर्न एक अर्ब ६० करोडको प्रस्ताव यसअघि नै उद्योग मन्त्रालयमा पठाइएको उनले बताए। दुई हजार आठ सयदेखि तीन हजार मेट्रिकटन दैनिक उत्पादन क्षमताको आधुनिक प्लान्ट जडान नगरेसम्म उद्योग दीर्घकालीन रूपमा टिक्न कठिन हुने उनको भनाइ छ। 'तीन-चार वर्षअघि मात्रै पनि दैनिक सवा करोडको कारोबार गर्दै आएको उद्योग सञ्चालन गर्न सकिँदैन भन्ने होइन,' उनले भने, 'समयानुकूल उद्योगका मेसिन परिवर्तन हुनुपऱ्यो, उत्पादन लागत कसरी घटाउने भन्नेतर्फ सबैको ध्यान जानुपऱ्यो, त्यसो भयो भने उद्योग फेरि पनि चलाउन सकिन्छ।'

मकवानपुर क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य प्रकाश गौतमले गत साता उद्योग प्रशासनसँग उद्योगलाई नियमित सञ्चालन गर्ने विषयमा छलफल गरेका छन्। उनले उद्योग सञ्चालनका सम्भावित आधारसहित विस्तृत प्रतिवेदन तयार गरी उद्योग मन्त्रालयमा प्रस्ताव पेस गर्न आग्रह पनि गरेका छन्। 'म आफैँले पनि हेटौँडा सिमेन्ट उद्योग सञ्चालनको सम्भावनाका बारेमा अध्ययन गरिरहेको छु। चलाउन सकिने सम्भावना देखिन्छ। उद्योग रुग्ण हुनुमा व्यापारिकभन्दा पनि सरकारी भएपछि सेवामूलक, तलब खाने बाटो बनाएको जस्तो मात्रै देखिन्छ,' उनले भने, 'राजनीतिक हस्तक्षेप, आन्तरिक रूपमा हुने गरेको भ्रष्टाचार रोक्न सके र नयाँ म्यानेजमेन्ट ल्याउन सके उद्योग सञ्चालन गर्न सकिन्छ।' प्रधानमन्त्री शाहले उद्योग सञ्चालनका विषयमा सार्वजनिक रूपमा प्रतिबद्धता जनाइसकेको उल्लेख गर्दै उनले उद्योगलाई जसरी पनि सञ्चालनमा ल्याइने बताए। यसअघि तत्कालीन केपी ओली प्रधानमन्त्रीको १५ वैशाखमा बसेको मन्त्रिपरिषद्ले हेटौँडा र उदयपुर सिमेन्टलाई निजीकरण गर्ने निर्णय गरेको थियो।



**मकवानपुर-१ का सांसद प्रकाश गौतम भन्छन्-**

म आफैँले पनि हेटौँडा सिमेन्ट उद्योग सञ्चालनको सम्भावनाका बारेमा अध्ययन गरिरहेको छु। चलाउन सकिने सम्भावना देखिन्छ। उद्योग रुग्ण हुनुमा व्यापारिकभन्दा पनि सरकारी भएपछि सेवामूलक, तलब खाने बाटो बनाएको जस्तो मात्रै देखिन्छ। राजनीतिक हस्तक्षेप, आन्तरिक रूपमा हुने गरेको भ्रष्टाचार रोक्न सके र नयाँ म्यानेजमेन्ट ल्याउन सके उद्योग सञ्चालन गर्न सकिन्छ।




# २२ अर्बको संस्थापक सेयर नेप्सेमा सूचीकृत गरिदिन इप्पानको माग

**१४ महिनादेखि तीनवटा सोलार ऊर्जा कम्पनीसहित २२ ऊर्जा कम्पनीहरूको २२ अर्ब १२ करोड ४१ लाख रुपैयाँभन्दा बढीको संस्थापक सेयर नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत हुन सकेको छैन।**

**नयाँ पत्रिका**

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले १४ महिनादेखि रोकिएको २२ अर्बभन्दा बढीको जलविद्युत् कम्पनीहरूको संस्थापक सेयर नेप्सेमा सूचीकृत गर्न माग गरेको छ। २०८० माघदेखि आईपिओ निष्कासन गरेका कम्पनीहरूको संस्थापक सेयर नेप्सेमा सूचीकृत गरिदिन इप्पानले माग गरेको हो।

धितोपत्र निष्काशनसम्बन्धी निर्देशिकाअनुसार आईपिओ जारी भइसकेपछि कम्पनीको संस्थापक र साधारण सेयर एकैपटक नेप्सेमा सूचीकृत गर्नुपर्ने भए पनि सिडिएस एन्ड क्लियरिङ लिमिटेड (सिडिएससी)ले साधारण सेयर मात्रै अभौतिकीकरण गरेर संस्थापक सेयरलाई गैरकानुनी रूपमा १४ महिनादेखि रोकिएको इप्पानको जिकिर छ। इप्पानले बुधबार सिडिएससीलाई पत्राचार गर्दै सबै ऊर्जा कम्पनीको संस्थापक सेयर अभौतिकीकरण गरी नेप्सेमा सूचीकृत गरिदिन आग्रह गरेको हो।

सिडिएससीले संस्थापक र साधारण सेयरका लागि छुट्टाछुट्टै अन्तर्राष्ट्रिय सेक्युरिटिज आइडेन्टिफिकेसन नम्बर (आईजिन) हुनुपर्ने अडान लिएपछि तीनवटा सोलार ऊर्जा कम्पनीसहित २२ ऊर्जा कम्पनीहरूको २२ अर्ब १२ करोड ४१ लाख रुपैयाँभन्दा बढीको संस्थापक सेयर नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत हुन सकेको छैन। सिडिएससीको गैरकानुनी हठले कम्पनीका लगानीकर्ताको सरकारप्रतिको विश्वास गुमेको ऊर्जा उद्यमीहरूले बताएका छन्। ऊर्जा उत्पादक कम्पनीहरूले मौजुदा कानुनअनुसार तीन वर्षसम्म संस्थापक सेयर बिक्री गर्न नपाउने गरी लकइन गरिएको हुन्छ। तीन वर्षपछि कम्पनीले बैंकको ऋण चुक्ता गरेको अवस्थामा मात्रै संस्थापक सेयर बिक्री गर्न पाउँछन्। त्यति हुँदा पनि सिडिएससीले गैरकानुनी रूपमा दोहोरो आईजिनको कुरा निकालेर सेयर सूचीकृत नगर्नु लगानीकर्तामाथिको अन्याय भएको उद्यमीहरूको आरोप छ।

दोहोरो आईजिन कायम गरेर मात्रै संस्थापक सेयर सूचीकृत गर्ने सिडिएससीको अडानपछि गैरआवासिय नेपाली संघ (एनआरएनए)ले यस्तो व्यवस्था कार्यान्वयन नगर्न आग्रह गरेको थियो। जबर्जस्ती यस्तो व्यवस्था कार्यान्वयन गरेमा गैरआवासीय नेपालीबाट नेपालमा थप लगानी नआउने पनि संघले चेतावनी दिएको थियो। दोहोरो आईजिनले लगानीकर्ताको सम्पत्ती बन्धक हुने भन्दै यसले भोलिका दिनमा नेपालको लगानी वातावरण नै बिगार्न सक्नेतर्फ एनआरएनएले सिडिएससीको ध्यानाकर्षण गराएको थियो। इप्पानका अनुसार आर्थिक वर्ष ०८१/८२ मा आठवटा ऊर्जा कम्पनीको ३ अर्ब ५२ करोड २६ लाख ५५ हजार २०० रुपैयाँबराबरको ३ करोड ५२ लाख २६ हजार ५५२ कित्ता संस्थापक सेयर नेप्सेमा सूचीकृत हुन बाँकी छ। त्यसैगरी, आव ०८२/८३ मा १४ कम्पनीको १८ अर्ब ६० करोड १४ लाख ७२ हजार ६०० रुपैयाँबराबरको १८ करोड ६० लाख १४ हजार ७२६ कित्ता संस्थापक सेयर नेप्सेमा सूचीकृत हुन बाँकी रहेको छ। २२ कम्पनीको कुल २२ अर्ब १२ करोड ४१ लाख २७ हजार ८०० रुपैयाँबराबरको २२ करोड १२ लाख ७१ हजार २७८ कित्ता संस्थापक सेयर नेप्सेमा सूचीकृत हुन बाँकी छ।

# उच्च अंकले घट्यो नेप्से परिसूचक



**काठमाडौं**/ बुधबार बजार परिसूचक नेप्से परिसूचक ७४.७३ अंक (२.६२ प्रतिशत)ले घटेर २७७६.३६ विन्दुमा रोकिएको छ। नेप्सेमा ठुलो गिरावट आउँदा पनि ६ कम्पनीहरूको सेयर मूल्य भने उच्च दरले बढेको छ। रिलायन्स स्पिनिङ मिल्स र सुपरखुदी जलविद्युत्को सेयर मूल्य १० प्रतिशतले बढेर सर्किट ब्रेक लागेको थियो। भुजुङ जलविद्युत्, रिजलाइन इनर्जी, सूर्यकुण्ड हाइड्रो इले क्विटक र होटेल फरेस्ट इनको सेयर मूल्य ९.९९ प्रतिशतले बढेको छ। कुल बजार पुँजीकरण ४७ खर्ब २० अर्ब ११ करोड रुपैयाँ बजार पुँजीकरण कायम भएको छ। बुधबार कुल १२ अर्ब १० करोड रुपैयाँको सेयर किनबेच भएको छ।

**बागमती प्रदेश सरकार**
**सहकारी तथा गरिबी निवारण मन्त्रालय**
## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
**टंक प्रसाद घुम्ती सडक, अनामनगर, काठमाडौं**

### ७ दिने लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्ववानको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/१२/१९**

बागमती प्रदेशको प्रदेश सहकारी ऐन, २०७६ को दफा ८१ बमोजिम बागमती प्रदेश सरकारबाट दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड (३३३१।०६७।६८) किर्तिपुरलाई समस्याग्रस्त घोषणा गरी सो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्ने जिम्मा सोही ऐनको दफा ८२ अनुसार गठित यस समिति समक्ष लेखी आएकोले दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका बचतकर्ताहरूको बचत रकम फिर्ता गर्ने प्रयोजनार्थ यस सहकारीको नाममा रहेको तपशिलमा उल्लेखित घर जग्गा मूल्याङ्कन समितिले तय गरेको न्यूनतम मूल्यमा नघट्ने गरी तपशिलमा उल्लेखित शर्तको अधीनमा रही ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र आह्ववान गरिएको छ। इच्छुक बचतकर्ता, संस्था तथा व्यक्तिले सकार्न चाहेमा गोप्य शिलवन्दी निवेदन पेश गर्नु हुन सरोकारवाला सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि यस समितिको कर्यालयको Website : www.coopmc.bagamati.gov.np मा गई हेर्न सक्नु हुनेछ। साथै दुई वा दुई भन्दा बढी घर जग्गाको लागि बोलपत्र पेश गर्दा प्रत्येक घर जग्गाको लागि छुट्टा छुट्टै बोलपत्र पेश गर्नुपर्ने छ।

**(क) लिलाम बिक्री हुने सम्पत्ति र मूल्यः**

| क्र. स | जग्गा धनीको नाम थर | ठेगाना | जग्गाको कित्ता नं र क्षेत्रफल (वर्ग मि.) | घरको कुल क्षेत्रफल (वर्ग फिट) | न्युनतम मूल्य |
|---|---|---|---|---|---|
| १ | दिनेश दर्शनधारी | किर्तिपुर-५, काठमाडौं | कित्ता नं ३१२, खेत्रफल : ३४३.१५ | ३१६४.२५ | घर र जग्गा सहित कुल न्युनतम मूल्य रु ६,७८,०३,०००/- |
| २ | निर्मल बुद्धभूमि बचत तथा ऋण सहकारी संस्था लि. | किर्तिपुर-१६, काठमाडौं | कित्ता नं ३१९ र ३१७, क्षेत्रफलः १३२.२७ | ३६२१ | घर र जग्गा सहित कुल न्युनतम मूल्य रु ३,९६,५२,०००/- |
| ३ | आयुषा दर्शनधारी, जेनु महर्जन, यशोधा राई | सुर्यविनायक-१, सिरुटार भक्तपुर | कित्ता नं ६९३ क्षेत्रफल १५२६.२२ | घर नभएको | कुल जग्गाको न्युनतम मूल्य रु ५,७६,००,०००/- |
| ४ | आयुषा दर्शनधारी | सुर्यविनायक-१, दधिकोट भक्तपुर | कित्ता नं ३३०, क्षेत्रफल : ८९०.२२ | घर नभएको | कुल जग्गाको न्युनतम मूल्य रु ५,६०,००,०००/- |

**(ख) शर्तहरू :**

१. माथि उल्लेखित जग्गा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गर्न बोलपत्र पेश गर्नु पर्नेछ।
२. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा रु २०००।- बुझाइ समितिको कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ।
३. यो सूचना प्रकाशित भएको मितिले सातौँ दिन कर्यालय खुल्ने समय ५:०० बजेसम्म बोलपत्र पेश गरी सक्नु पर्नेछ। यसरी पेश भएको बोलपत्रहरू भोलिपल्ट २:०० बजे यसै समितिको कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएको समयमा खोलिने छ। तर बोलपत्रवाला वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न वाधा पर्ने छैन।
४. शिलबन्दी बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम केरमेट नगरी अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। बोलपत्र दाखिला गरेपछि त्यसमा कुनै किसिमको हेरफेर केरमेट गर्न पाइने छैन र बोलपत्र शर्त रहित हुन पर्नेछ।
५. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्दि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित स्वंय उपस्थित हुन पर्नेछ।
६. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १०% (दश) प्रतिशत रकम राष्ट्रिय बाणिज्य बैंक पुतली सडक शाखामा रहेको बैंक खातावालको नाम **समस्याग्रस्त सहकारी व्यवस्थापन समिति (०१), बैंक खाता नं. ११३०१०००००४६७२००१** मा जम्मा गरी सोको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ।
७. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।
८. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा सयुक्त उपक्रममार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ। यसरी सहभागी हुन चाहने बढीमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रममा सम्झौता मान्य हुनेछ, साथै सो उपक्रममा सम्झौताको प्रति बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।
९. जग्गा सकार गर्ने पक्षले नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने कर तथा दायित्व सम्पूर्ण भुक्तान गर्नु पर्नेछ।
१०. बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समिति समक्ष रहने छ।

■ श्रममन्त्री साहको पहिलो निर्णय महिना दिनभित्रै कार्यान्वयन गरिने

# वार्षिक एक लाख दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य

**श्रमबजारमा आउने वार्षिक पाँच लाख नयाँ जनशक्तिमध्ये एक लाखलाई रुचिअनुसारको तालिम दिएर सिपयुक्त जनशक्ति उत्पादन गर्ने सरकारी योजना**

**अजित अधिकारी**/नयाँ पत्रिका

वार्षिक एक लाख दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यसहित एक महिनाभित्र 'रणनीतिक योजना २०२६-३१' को मस्यौदालाई पूर्णता दिन राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान जुटेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहले १३ चैतमा पदवहाली गर्दै सिपयुक्त जनशक्ति उत्पादनका लागि बनाइएको 'रणनीतिक योजना २०२६-३१' को मस्यौदालाई पूर्णता दिने निर्णय गरेका थिए। मन्त्रीको निर्देशनअनुसार मस्यौदालाई अन्तिम रूप दिन सघन छलफल भइरहेको प्रतिष्ठानका कार्यकारी निर्देशक रमेशकुमार बखतीले जानकारी दिए। 'एक वर्षदेखि मस्यौदा निर्माणाधीन अवस्थामै छ। पटक-पटक संशोधन गर्ने काम भएका छन्,' उनले भने, 'तर, नयाँ मन्त्रीज्यूको निर्देशन प्राप्त भएपछि एक महिनाभित्रै टुंगो लगाउने गरी काममा जुटेका छौं।'

प्रतिष्ठानले तयार गरेको मस्यौदामा वार्षिक एक लाख सीपयुक्त जनशक्ति उत्पादन गर्ने लक्ष्य राखिएको छ। श्रमबजारमा वार्षिक पाँच लाख श्रमिकका प्रवेश हुने तथ्यांकलाई आधारमा एक लाखलाई विभिन्न सीपयुक्त तालिम दिएर पोख्त बनाउने योजना रहेको बखतीले बताए। 'निजी क्षेत्रसँगको सहकार्यलाई प्रमुख प्राथमिकता दिएका छौं,' उनले भने, 'निजी क्षेत्रकै तालिम केन्द्र, प्रशिक्षकलगायतको उपयोग गरेर युवालाई प्रशिक्षित गर्ने योजना छ।' प्रतिष्ठानको हाल ललितपुरको भैंसेपाटी, सुनसरीको इटहरी र रुपन्देहीको बुटवलमा तालिम केन्द्र भए पनि पूर्वाधारको अभाव छ। त्यसैले वार्षिक करिब सात हजार युवालाई मात्रै दक्षताअनुसारको तालिम प्रदान भइरहेको छ। 'सानो क्षमतामा तालिम दिइरहेकोमा अब धेरै युवालाई प्रशिक्षित गर्ने योजना छ,' उनले भने।



प्रतिष्ठानले अहिले इजरायल र कोरिया जाने युवाहरूलाई मात्रै अभिमुखीकरणसहितको तालिम दिने गरेको छ। प्रतिश्रमिक इजरायलका लागि सात सय र कोरियाका लागि ६३ डलर तालिम शुल्क लिने गरिएको छ।

### निजी तालिम प्रदायकलाई जथाभावी शुल्क नलिन कडाइ

वैदेशिक रोजगारमा जाने श्रमिकहरूलाई रोजगारीमा जानुअघि मान्यताप्राप्त तालिम प्रदायक संस्थाहरूबाट दिइने अभिमुखीकरण तालिमबापतको शुल्क बढी लिने गरेको गुनासो बढेपछि वैदेशिक रोजगार विभागले कडाइ थालेको छ।

अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, ०७६ ले पनि प्रशिक्षार्थी ७०० शुल्क तोकेकाले उक्त रकमभन्दा बढी नलिन तालिम प्रदायक संस्थाहरूलाई विभागले सूचित गरेको हो। यसअघि १३ असोज, ०८१ मा पनि बढी शुल्क नलिन दिएको निर्देशन विभागले अवगत गराएको छ।

केही तालिम प्रदायक संस्थानले तीन गुणा बढी अर्थात् २१ सय रुपैयाँसम्म अभिमुखीकरण शुल्कबापत असुलेको गुनासो आएको विभागले जनाएको छ। यसरी तोकिएको भन्दा बढी शुल्क लिएको पुष्टि हुन आए इजाजत नै रद्द गर्ने पनि विभागले चेतावनी दिएको छ।

## ऊर्जा मन्त्रालयमा 'सुशासन एकाइ' गठन

**काठमाडौं**/ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले मन्त्रालयको कार्यसम्पादनलाई थप चुस्त, पारदर्शी र नतिजामुखी बनाउन 'सुशासन एकाइ' गठन गरेका छन्। उक्त एकाइले मन्त्रालय तथा मातहतका निकायहरूमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादनको नियमित अनुगमन र मूल्यांकन गर्नेछ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा सम्बन्धित नियमावलीको व्यवस्था र नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार उक्त एकाइ स्थापना गरिएको हो। नवगठित एकाइको संयोजक प्रशासन महाशाखाका सहसचिव रहनेछन्। त्यसैगरी कार्यक्रम, बजेट तथा अनुगमन, जलस्रोत, ऊर्जा, विकास सहायता तथा प्रादेशिक समन्वय, जल तथा मौसम, तथा कानुन तथा फैसला कार्यान्वयन महाशाखाका सहसचिव सदस्य रहने व्यवस्था गरिएको छ। सूचना तथा जनसम्पर्क शाखाका उपसचिवले एकाइको सदस्यसचिवको जिम्मेवारी सम्हाल्नेछन्।

एकाइले विशेषगरी 'डेलिभरी-आधारित शासन प्रणाली'अन्तर्गत मन्त्रालयले निर्धारण गरेका कार्य तोकिएको समयसीमाभित्र सम्पन्न भए-नभएको, जिम्मेवार अधिकारीहरूले आफ्नो दायित्व प्रभावकारी रूपमा निर्वाह गरे-नगरेको तथा कार्यसम्पादन सूचकहरूको कार्यान्वयन अवस्था कस्तो रहेको छ भन्ने विषयमा निगरानी गर्नेछ। यसका अतिरिक्त कर्मचारीहरूको कार्य विवरणअनुसार कामको प्रगति, कानुनी समयसीमाको पालना, तथा सरकारी स्रोतसाधनको सदुपयोगको अवस्थाबारे पनि मूल्यांकन गर्नेछ।

### रुग्ण आयोजना पनि पुनरावलोकन गरिँदै

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले अलपत्र परेका तथा रुग्ण अवस्थामा रहेका आयोजनाहरूको पुनरावलोकनका लागि समिति गठन गरेका छन्। मन्त्रालयका सहसचिव डा. महेश्वर श्रेष्ठको संयोजकत्वमा आठ सदस्यीय अध्ययन समिति गठन गरिएको छ।

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
## Road Safety and Traffic Section
### Letter of Intent to Award the Contract

**Notice Publication Date: 2082/12/19**

As per public procurement act 2063 clause 27(2) & clause 47 this is to notify all concerned bidders that it is our intention to award the contract for Construction of Steel Footbridge Stair Extension at Koteshwor, Ring Road, Kathmandu to the lowest evaluated Substantially responsive bidder mentioned below.

| S.N | Contract no. | Lowest Evaluated Substantially responsive bidder | Bid Price (without VAT and PS) |
|---|---|---|---|
| 1 | DoR/RSTS/04/082/83-W04 | Dynamic Engineering Builders,Chaurideurali-6, Kavre | 44,00,804.97 |

**Section Chief**

# हुन्डाईको नयाँ वर्ष अफरमा पौने दुई लाखसम्म छुट




**काठमाडौं**/ हुन्डाई नेपालको नयाँ वर्ष २०८३ लक्षित अफर घोषणा गरिएको छ। नेपालका लागि हुन्डाई गाडीको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले 'हुन्डाईसँग शुभ यात्रा-२०८३" अफर घोषणा गरेको हो। नयाँ वर्षमा नयाँ सुरुवात गर्न चाहनेका लागि अफरमा आकर्षक सुविधा राखिएको कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार, ग्राहकले छनोट गरेका हुन्डाई मोडेलमा एक लाख ७५ हजारको नगद छुटका साथै ९६ हजारसम्म नयाँ वर्ष बोनस पाउनेछन्। यसबाहेक, एक वर्षसम्मको निःशुल्क बिमा र सवारी कर तथा मूल्यांकन एक्सचेन्ज सुविधा पनि उपलब्ध हुनेछ, जसले गाडी किन्ने अनुभवलाई अझ सजिलो र फाइदाजनक बनाउने कम्पनीको भनाइ छ।

यस अफरलाई अझ आकर्षक बनाउँदै कम्पनीले बिक्रीपछिका सेवा पनि निरन्तर दिँदै आएको छ। यसअन्तर्गत ६ वर्षसम्मको निःशुल्क सर्भिस र तीन वर्षको वारेन्टी समावेश छ। कम्पनीले नेपालप्रतिको आफ्नो प्रतिबद्धता थप मजबुत बनाउँदै पछिल्ला दुई वर्षदेखि क्रेटा र भेन्युजस्ता लोकप्रिय मोडेल नेपालमै एसेम्बल गर्दै आएको बताइएको छ। पाँच अर्ब रुपैयाँभन्दा बढी लगानी गरिएको यस पहलले देशभित्रै क्षमता विकास, स्थानीय सीप प्रवर्द्धन र औद्योगिक विकासमा योगदान पुऱ्याइरहेको कम्पनीले बताएको छ।

लोकप्रिय मोडेल र ग्राहकमैत्री सुविधासहित यो यो अभियानले नयाँ वर्षको सुरुवातलाई अझ फाइदाजनक र विशेष बनाउने लक्ष्य राखेको छ। कम्पनीले आफ्ना नजिकका हुन्डाई सोरुममा गएर अफरबारे जानकारी लिन पनि आग्रह गरेको छ।

# फोटोन मोटर्सको बिर्तामोडमा कस्टमर मिट कार्यक्रम





**काठमाडौं**/ फोटोन मोटर्सले बिर्तामोडमा कस्टमर मिट कार्यक्रम आयोजना गरेको छ। यस कार्यक्रममार्फत झापा तथा आसपासका जिल्लाका ग्राहकसँग ब्रान्डलाई अझ नजिक ल्याउने उद्देश्य राखिएको बताइएको छ। कार्यक्रममा फोटोन प्रयोगकर्ताले आफ्ना अनुभव, अपेक्षा र सुझाव प्रस्तुत गरेका थिए। साथै, कार्यक्रममा पूर्वी नेपालका यातायात व्यवसायी, फ्लिट सञ्चालक तथा व्यावसायिक साझेदारहरूको सक्रिय सहभागिता रहेको थियो।

बिर्तामोड महत्त्वपूर्ण व्यापारिक तथा लजिस्टिक्स केन्द्र भएकाले झापा तथा सीमावर्ती जिल्लामा फोटोनको पहुँच विस्तार गर्न यसले रणनीतिक भूमिका खेल्ने बताइएको छ। यस पहलमार्फत कम्पनीले ग्राहकसँग अझ सुदृढ सम्बन्ध निर्माण गर्नुका साथै व्यावसायिक सवारीसाधनसम्बन्धी उनीहरूको बदलिँदो आवश्यकताबारे महत्त्वपूर्ण जानकारी संकलन गर्ने लक्ष्य राखेको थियो।

कम्पनीले बिक्रीपछिको सेवा र ग्राहक सन्तुष्टिलाई प्राथमिकता दिएको विषयमा प्रकाश पारेको थियो। फोटोन टोलीले सेवामा पहुँच र रेस्पोन्स समय अझ सुधार गर्ने योजना प्रस्तुत गर्दै ग्राहकहरूलाई समयमै र भरपर्दो सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाएको बताइएको छ। कम्पनीले पछिल्लो समय आफ्नो देशव्यापी नेटवर्क विस्तारमा जोड दिएको छ। जसअन्तर्गत हाल १४ भन्दा बढी बिक्री तथा सेवा केन्द्र सञ्चालनमा छन्।

# एनसेलको दैनिक १०० एमबी डेटा निःशुल्क पाइने अफर

**काठमाडौं**/ एनसेलले दैनिक एक सय एमबी निःशुल्क डेटा पाइने अफर सञ्चालनमा ल्याएको छ। साथै, हरेक हप्ता आकर्षक डेटा भोलुम पनि पुरस्कारस्वरूप जित्न सक्नेछन्। ग्राहक अनुभव अभिवृद्धि र डिजिटल प्रयोगलाई प्रोत्साहन गर्ने आफ्नो प्रतिबद्धताबमोजिम कम्पनीले यो अफर सञ्चालनमा ल्याएको एनसेलले जनाएको छ।




अफरअन्तर्गत सबै एनसेल ग्राहकले हरेक दिन एनसेल एपको बाई प्याक मेनुमा गई १०० एमबी निःशुल्क डेटा सक्रिय गर्न सक्नेछन्। यसले ग्राहकलाई एपका विभिन्न सुविधा प्रयोग गर्दै सधैँ कनेक्टेड रहन मद्दत गर्ने बताइएको छ। यो अफरको उद्देश्य ग्राहकलाई आधारभूत ग्राहक सेवाभन्दा बाहिर गएर डिजिटल जीवनशैली अपनाउन प्रेरित गर्नु रहेको एनसेलले जनाएको छ।

ग्राहक संलग्नता थप बढाउन एनसेलले 'प्ले एन्ड विन' अफर पनि ल्याएको छ। जसअन्तर्गत ग्राहकले साप्ताहिक रुपमा एपमा आधारित गतिविधिमा सहभागिता जनाएर ५० जिबीसम्म डेटा जित्ने अवसर पाउनेछन्। प्रयोगकर्ताले दैनिक एपमा गई स्पिन द ह्विवल, म्याथ च्यालेन्ज, एनसेल रनर, स्क्राच एन्ड विनजस्ता गेममा संलग्न भई आफ्नो अंक संकलन गर्न सक्ने बताइएको छ।

हप्ताभरि संकलन भएको अंकका आधारमा ग्राहकहरूको स्थान निर्धारण गरिन्छ र सोहीअनुसार उनीहरूले आकर्षक डेटा पुरस्कारका रूपमा जित्नेछन्।

प्रत्येक हप्ता कुल तीन हजार ४१० जना ग्राहकले डेटा पुरस्कारका रूपमा प्राप्त गर्नेछन्, जसमा शीर्ष १० जनाले ५० जीबी डेटा प्राप्त गर्नेछन्।
उत्कृष्ट १ देखि १० जना ग्राहकहरूले जनही ५० जीबी डेटा प्राप्त गर्नेछन् भने ११ देखि ६० स्थानसम्मका ग्राहकहरूले १० जिबी, ६१ देखि १६० स्थानसम्मका ग्राहकहरूले ५ जिबी, १६१ देखि ४१० स्थानसम्मका ग्राहकहरूले १ जिबी, ४११ देखि ९१० स्थानसम्मका ग्राहकहरूले ५०० एमबी र ९११ देखि ३,४१० स्थानसम्मका ग्राहकहरूले जनही १०० एमबी डेटा पुरस्कार प्राप्त गर्नेछन्।

# सेगवे ई-११० एल नयाँ वर्ष अफरसहित पुनः उपलब्ध



**काठमाडौं**/ नयाँ वर्ष २०८३ को अवसरमा सेगवे ई-११० एल मा विशेष अफर घोषणा गरिएको छ। सेगवेको आधिकारिक वितरक आइहब प्रालिले नेपालमा रुचाइएको यो मोडेल पुनः उपलब्ध हुने बताएको छ। अफर मूल्य दुई लाख ८४ हजार ९९९ तोकिएको छ। अफरअन्तर्गत ग्राहकले डिजिटल ट्याब, ब्रान्डेड हेल्मेट, स्कुटर कभर र टोट ब्याग पाउनेछन्। साथै, एक वर्षको निःशुल्क वार्षिक मर्मत सेवा (एमसी) पनि समावेश गरिएको कम्पनीले जनाएको छ। कम्पनीका अनुसार, पहिलो २५ ग्राहकका लागि आकर्षक 'अर्ली बर्ड' डिस्काउन्ट पनि घोषणा गरेको छ। यसमा ग्राहकले खरिद गर्ने मोडेलअनुसार अधिकतम ४१ हजारसम्म बचत गर्न सक्नेछन्।

सेगवे ई-११० एललाई दैनिक प्रयोगका लागि उपयुक्त स्कुटरका रूपमा प्रस्तुत गरिएको छ। यसमा २४०० वाटको मोटर छ, जसले १५० न्यूटन-मिटर टर्क दिन्छ र अधिकतम गति ६२ किलोमिटर प्रतिघण्टासम्म पुग्छ। यो १५ डिग्रीभन्दा माथिका उकालाहरू पनि सजिलै चढ्छ। यो स्कुटरमा आवश्यकताअनुसार तयार गरिएको ट्रेलोर्ड बुसलेस मोटर प्रयोग गरिएको बताइएको छ। ७२ भोल्ट २४ एम्पियर-घण्टा क्षमताको लिथियम ब्याट्रीले एकपटक चार्जमा ६० देखि ११० किमि चल्ने कम्पनीको दाबी छ।

राइडिङ अनुभवलाई ध्यानमा राखेर यसमा हाइड्रोलिक स्प्रिङ ड्याम्पिङ सिस्टम राखिएको छ, जसले उबडखाबड सडकमा पनि आरामदायी यात्रा दिने जनाइएको छ।

# गोल्छा ग्रुपद्वारा किओचलाई पाँच करोड सहयोग




**काठमाडौं**/ औद्योगिक तथा व्यावसायिक घराना गोल्छा ग्रुपले काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (किओच) लाई पाँच करोड रुपैयाँ आर्थिक सहयोग गरेको छ। बुधबार एक कार्यक्रमबिच बालबालिकाका लागि सहज उपचार र प्रभावकारी स्वास्थ्यसेवाको व्यवस्थापनमा सहयोग गर्ने उद्देश्यले उक्त आर्थिक सहयोग प्रदान गरेको हो।
कर्पोरेट सामाजिक उत्तरदायित्व (सिएसआर)अन्तर्गत गोल्छा ग्रुपका अध्यक्ष शेखर गोल्छा र किओचका संस्थापक अध्यक्ष प्राडा भगवान कोइरालाबिच आर्थिक सहयोगको सम्झौता भएको हो।

'सातै प्रदेशमा बाल अस्पताल निर्माण गर्ने यो अभियानमा जोडिन पाउँदा गर्व महसुस गरेको छु,' ग्रुपका अध्यक्ष शेखर गोल्छाले भने, 'हाम्रो फाउन्डेसनद्वारा गरिने सामाजिक उत्तरदायित्वअन्तर्गत आजदेखि किओचसँग पनि सहकार्य सुरुवात भएकोमा हर्षित छौं। बाल अस्पतालमार्फत बालबालिकाहरूको सहज उपचार र गुणस्तरीय स्वास्थ्य सेवा थप प्रभावकारी हुने विश्वाससमेत छ।'

त्यस्तै, सहयोग रकम बुझ्दै किओचका संस्थापक अध्यक्ष कोइरालाले भने, 'यस अभियानमा गोल्छा ग्रुपको साथ र सहयोगबाट हजारौं बालबालिकाहरूले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने र सातै प्रदेशमा भइरहेको बाल अस्पताल निर्माणमा पनि धेरै ठुलो सहयोग पुग्ने विश्वास लिएको छु।'

सातै प्रदेशमा बाल अस्पताल निर्माण गर्ने गुरुयोजनाअन्तर्गत अहिले कोशी प्रदेशको दमक र बागमती प्रदेशको काठमाडौंमा अस्पताल सञ्चालन भएको छ। देशभरका बालबालिकाहरूलाई उच्च गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले किओचको स्थापना भएको हो।

## मोटरसाइकल हरायो

मिति २०८२/१२/३ गते बिहान अ. ३:४० बजे ललितपुर जिल्ला ल.म.न.पा.-१७, लुखुसी स्थीत सार्वजनिक स्थानमा पार्किङ गरि राखेको मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको KTM Duke 250 मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।
**नाम** : **अर्जुन भुजेल**
मो.सा.नं.: बा.प्र. ०२-०५८ प ४३९१
चेसिस नं.: MD2JPEXG0MC012146
इन्जिन नं.: M-93722760
सम्पर्क न.: 9823766847

## नेपाल विद्युत प्राधिकरण
### गण्डकी प्रादेशिक कार्यालय, पोखरा

## मिटर नामसारी सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८२।१२।१९)

यस प्रादेशिक कार्यालय अन्तर्गत कावासोती, लमजुङ, पर्वत, स्याङजा, बागलुङ र म्याग्दी वितरण केन्द्रका ग्राहकहरुको विद्युत मिटर नामसारी गर्न परेका निवेदकहरुको विवरण ने.वि.प्रा. को वेवसाइट www.nea.org.np/regional/6 मा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति २०८२/१२/१९ गतेको नयाँ पत्रिका दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयमा ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, थप व्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रूपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याइन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैंले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धित कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुन: अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०८२/१२/२५ गते, बुधबार**
**बोलपत्र खोलिने मिति/समय** — **२०८२/१२/२७ गते दिनको १ बजे शुक्रबार/स्थान उल्लेखित शाखा कार्यालय**

| क्र.सं | शाखा कार्यालय नयाँ बानेश्वर | |
|---|---|---|
| | **१. ऋणीको नाम, ठेगाना** | |
| १. | **१. नामः मुक्ती नाथ दुलाल**<br>ना.प्र.नं. २६१२-३१३९७, जि.प्र.का. सिन्धुपाल्चोक<br>जारी मिति : २०४२/११/१०<br>बाबुको नामः डुम प्रसाद दुलाल, बाजेको नाम युग दत्त दुलाल<br>ठेगानाः सिन्धुपाल्चोक जिल्ला, मेलम्ची वडा नं. ११. हाल सिन्धुपाल्चोक जिल्ला, मेलम्ची वडा नं. ११ | |
| | **जमानतकर्ताहरूको विवरण** | |
| | **१. नामः सागर दुलाल**<br>ना.प्र.नं. २४१०५८-१७५३६, जि.प्र.का. सिन्धुपाल्चोक<br>जारी मिति २०६६/०२/२५<br>बाबुको नाम : मुक्ती नाथ दुलाल<br>बाजेको नाम : डुम प्रसाद दुलाल<br>ठेगाना : सिन्धुपाल्चोक जिल्ला, मेलम्ची वडा नं. ६<br>हाल : सिन्धुपाल्चोक जिल्ला मेलम्ची वडा नं. ११ | **२. नामः शरद दुलाल**<br>ना.प्र.नं. : २४१०५८-१७५३५, जि.प्र.का. सिन्धुपाल्चोक<br>जारी मिति : २०६६/०२/२५<br>बाबुको नाम : मुक्ती नाथ दुलाल<br>बाजेको नाम : डुम प्रसाद दुलाल<br>ठेगाना : सिन्धुपाल्चोक जिल्ला मेलम्ची वडा नं. २<br>हाल : सिन्धुपाल्चोक जिल्ला मेलम्ची वडा नं. ११ |
| | **३. नामः कुमारी संजु दुलाल**<br>ना.प्र.नं. :२३८६, जि.प्र.का. सिन्धुपाल्चोक<br>जारी मिति : २०५३/१०/०६<br>बाबुको नाम : लुमा कान्त पोखेल, पतीको नाम : मुक्ती नाथ दुलाल<br>ठेगाना : सिन्धुपाल्चोक जिल्ला मेलम्ची वडा नं. ०४, हाल : सिन्धुपाल्चोक जिल्ला मेलम्ची वडा नं. ११ | |
| | **धितोको विवरण** | |
| | मुक्ती नाथ दुलालको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, मेलम्ची वडा नं. २ स्थित कित्ता नं. १०२०, १०२२, १३४७, ६३२ र ११५६ को क्षेत्रफल क्रमश: १-२-०-१, ०-२-३-०, ०-१-०-०, ०-५-०-३ र ०-१-३-२ रोपनी भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| २. | **२. ऋणीको नाम, ठेगाना** | |
| | **नामः श्री बाँसगढी बहुउद्देश्यीय कृषि फार्म प्रा ली**<br>नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय<br>कम्पनी रजिष्ट्रेशन नं.: ३१२५१०/७९/०८०, दर्ता मिती : २०८०/०२/०१<br>प्यान नं.: ६१०५०१०१२ दर्ता मिती : २०८०/०२/०१<br>रजिष्टर्ड ठेगाना : बाँसगढी ०८ बर्दिया, सम्पर्क ठेगाना : बाँसगढी ०८ बर्दिया | |
| | **जमानतकर्ताहरूको विवरण** | |
| | **१. नाम : मोहनलाल खत्री**<br>ना.प्र.प.नं. ६४-७९८७९,<br>जारी मिति : २०६३-०७-२२, सुर्खेत<br>पिताको नाम : बल बहादुर खत्री<br>बाजेको नाम : धर्मु खत्री<br>ठेगाना : सुर्खेत लेखपराजुल ०९ | **२. नाम : मेनुका खड्का**<br>ना.प्र.प.नं. ६४-०१-७०-०३९४२,<br>जारी मिति : २०७०/०८/३०, सुर्खेत<br>ससुराको नाम : बल बहादुर खत्री<br>पतीको नाम : मोहनलाल खत्री<br>ठेगाना : सुर्खेत छिन्चु ०४ |
| | **धितोको विवरण** | |
| | श्री बाँसगढी बहुउद्देश्यीय कृषि फार्म प्रा ली को नाममा भुमिसुधार तथा मालपोत कार्यालय गुलरिया बदिर्यामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया डेउढाकला ०९ स्थित कित्ता नं. १३०१ र १३०२ क्षेत्रफल ३७३५ र ३७३५ भएको जग्गा र घर तथा सम्पूर्ण लिगलिगापात समेत। | |
| ३. | **शाखा कार्यालय ईटहरी, सुनसरी** | |
| | **ऋणीको नाम, ठेगाना** | **ऋणी तथा जमानतकर्ताको विवरण :** |
| | **नाम : अमित किराना पसल**<br>नेपाल सरकार,वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूति व्यवस्थापन विभाग,वाणिज्य कार्यालय,बिराटनगर<br>प्रा.फा.र नं.: २७१८७/०७१/७२,दर्ता मिति २०७२/०१/०९<br>पान नं.: ३०४३८९६७०, दर्ता मिति २०६७/०४/१२<br>ठेगाना : विराटनगर म.न.पा-०१, मोरङ्ग<br>प्रोपाइटरको : अनुपलाल मण्डल | **नाम : अनुपलाल मण्डल**<br>ना.प्र.प.नं. ११५१६/१०४९, जि.प्र.का. मोरङ्ग<br>जारी मिति २०५८/०६/१०<br>बाबुको नाम : मानिक चन्द्र मण्डल<br>बाजेको नाम : साधुलाल मण्डल<br>ठेगाना : रंगेली-०९, मोरङ्ग<br>हाल : विराटनगर म.न.पा-०१, मोरङ्ग |
| | **जमानतकर्ताहरूको विवरण** | |
| | **नाम : रंजिता राय**<br>ना.प्र.प.नं. ४३६७३, जि.प्र.का. मोरङ्ग<br>जारी मिति : २०५६/०४/१९<br>पतिको नाम : अनुपलाल मण्डल<br>ससुराको नाम : मानिक चन्द्र मण्डल<br>ठेगाना : विराटनगर म.न.पा-०३, मोरङ्ग<br>हाल : विराटनगर म.न.पा-०१, मोरङ्ग | **नाम : अमित कुमार मण्डल**<br>ना.प्र.प.नं. ०५-०२-७५-०१६१९, जि.प्र.का. मोरङ्ग<br>जारी मिति : २०७५/०६/०२<br>बाबुको नाम : अनुपलाल मण्डल<br>बाजेको नाम : मानिक चन्द्र मण्डल<br>ठेगाना : रंगेली-०४, मोरङ्ग<br>हाल : विराटनगर म.न.पा-०१, मोरङ्ग |
| | **धितोको विवरण** | |
| | १. रंजिता रायको नाममा मालपोत कार्यालय विराटनगर मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, विराटनगर म.न.पा वडा नं. १ ग स्थित कित्ता नं. २१२२ को कुल क्षेत्रफल ०-०-९-०(वि-क-धु) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>२. अनुपलाल मण्डलको नाममा मालपोत कार्यालय रंगेली मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, रंगेली .न.पा वडा नं. ९ स्थित कित्ता नं. ३८८,४०६,४११ र ३८९ को क्षेत्रफल क्रमश: २०३१.७८,२००६,४५० र २७०८.२२ (व.मि) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
*More than a Bank*
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: नयाँ बानेश्वर फोन नं.०१-४५६२५५१
शाखा कार्यालय: ईटहरी, सुनसरी, फोन नं.०२५-५८०४२२/२३
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति: २०८२/१२/१९**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटीपथ, दरवारमार्ग, काठमाडौंबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत उपभोग गर्नु भएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीहरुलाई मिति वि.सं. २०८२/०५/२३ गतेको नागरिक दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय धरान, सुनसरीमा दिउँसो १:०० गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**१. कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा**

| ऋणीको नाम र ठेगानाः | जमानीकर्ताको नाम र ठेगाना |
|---|---|
| नाम : **धिरज श्रेष्ठ** | नाम : **कामख्या मानन्धर** |
| बाबु : गोपाल प्रसाद श्रेष्ठ | बाबु : भोज कुमार मानन्धर |
| बाजे : सुर्य प्रसाद श्रेष्ठ | पति : धिरज श्रेष्ठ |
| ठेगाना : धरान उप.म.न.पा./न.पा वडा नं. ४, सुनसरी | ससुरा : गोपाल प्रसाद श्रेष्ठ |
| हाल : काठमाडौं म.न.पा. वडा नं. ०३, काठमाडौं | ठेगाना : सोनापुर गाउँ पञ्चायत/गा.वि.स. वडा नं. २, सुनसरी |
| ना.प्र.नं. : १२२३९/७१३२/१०५३२ | हाल : काठमाडौं म.न.पा. वडा नं. ०३, काठमाडौं |
| जारी मिति : २०४५/०९/२६ | ना.प्र.नं. : १२८१ |
| जि.प्र.का. : सुनसरी | जारी मिति : २०४३/१०/०२ |
| | जि.प्र.का. : सुनसरी |

**२. कर्जा शिर्षक : चालु पुंजी आवधिक कर्जा**

**ऋणी कम्पनीको नाम र ठेगाना**
नाम : **आरम्भ निर्माण सेवा प्रा.लि.**
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३, धारापाटी
रजिष्ट्रेसन नं. : २६२६७९/७७/०७८ (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय)
रजिष्ट्रेसन मिति : २०७८/०१/०८
पान नं. : ६१०००२७५३

| कम्पनीको संचालक तथा जमानीकर्ताको नाम र ठेगाना | जमानीकर्ताको नाम र ठेगाना |
|---|---|
| नाम : **धिरज श्रेष्ठ** | नाम : **कामख्या मानन्धर** |
| बाबु : गोपाल प्रसाद श्रेष्ठ | बाबु : भोज कुमार मानन्धर |
| बाजे : सुर्य प्रसाद श्रेष्ठ | पति : धिरज श्रेष्ठ |
| ठेगाना : धरान उप.म.न.पा./न.पा वडा नं. ४, सुनसरी | ससुरा : गोपाल प्रसाद श्रेष्ठ |
| हाल : काठमाडौं म.न.पा. वडा नं. ०३, काठमाडौं | ठेगाना : सोनापुर गाउँ पञ्चायत/गा.वि.स. वडा नं. २, सुनसरी |
| ना.प्र.नं. : १२२३९/७१३२/१०५३२ | हाल : काठमाडौं म.न.पा. वडा नं. ०३, काठमाडौं |
| जारी मिति : २०४५/०९/२६ | ना.प्र.नं. : १२८१ |
| जि.प्र.का. : सुनसरी | जारी मिति : २०४३/१०/०२ |
| | जि.प्र.का. : सुनसरी |

**माथि उल्लेखित ऋणीहरु धिरज श्रेष्ठ र आरम्भ निर्माण सेवा प्रा.लि.ले लिएको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण:**
**धितो सुरक्षण धनीको नामः- धिरज श्रेष्ठ**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट | कि.नं. | क्षेत्रफल (बि.क.धु.) | कैफियत |
|---|---|---|---|---|---|
| सुनसरी | धरान उ.म.न.पा. | ४/१७२१०६३०९ | १०३८ | ०-०-८-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत। |

माथि उल्लेखित चल/अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पुर्ण रकम कलम (Entire Receivables) सहित।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय, काठमाडौं वा शाखा कार्यालय धरान, सुनसरीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८३/०१/०४ गते, शुक्रबार**
**समय :- दिउँसो १:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय धरान, सुनसरी।**

**Citizens Bank**
**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

■ राखेप-एन्फा विवादको असर

# महिला टोली फिफा सिरिज खेल्न वञ्चित

**रमेश सुवेदी** / नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई गरेको तीन महिना निलम्बनको असर राष्ट्रिय महिला टोलीमा परेको छ। निलम्बनका कारण महिला टोलीले फिफा सिरिज, २०२६ गुमाएको छ। एन्फाले आफूहरू निलम्बनमा परेको कारण देखाएर फिफा सिरिजबाट महिला टोलीको नाम फिर्ता लिएको छ।

सिरिजका लागि एन्फाले ११ चैतमा ३२ खेलाडीको प्रारम्भिक टोली घोषणा गरेको थियो। टोलीका मुख्य प्रशिक्षक नवीन न्यौपाने खेलाडीलाई अर्को सातादेखि प्रशिक्षण गराउने योजनामा थिए। एन्फाका प्रमुख कार्यकारी अधिकृत इन्द्रमान तुलाधरले राखेपको निलम्बनपछि आवश्यक कागजी प्रक्रिया अघि बढाउन नसकिएकाले नाम फिर्ता लिएको बताएका छन्। 'एन्फा निलम्बनमा छ। यसकारण प्रतियोगिताबाट नाम फिर्ता लिएका हौं,' तुलाधरले भने।

राखेप र एन्फाबिचको आन्तरिक विवादको असर पुरुष र महिला टोली परेको छ। राखेपले मैदान उपलब्ध नगराएको जनाउँदै एन्फाले १२ चैतमा दशरथ रंगशालामा हुने नेपाल र हङकङबिचको मैत्रीपूर्ण खेल पनि स्थगित गरेको थियो। अब महिला टोलीले पनि अन्तर्राष्ट्रिय एक्सपोजरको अवसर गुमाएको छ। नेपाललले थाइल्यान्डमा आयोजना हुने फिफा महिला सिरिजअन्तर्गत २९ चैत र २ वैशाखमा खेल्ने कार्यक्रम थियो। प्रतियोगितामा आयोजक थाइल्यान्डसहित कंगो, नेपाल र न्यु क्यालेडोनिया सहभागी हुने तय थियो। तर, अन्तिम समयमा नेपाल सहभागी हुन नसक्ने भएपछि इन्डोनेसियाले मौका पाएको छ। राखेपका सदस्यसचिव रामचरित्र मेहताले फिफा सिरिजमा नेपालको नाम फिर्ता लिएको सम्बन्धमा औपचारिक जानकारी नआएको प्रतिक्रिया दिएका छन्।

'महिला राष्ट्रिय फुटबल टोलीले फिफा सिरिज नखेल्ने र एन्फाले नाम फिर्ता लिएको आधिकारिक जानकारी प्राप्त भएको छैन,' मेहताले भने। राखेपले निलम्बन गरेपछि एन्फा महासचिव किरण राईले आफूहरूबाट फुटबलका कुनै काम नहुने र त्यसको जिम्मेवारी राखेपले लिनुपर्ने दाबी गर्दै आइरहेका छन्। उनले राखेपको निलम्बनपछि फिफा सिरिजमा सहभागी हुन गाह्रो हुने बताएका थिए।

## खेल्ने वातावरण बन्ने आशामा खेलाडी

महिला टोलीकी पूर्वकप्तान तथा गोलरक्षक अञ्जिला तुम्बापो सुब्बाले फिफा सिरिज गुमाउनु दुःखद रहेको बताइन्। 'यो दुःखद समाचार हो। यस्तो घटना नहोस् भन्ने चाहेका थियौं,' अञ्जिलाले भनिन्। उनले यसै साता सामाजिक सञ्जालमा राजनीतिक विवादबाट फुटबललाई बन्धन नबनाउन अनुरोध गरेकी थिइन्। 'हामीलाई राजनीति होइन, फुटबल खेल्ने वातावरण चाहियो,' उनले भनेकी थिइन्। फिफाले महिला फुटबल विकासका लागि फिफा सिरिज सुरुवात गरेको हो। नेपाललले पहिलो अवसर नै गुमाउने पक्का भयो। फिफाको योजनाअनुसार विभिन्न टोलीले यही सिरिजबाट अभ्यासको अवसरसमेत पाउने थिए।

नेपाललले थाइल्यान्डमा फिफा सिरिज खेल्ने तय भएको थियो। जसका लागि तयारी सुरु गर्ने योजनामा थियो। सिरिजमा थाइल्यान्डसहित न्यु क्यालेडोनिया, डिआर कंगो र नेपाललले प्रतिस्पर्धा गर्ने पक्का थियो। नेपाललले नाम फिर्ता लिएपछि



एन्फाले थाइल्यान्डमा हुने फिफा सिरिजबाट नेपालको नाम फिर्ता लिएको छ। जबकि, ११ चैतमा प्रतियोगिताका लागि ३२ खेलाडीसहित प्रारम्भिक टोली घोषणा गरिएको थियो।

इन्डोनेसियाले मौका पाएको छ। निलम्बनपछि पनि राष्ट्रिय पुरुष टोलीले मंगलबार लाओसविरुद्ध एएफसी एसियन कप छनोटको अन्तिम खेल खेलेको थियो।

## खेलाडीहरू प्रशिक्षणमा

एन्फाले निलम्बनको बहानामा फिफा सिरिजबाट नेपालको नाम फिर्ता लिँदा प्रशिक्षणमा रहेका खेलाडी अन्योलमा छन्। टोलीका मुख्य प्रशिक्षक नवीन न्यौपानेले महिला खेलाडीलाई प्रशिक्षण दिइरहेका छन्। अर्को सातादेखि खेलाडीलाई अन्तिम चरणमा प्रशिक्षण गराउने उनको योजना थियो। न्यौपानेले प्रतियोगिताका लागि ३२ सदस्यीय टोलीको नाम दिइसकेका छन्। तर, भाग नै नलिने भएपछि उनले प्रशिक्षण स्थगित गरेका छन्।

राखेपले एन्फालाई पटक-पटक दिएको निर्देशन अवज्ञा गरेको जनाउँदै ११ चैतमा खेलकुद विकास नियमावली, २०७७ को दफा २९ (२) बमोजिम तीन महिनाका लागि निलम्बन गरेको थियो। थाइल्यान्डमा तय सिरिजमा नेपालले १२ अप्रिलमा कंगोसँग खेल्नुपर्ने थियो। त्यसपछि दोस्रो खेल १५ अप्रिलमा थियो।

नेपालको स्थानमा फिफाले इन्डोनेसियालाई सहभागी गराएको छ। महिला टोलीका मुख्य प्रशिक्षक न्यौपानेका अनुसार चार दिनअघि मात्र ३२ सदस्यीय टोलीको नाम एन्फालाई दिइएको थियो। टोलीले बुधबारदेखि अर्को सेसनको अभ्यास सुरु गर्ने तालिका थियो।

### आधिकारिक जानकारी आएको छैन

● **रामचरित्र मेहता**, सदस्यसचिव, राखेप



महिला राष्ट्रिय फुटबल टोलीले फिफा सिरिज नखेल्ने र एन्फाले नाम फिर्ता लिएको आधिकारिक जानकारी प्राप्त भएको छैन।

### निलम्बनपछि नाम फिर्ता लियौं

● **इन्द्रमान तुलाधर**, सिइओ, एन्फा



राखेपले एन्फालाई तीन महिनाका लागि निलम्बन गरेको छ। आवश्यक कागज प्रक्रिया मिलाउन कठिन भयो। जसका कारण फिफा सिरिजबाट नाम फिर्ता लिनुबाहेक अरू उपाय नै भएन।

### राजनीति होइन, फुटबल खेल्ने वातावरण चाहियो

● **अञ्जिला तुम्बापो सुब्बा**, पूर्वकप्तान, महिला



यो दुःखद समाचार हो। यही नहोस् भन्ने चाहन्थ्यौं। राजनीतिक विवादले फुटबललाई बन्धन नबनाउन भनेका थियौं। हामीलाई राजनीति होइन, फुटबल खेल्ने वातावरण चाहियो।

## ■ नेपाल यू-२० को सेमिफाइनलबाट बाहिरियो

नेपाली युवा टोली बुधबार बंगलादेशसँग १-० ले पराजित हुँदै साफ पुरुष यू-२० च्याम्पियनसिपको सेमिफाइनलबाट बाहिरिएको छ। माल्दिभ्सको मालेमा भएको प्रतिस्पर्धामा हारसँगै नेपालको उपाधि जित्ने सम्भावना सकिएको छ।

बंगलादेशका मोहम्मद मानिकले खेलको ११औं मिनेटमा निर्णायक गोल गरेका थिए। बंगलादेशले शुक्रबार हुने फाइनलमा भुटान र भारतबिचको विजेतासँग खेल्नेछ।

नेपाल लगातार दोस्रोपटक सेमिफाइनलमा बंगलादेशसँग पराजित भएको हो। अघिल्लो संस्करणको साफ यू-१९ च्याम्पियनसिपमा पनि बंगालदेशले नेपाललाई २-१ ले हराएको थियो। यो खेल भारतमा भएको थियो। उमेर समूहमा भने नेपालको बंगलादेशसँग लगातार तेस्रो हार हो।

# बागमतीको दोस्रो जितमा सन्दीपको उत्कृष्ट प्रदर्शन

**नयाँ पत्रिका**

कप्तान तथा लेग स्पिनर सन्दीप लामिछानेले सात विकेट लिएपछि बागमती प्रदेशले प्रधानमन्त्री (पिएम)कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा दोस्रो जित निकालेको छ। जनकपुरस्थित रामजानकी क्रिकेट मैदानमा बागमतीले कर्णालीलाई ६० रनले हराएको हो।

बुधबार टस हारेर ब्याटिङ गरेको बागमतीले ३८.४ ओभरमा सबै विकेट गुमाएर १८० रन बनाएको थियो। प्रत्युत्तरमा सन्दीपको धारिलो बलिङ सामना गर्न नसक्दा कर्णाली २५.१ ओभरमा १२० रनमै समेटियो। पाँचौं खेलमा दोस्रो जित निकालेको बागमती ४ अंकसहित छैटौं स्थानमा उक्लिएको छ। कर्णाली समान खेलमा ३ अंकसहित आठौं स्थानमा छ।

सन्दीपले म्याच विनिङ प्रदर्शन गर्दा ९.१ ओभरमा ४० रन खर्चेर सात विकेट लिए। उनी प्रधानमन्त्री कपको एकै इनिङ्समा सात विकेट लिने पहिलो खेलाडी बने। यसअघि सुदूरपश्चिमका हेमन्त धामीले ६ विकेट लिएका थिए। सन्दीपले नौमध्ये सात ओभर बलिङ गर्दा एक-एक विकेट हात पारेका थिए। उनले ९.१ ओभरमा पहिलो तथा २५.१ ओभरमा सातौं विकेट लिए। ९.१ ओभरमा उनले निश्चल रावल, ११.४ ओभरमा सुनील धमला, १५.२ ओभरमा अर्जुन घर्तीको विकेट लिए।

त्यसपछि सन्दीपले १७.२ ओभरमा दीपेन्द्र रावत, १९.२ ओभरमा विपिन शाही, २३.३ ओभरमा दिनेश अधिकारीको विकेट लिए। २५.१ ओभरमा कर्णालीको अन्तिम तथा व्यक्तिगत सातौं कीर्तिमानी विकेटका रूपमा उनले दिवान पुनलाई आउट पारे। कर्णालीका निश्चल रावलले सर्वाधिक ३१ रन बनाए। उनले ४२ बलमा पाँच चौका हिर्काएका थिए।

कर्णालीविरुद्ध सात विकेट लिएका बागमतीका कप्तान सन्दीप लामिछाने प्रधानमन्त्री कपको एकै इनिङ्समा धेरै विकेट लिने पहिलो बलर

यसअघि पहिलो इनिङ्समा बागमतीका लागि विवेक रानामगरले सर्वाधिक ५६ रन बनाए। छैटौं नम्बरमा आएका उनले ८० बलमा दुई चौका र चार छक्का हिर्काएका थिए। ईशान पाण्डे २२, शुभ कंसाकार २२ तथा शुभम तिवारीले १८ रनको योगदान दिए। कर्णालीका लागि कप्तान दिवान पुनले तीन तथा प्रकाश जैशी, दीपेन्द्र रावत र निश्चल रावलले समान दुई विकेट लिएका थिए।

## लुम्बिनीले एपिएफलाई हरायो

लुम्बिनीले विभागीय टोली एपिएफ क्लबलाई सुपर ओभरमा निराश बनायो। जनकपुरस्थित रामजानकी क्रिकेट मैदानमा सम्पन्न खेलमा एपिएफ र लुम्बिनीले समान १२४ रन बनाएपछि खेल टाई भएको थियो। सुपर ओभरमा लुम्बिनीले एपिएफलाई स्तब्ध बनायो। प्रधानमन्त्री कपमा लुम्बिनीले पहिलोपटक एपिएफलाई हराएको हो। पिएम कपमा पहिलोपटक सुपर ओभरको खेल भएको थियो। टस जितेर ब्याटिङ गरेको एपिएफ ३९.४ ओभरमा १२४ रनमा अलआउट भयो। लुम्बिनीले पनि ३४ ओभरमा सबै विकेट गुमाएर १२४ रन नै बनाएपछि खेल सुपर ओभरमा पुगेको हो। लुम्बिनीका कप्तान देव खनालले सर्वाधिक ४५ रन बनाए। उनले ६४ बल सामना गर्दै पाँच चौका प्रहार गरे। आकाश त्रिपाठीले ३५ बलमा ३२ रनको योगदान दिए। एपिएफका लागि कप्तान रोहितकुमार पोडेलले तीन विकेट हात पारे।

एपिएफका अभिषेक गौतम, युवराज खत्री तथा भुवन कार्कीले समान दुई विकेट लिएका थिए। सुपर ओभरमा पहिले ब्याटिङ गरेको लुम्बिनीले ६ बलमा एक विकेट गुमाएर १४ रन बनायो। एपिएफले ६ बलमा एक विकेट गुमाएर ६ रन मात्र बनायो। एपिएफका लोकेस बम डकआउट भए। कप्तान रोहितले ५ तथा सन्दीप जोराले १ रन मात्रै जोडेका थिए। सुपर ओभरमा लुम्बिनीका सन्तोष यादवले सानदार बलिङ गरेका थिए।



# इटाली लगातार तेस्रोपटक विश्वकप छनोटमै सीमित



चारपटकको विश्वविजेता इटालीले सन् २०१४ यता फिफा विश्वकपमा स्थान बनाउन सकेको छैन

**एजेन्सी**

चारपटकको विजेता इटाली बोस्निया हर्जगोभिनासँग पेनाल्टी सुटआउटमा पराजित भएपछि आगामी जुन-जुलाईमा हुने फिफा विश्वकप फुटबल प्रतियोगिताबाट बाहिरिएको छ। फुटबल इतिहासमा विश्व च्याम्पियन टोली लगातार तीनपटक विश्वकपमा छनोट नभएको पहिलोपटक हो। सन् २०१४ मा ब्राजिल विश्वकपपछि इटाली २०१८ (रुस) र २०२२ (कतार) संस्करणमा समेत छनोट भएको थिएन।

बोस्निया हर्जगोभिना भने दोस्रोपटक विश्वकपमा छनोट भएको छ। ४० वर्षीय कप्तान एडिन जेको टोलीलाई ऐतिहासिक सफलता दिलाउन सफल भए। बोस्नियाले अब विश्वकपको समूह 'बी'मा क्यानडा, कतार र स्विट्जरल्यान्डसँग प्रतिस्पर्धा गर्नेछ। हारपछि इटालीका प्रशिक्षक जेन्नारो गाटुसो भावुक देखिए। 'यो हार सामान्य होइन। अन्तिम नतिजा हेरेपछि मेरो मुटु दुख्यो,' गाटुसोले भने, 'इटालीको जित चाहेका थियौं, हामीले कसैलाई सुख दिन सकेनौं। यसका लागि सबैसँग माफी माग्दछु।'

इटालियन फुटबल महासंघका अध्यक्ष ग्याब्रिएल ग्राभिनाले यसलाई इटालियन फुटबलको गहिरो संकट भनेका छन्। अध्यक्ष ग्राभिनाले प्रशिक्षकलाई पदबाट राजीनामा नदिन आग्रह गरेका छन्।

सन् २००६ मा विश्वकप जितेयता इटालीको प्रदर्शन लगातार खस्किएको छ। सन् २०१० र २०१४ को विश्वकपमा इटाली समूह चरणबाटै बाहिरिएको थियो। युरो २०२० को उपाधि जिते पनि इटालीले विश्वकप छनोटमा कमजोर प्रदर्शन गरिरहेको छ।

विश्वकप इतिहासमा साबिक विजेता बाहिरिएको रेकर्ड छ। सन् १९७० को विश्वकप विजेता अर्जेन्टिना अर्को संस्करणमा छनोट भएन। यसैगरी सन् १९६६ मा पहिलोपटक विश्व च्याम्पियन बनेको इंग्ल्यान्ड सन् १९७० को विश्वकपमा पुगेन। सन् १९७४ र ७८ को विश्वकप फाइनलिस्ट नेदरल्यान्ड्स सन् १९८२ को विश्वकपको छनोट चरणमै सीमित भएको थियो।

## ■ ५२ वर्षपछि कंगो छनोट



डेमोक्रेटिक रिपब्लिक अफ कंगो ५२ वर्षपछि विश्वकप फुटबलमा छनोट भएको छ। मेक्सिकोको ग्वाडालाजारा रंगशालामा बुधबार अन्तरमहादेशीय प्लेअफ फाइनलमा जमैकालाई १-० ले हराउँदै कंगोले विश्वकप खेल्ने सपना पूरा गरेको हो। ९० मिनेटको खेल गोलरहित बराबरीमा सकिएपछि खेल अतिरिक्त समयमा धकेलियो। खेलको सय मिनेटमा डिफेन्डर एक्सेल टुआन्जेबेले निर्णायक गोल गर्दै कंगोको विश्वकप यात्रा पक्का पारे। कर्नरबाट आएको बल जमैकाका डिफेन्डरलाई लाग्दै टुआन्जेबेको शरीरमा ठोक्किएर गोल भएको थियो। भिडियो असिस्टेन्ट रेफ्रीले ह्यान्डबल नभएको पुष्टि गरेपछि कंगोले जितको खुसी मनाएको थियो।

कंगोले अन्तिमपटक सन् १९७४ मा विश्वकप खेलेको थियो। त्यसबेला कंगोलाई जायर भनिएको थियो। पहिलोपटकको सहभागितामा कंगोले युगोस्लाभियासँग ९-० को लज्जास्पद हारको सामना गऱ्यो। विश्वकप २०२६ मा कंगो समूह 'के'मा रहनेछ। उसले पोर्चुगल, कोलम्बिया र उज्बेकिस्तानसँग प्रतिस्पर्धा गर्नेछ। 'कंगोका समर्थकका लागि यो एक नयाँ युगको सुरुवात हो, जहाँ उनीहरूको नयाँ पुस्ताले पहिलोपटक आफ्नो देशलाई विश्वको सबैभन्दा ठुलो मञ्चमा खेल्दै गरेको देख्न पाउनेछन्,' निर्णायक गोल गरेका एक्सेलले भने।

# दिल्ली ६ विकेटले विजयी

**एजेन्सी** / दिल्ली क्यापिटल्सले १९औं इन्डियन प्रिमियर लिग (आइपिएल) मा बुधबार लखनउ सुपर जायन्टलाई ६ विकेटले पराजित गरेको छ। पहिलो ब्याटिङ गरेको लखनउले १८.४ ओभरमा सबै विकेट गुमाएर १४१ रनको मध्यम योगफल खडा गरेको थियो। दिल्लीका लुन्गी र नटराजन समान तीन विकेट लिएका थिए। लखउनको ब्याटिङमा मिचेल मार्सले ३५ र अब्दुल सामादले ३६ रनको योगदान दिएका थिए।

प्रत्युत्तरमा दिल्लीले १७.१ ओभरमा चार विकेटको क्षतिमा १४५ रन बनाउँदै आफ्नो पहिलो खेलमा सानदार जित निकाल्यो। दिल्लीको सुरुवात खराब रह्यो। इनिङ्सका ४.३ ओभरमा दिल्लीले चार विकेट गुमाउँदा २६ रन बनाएको थियो। दिल्लीका लागि समीर रिज्भी र ट्रिस्टनले पाँचौं विकेटका लागि ७६ बलमा ११९ रनको साझेदारी गर्दै जित दिलाए। समीरले ४७ बलमा चार छक्का र पाँच चौका प्रहार गरी ७० रन जोडे। ट्रिस्टनले ३२ बलमा ३९ रन बनाए।



# स्पोर्टस् अवार्डको तयारी पूरा

**काठमाडौं** / नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ (एनएनआईपिए)को आयोजनामा हुने २०औं एनएनआईपिए स्पोर्टस् अवार्ड, २०८२ को तयारी पूरा भएको छ। स्थानीय आयोजक बनेपा नगरपालिकाका मेयर शान्तिरत्न शाक्यले अवार्डमा सहभागी हुने सबैको स्वागतका लागि तयार रहेको बताउँदै अवार्ड आयोजना गर्ने अवसर दिएकोमा खेलाडी संघलाई धन्यवाद दिए। अवार्डमा २६ खेलका त्यत्ति नै संख्यामा खेलाडीलाई पुरस्कृत गरिने गोथेले बताए। फुटबल, एथलेटिक्स, ह्यान्डबल, गल्फ, उसु, भारोत्तोलन, जुडो, ब्याडमिन्टन, आर्चरी, फेन्सिङ, ट्रायथलन, पौडी, कुस्ती, बास्केटबल, कबड्डी, करौंते, भलिबल, तेक्वान्दो, जिम्न्यास्टिक, लनटेनिस, हक्की, टेबुलटेनिस, बक्सिङ, स्की, क्यानोइङ र साइक्लिङ खेलका खेलाडीलाई जनही १५ हजार नगदसहित पुरस्कृत गरिनेछ।


**Nepal Automobile Importers and Manufacturers Association (NAIMA)**

SAN Complex-1st, Floor, Kamalpokhari, Kathmandu, Nepal | Contact No. : +977-01-4534079 | Email : info@naimanepal.org | www.naimanepal.org

**सवारी तथा दुवानी साधन आयात गर्ने कम्पनीको अधिकतम खुद्र मूल्य (MRP) सूची**

**MAXIMUM RETAIL PRICE (MRP) LIST OF VEHICLE AND TRANSPORT IMPORTER COMPANIES**

Distributor's Name : **JAGDAMBA MOTORS PVT. LTD.**

Address : Naxal, Kathmandu | Contact Number : 01-4523733

Exim Code : 3045671400132NP | VAT No : 304567140

JAGDAMBA MOTORS TVS

| S. N. | Vehicle Details | Shape/Size | Brand | Model | Motor Capacity | Battery Capacity | Country of Origin | Unit | Per Unit Cost | (MRP in NPR) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farizon SV9 | 4 Wheeler-EV | FARIZON | Farizon SV9 (6m 16 Seater High Roof MiniBus) | 170 KW | 82.883 KWH | CHINA | 1 | 7,200,000.00 | 7,200,000.00 |
| 2 | 5.4 M EV Mini Bus | 4 Wheeler-EV | Cherry & Wanda | 5.4 M EV Mini Bus (Model: WD 6552BEV02) Seat:16 | 80 KW | 53.00 KWH | CHINA | 1 | 6,200,000.00 | 6,200,000.00 |
| 3 | 4.8 M EV Micro Bus | 4 Wheeler-EV | Cherry & Wanda | 4.8 M EV Micro Bus (Model: WD 6480BEV03) Seat:11 | 70 KW | 41.86 KWH | CHINA | 1 | 4,550,000.00 | 4,550,000.00 |
| 4 | 5.4 M EV Micro Bus | 4 Wheeler-EV | Cherry & Wanda | 5.2 M EV Micro Bus (Model: WD 6520BEV04) Seat:14 | 70 KW | 41.86 KWH | CHINA | 1 | 4,800,000.00 | 4,800,000.00 |



**Tripurasundari Rural Municipality**

**Office of The Rural Municipality Executive**

**Salyantar, Dhading**

**Bagmati Province, Nepal**

**Invitation for Bids**

**Date of Publication: April-02, 2026**

Tripurasudati Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the following construction projects under National Competitive Bidding-Single Stage-Single Envelope Procedure.

| S.N. | Contract ID | Name of Projects | Tender Fee | Bid Security | Estimated Amount (Inc. VAT & P.S.) |
|---|---|---|---|---|---|
| 1. | TRM/DHADING/ WORKS/NCB-14/2082/083 | Achanetar Brihat Khanepani Aayojana, Tripurasundari-7, Dhading | 3000/- | 1,85,000/- | 67,23,527.37 |

Bidders may obtain further information at PPMO website www.bolpatra.gov.np/egp.and Under the Name of Public Entity as "Tripurasundari Rural Municipality Office, Dhading."

**Mahesh Kumar Mishra**
**Chief Administrative Officer**


नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com